
ईश्वरले विश्वास गर्नुभएका व्यक्तिहरू



# अडनैरम जड्सन

## परमप्रभुको लागि बर्मा जित्ने मानिस

THE MEN WHOM GOD TRUSTED



# अडनैरम जड्सन

(सन् १७८८ -  सन् १८५०)

# Adoniram Judson

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे - ९, सिन्धुपाल्चोक,**
**नेपाल**
Visit us @ www.togmission.com
email: togmission@gmail.com

पहिलो प्रकाशन : वि.सं. २०८० (२०२३ A.D.)
अनुवादक : के.एम.दास
टाइपिङ्ग : सहदेव श्रेष्ठ

The images featured in this book were utilized with the kind permission of Vision Video.

www.togmission.com

All our books are freely available for download on our website.

The contents of this book can be used only for non-commercial purposes.
© All rights reserved.

# विषय सूची


| विषय | पृष्ठ |
| --- | --- |
| १. बाल्यकाल र उद्धार | ५ |
| २. मिसनरी सेवाको लागि जीवन अर्पण | ११ |
| ३. बर्मातिरको यात्रा | १४ |
| ४. बर्मा र बुद्ध धर्म | १९ |
| ५. रङ्गुनमा | २१ |
| ६. रङ्गुनमा भाग - २ | ३२ |
| ७. आवा र अउङ-पेन-लमा बिताएका समयहरू | ४१ |
| ८. एमहर्स्टमा बिताएका समयहरू | ४६ |
| ९. मौलमेनमा बिताएका समयहरू | ५२ |
| १०. मौलमेनमा बिताएका थप समयहरू | ६२ |
| ११. अमेरिकाको भ्रमण | ६९ |
| १२. अन्तिम समयहरू | ७४ |
| १३. मृत्युपछिको प्रभाव | ८० |

# धन्यवाद

जे जति असल कुराहरू गरिएका छन् ती सबै उहाँकै ज्ञान र सामर्थ्यले गरिएका हुन्, र जे जति असल परिणामहरू यसबाट आउँछ ती सबै उहाँकै आत्मा र अनुग्रहले नै हुने छन्। सबै धन्यवाद र महिमा उहाँलाई नै चढाउँछौँ।

# Bibliography (सन्दर्भ सामग्री)


Adoniram Judson: A Biography

by his son Edward Judson

# अध्याय - १

# बाल्यकाल र उद्धार

श्रीमान् अडनैरम जड्सन सन् १७८८ अगस्ट ९ तारिख अडनैरम र अबिगएल ब्राउनको बिचमा अमेरिकाको मालडेन भन्ने ठाउँमा जन्मिनुभयो। उहाँको बुवा कंग्रिगेसनल मण्डलीको एल्डर हुनुहुन्थ्यो। उहाँ तीन वर्षको हुँदा नै उहाँकी आमाले उहाँलाई पढ्न सिकाउनुभयो। एक दिन उहाँको बुवा एउटा यात्रामा गएर फर्केर आउँदा उहाँलाई उहाँकी आमाले चाहे जसरी नै बुवालाई चकित पार्ने गरी बाइबलको एक अध्याय पूरैलाई तीन वर्षको उमेरमा पढेर सुनाउनुभयो।

उहाँको बुवा एउटा इमानदार इसाई हुनुहुन्थ्यो र उहाँको ख्रीष्टिय जीवन सधैँ एकनास हुन्थ्यो। घरका कुराहरूमा पनि एल्डर अडनैरम धेरै कडा र अनुशासित व्यक्ति हुनुहुन्थ्यो। जड्सन साढे चार वर्षको हुँदा उहाँकी बहिनी अबिगएल ब्राउन जड्सन जन्मिन्, जो उहाँको बाल्यकालको साथी मात्र नभएर जीवनभरिको लागि सबै परिस्थितिमा भरोसाको योग्य व्यक्ति बन्नुभएको थियो।

सन् १७९३ मा अडनैरमको परिवार मालडेनबाट बेन्हममा बसाइँ सऱ्यो। यहाँ रहँदा जड्सनको भाइ एलनेइथन जन्मिनुभयो, जसले पछिको समयमा अमेरिकी जल–सेनामा शल्य–चिकित्सकको रूपमा काम गर्नुभयो।

अडनैरम जड्सन बाह्र वर्ष पुग्नुभन्दा अगि नै उहाँको बुवालाई भेट्न गएकाहरूले प्रकाशको किताबको बारेमा लेखिएको एउटा नयाँ टिप्पणीको बारेमा बातचित गरेको सुन्नुभयो। जड्सनलाई पहिलेदेखि नै बाइबलका पुस्तकहरूमध्ये मन पर्ने पुस्तक प्रकाशको पुस्तक थियो। उहाँले त्यसको बारेमा बुझ्नको लागि आफ्नो बुवासँग भएका टिप्पणीहरूलाई

खोजिसक्नुभएको थियो। यो नयाँ टिप्पणी उहाँहरूको छिमेकी एक जनासँग थियो; सुरुमा लजाए तापनि अन्तमा त्यो व्यक्तिलाई भेटेर त्यो टिप्पणीलाई केही समयको लागि माग्ने निर्णयमा आउनुभयो। उहाँ त्यो व्यक्तिको घरमा पुग्दा जड्सनको बिन्तीलाई त्यो व्यक्तिले कडासँग इन्कार गर्नुभयो। उहाँ यति दुःखित हुनुभयो, कि आफ्नो बुवालाई नभनिरहन सक्नुभएन र बुवाले त्यो कुरा थाहा पाउँदा जड्सनले सोचेको भन्दा बढी उहाँको बुवाले त्यो कुरामा सहानुभूति देखाउनुभयो र जड्सनलाई धेरै किताबहरू किनिदिने प्रतिज्ञा पनि गर्नुभयो, तर त्यो प्रकाशको पुस्तकको टिप्पणी चाहिँ उहाँको उमेरले गर्दा होला, तुरुन्तै किनिदिनुभएन।

जब उहाँ चौध वर्षको हुनुहुन्थ्यो, एउटा गम्भीर रोगले उहाँको पढाइमा बाधा ल्यायो र उहाँलाई अति नै कमजोर तुल्यायो र लामो समयसम्म उहाँ निको हुनु शङ्कास्पद कुरा थियो। उहाँ आफ्नो दैनिक क्रियाकलापमा फर्किन झन्डै एक वर्ष लाग्यो। रोगी हुनुभन्दा अगि उहाँ आफ्नो समयलाई विभिन्न कुराको बारेमा सोच्नुमा बिताउनुहुन्थ्यो, तर रोगबाट निको भइसकेपछि धेरै दिन र रातहरूलाई आफ्नो भविष्यको बारेमा सोच्नुमा बिताउनुभयो। उहाँको योजना प्रायः एउटा सफल व्यक्ति बन्नुपर्छ भन्नु नै थियो; जुनसुकै पेसामा गए तापनि त्यसमा अति उच्च स्थानमा पुग्नुपर्छ भन्ने विचार बोक्नुहुन्थ्यो। केही समय पछि उहाँको सम्पूर्ण चाहनालाई तितो बनाउने एउटा विचार उहाँमा आयो। उदाहरणको लागि आफू मानवीय शक्तिद्वारा पाउन सक्ने स्थानहरूमध्ये उच्च स्थानमा पुग्न सक्यो भने त्यसपछि के गर्ने? के सधैंको लागि त्यो स्थानलाई पक्रिराख्न सकिन्छ त? उहाँले मन पराएका महान् व्यक्तिहरू उहिले नै धुलोमा गइसकेका छन् र अहिले संसारले उहाँहरूलाई प्रशंसा गरेकोमा उहाँहरूलाई के लाभ छ र? आफू पुगेको उच्च स्थानमा आउने सय वर्षसम्म अरू कोही पुग्न नसके तापनि त्यसले आफूलाई के फाइदा ल्याउँछ र? आफ्नो लक्ष्यको शिखरमा हुँदा अलेकजान्डर रुनुभयो भन्ने कुरा अहिले उहाँको लागि अनौठो लागेन र उहाँलाई लाग्यो, कि आफू त्यो ठाउँमा भएको भए पनि रुन्थेँ होला। शिखरमा पुग्ने आफ्नो उद्देश्यको दुष्टतालाई देखेर उहाँ डराउनुभयो र आफ्नो दिमागी ज्वरोले गर्दा यो सबै भएको हो भन्ने विचारद्वारा आफैलाई सान्त्वना दिने प्रयास गर्नुभयो।

एक दिन उहाँको मन धार्मिक कुराहरू खोजी गर्नेतिर फर्क्यो। उहाँले मन पराउने व्यक्तिहरूले पनि गर्नुभएझैँ नष्ट हुने कुराहरूको लागि परिश्रम गरेर सांसारिक कुराहरूमा शिखरमा पुगेका व्यक्तिहरू र परमेश्वरलाई मात्र प्रसन्न पार्नको लागि र आफ्नो सह–मानवको भलाइको लागि परिश्रम गर्ने सुसमाचारका विनम्र सेवकहरू यी दुवैलाई तुलना गरेर हेर्न एउटा विचार आफूलाई थाहा नहुँदा नहुँदा उहाँमा आउन थाल्यो। संसार पक्कै पूर्ण रूपमा गलत छ, त्यसो नभएको भए यसरी आफूलाई इन्कार गरेर सेवा गर्नेहरू त्यसको अगाडि महान् व्यक्तिहरू हुन्थे। तापनि असल मानिसको इज्जत लामो समयको लागि रहन्छ! हो, पक्का हो, तिनको ख्याति तिनी अर्को संसारमा प्रवेश गर्दा तिनको अगि–अगि गुञ्जायमान हुन्छ र यस्तो प्रकारको ख्याति मात्र पछ्याउन र पाउन योग्य छ, किनभने यो एउटा मात्र चिहान माथि विजय पाउँछ। उहाँले आफैले आफैलाई बधाई दिइरहेको बेलामा अचानक उहाँको मनमा, "हामीलाई होइन, हामीलाई होइन, तपाईंकै नामलाई महिमा दिनुहोस्" भन्ने शब्दहरू उहाँको मनमा चम्क्यो। उहाँ अलमल्ल पर्नुभयो। त्यो उहाँको अगाडि बाँकी रहेको अन्तिम महानताको प्रतिनिधिको रूपमा आफूलाई सम्झेकाले होइन, तर आफूले खतरापूर्ण कुराहरू सोचेको र अहिलेसम्म नआएका विचारहरूको बाढी अचानक उहाँमा आएकाले थियो। उहाँ सधैँ सोच्नुहुन्थ्यो र भन्नुहुन्थ्यो, कि आफू साँच्ची नै धार्मिक व्यक्ति बन्न चाहन्छु, तर अहिले उहाँको सम्पूर्ण योजनाहरूको विरोधमा धर्म रहेको जस्तै देखियो, र उहाँले आफ्नै अगाडि पनि स्वीकार गर्न गाह्रो लागेको कुरालाई कतै देखिहाल्छु कि भनी आफ्नो हृदयको भित्रीय विचारलाई हेर्न डराउनुभयो; इसाई बन्न आफूले चाहिरहेको छैन भन्नु नै त्यो भित्रीय विचार थियो। उहाँले सांसारिक लक्ष्यहरूको व्यर्थतालाई पूरै बुझिसक्नुभएको थियो र धार्मिक कुरामा अगाडि बढ्न आफूलाई दिन तयार हुनुहुन्थ्यो, तर उहाँको बुवाले बारम्बार एउटा महान् व्यक्ति उहाँ बन्नुहुन्छ भनी भन्नुहुन्थ्यो र एउटा महान् व्यक्ति बन्ने निर्णयमा उहाँ हुनुहुन्थ्यो।

यतिखेर फ्रान्स देशबाट सुरु भएर फैलिरहेको अविश्वासको छालले जड्सनलाई पनि तान्यो। जड्सनसँग पढिरहेको एक जना साथी थिए, जो सिपालु, बुद्धिमान् र मित्रताको स्वभाव भएको व्यक्ति थिए, तर उनी एउटा

डेइसम सिद्धान्तलाई (संसारको सृष्टिकर्ता हुनुहुन्छ, तर उहाँले संसारको सबै कुरालाई प्राकृतिक नियममा बाँधेर चल्न दिएर छोड्नुभयो भनी मान्ने सिद्धान्त) पछ्याउने व्यक्ति थिए, जसको नाम इम्स (Eames) थियो। एउटा बलियो मित्रता जड्सन र इम्सको बिचमा सुरु भयो, अन्तमा जड्सन पनि आफ्नो साथी जसरी नै अविश्वास गर्न पुग्नुभयो।

विद्यालय बन्द हुने बित्तिकै अमेरिकाको उत्तरीय प्रान्तहरूलाई हेर्नको लागि उहाँले प्लाइमाउथबाट यात्रा सुरु गर्नुभयो। केही प्रान्तहरूमा घुमिसकेपछि आफ्नो बुवाले दिएको घोडालाई शेफ्फिल्डमा रहेको आफ्नो काकाको घरमा छोडेर अलबानीतिर जानुभयो, र त्यहाँबाट न्यु योर्कमा पुग्नुभयो। यसको बिचमा आफ्नो मनको अवस्थाको बारेमा आफ्ना आमा-बुवालाई बताउनुभयो। बुवाको कठोरतालाई सामना गर्नु परे तापनि विवादमा उहाँका कुराहरूभन्दा आफ्नो कुरा ठिक छ भनी ठान्नुभयो, तर छोरा, जसको लागि परिवारबाट धेरै बलिदान भएको थियो, ऊ विनाशको बाटोतिर फर्केको देखेर आमाले बगाउने आँसु र तिनको चेतावनीलाई विरोध गर्न सक्नुभएन। ती कुराहरूले उहाँ जहाँ गए तापनि उहाँलाई पछ्याए। उहाँ आफूले एकपल्ट तुच्छ ठानेको जीवनको सिमानामा आइपुग्नुभएको थियो। उहाँले सोच्नुभयो, "म खतरामा छैनँ - म संसारलाई हेर्न गइरहेको मात्र हुँ - त्यसको अँध्यारो पक्ष साथसाथै त्यसको उज्यालो पक्ष दुवैलाई; र कुनै तुच्छ काम अथवा खतरापूर्ण काममा सहभागी हुन नसक्ने गरी ममा आत्मसम्मान छ।"

न्यु योर्कमा आफूले हेर्न चाहेका ठाउँहरूमा घुमिसकेपछि आफ्नो काका रेभ. एफ्राइम जड्सनको घरमा छोडेको घोडालाई लिनको लागि त्यहाँ आउँदा उहाँको काका त्यहाँ हुनुहुन्न थियो। जड्सनले त्यहाँ एउटा भक्ति गर्ने जवान मानिसलाई भेट्नुभयो, जससँगको बातचितले जड्सनको हृदयलाई गहिरो रूपमा प्रभाव पार्‍यो।

त्यहाँबाट छुटेको जड्सन गाउँतिरको एउटा पौवामा रात बिताउन जानुभयो। पौवाको मालिकले उहाँलाई एउटा मरिरहेको जवान मानिस बसेको कोठासँग जोडिएको कोठामा राख्न आफू बाध्य भएको कुरा बताउनुभयो, र

अप्ठ्यारो नमानिदिन बिन्ती गर्नुभयो। मरिरहेको मानिसप्रति लाग्ने सहानुभूति बाहेक अरू केही समस्या छैन भनी जड्सनले जवाफ दिनुभयो। यद्यपि त्यो रात उहाँको लागि विश्राम लिन नसक्ने रात बन्न पुग्यो। पल्लो कोठाबाट बिरामीलाई हेरचाह गरिरहेका मानिसहरू आवतजावत गर्दाका आवाजहरू र कोही बेला बिरामीका सुस्केराहरू सुनिन्थ्यो; तर जड्सनलाई अशान्त बनाएको यी कुराहरू थिएनन्। उहाँले पौवाको मालिकले भन्नुभएका कुरालाई सम्झनुभयो र सोच्नुभयो, के त्यो मरिरहेको मानिस तयार भएको थियो त? एकलै त्यो अन्धकारमय रातमा त्यो प्रश्नले उहाँको हृदयमा ठुलो सर्म ल्यायो, किनभने त्यसले उहाँले अहिले पछ्याइरहेको सिद्धान्तमा आफू कति कमजोर छु भनी देखायो। यस्तो प्रकारको आफ्नो कमजोरीपनलाई आफ्नो साथी इम्सले देख्यो भने के भन्छ होला? एकदम चतुर र बुद्धिमान् इम्सले आफू यस्तो बच्चाले जस्तो सोचेको कुरालाई थाहा पाउँदा के भन्छ होला? तर पनि जड्सनका सोचहरू रोगी मानिसमाथि नै फर्केर गयो। त्यो मरिरहेको मानिस महिमित अनन्त जीवनमाथिको आशाले शान्त र बलियो भएको इसाई हो कि अथवा अज्ञात भविष्यलाई सामना गर्दै अन्धकारको सिमानामा भएको मानिस हो? हुन सक्छ, त्यो मानिस इसाई अभिभावकहरूद्वारा शिक्षा पाएको र इसाई आमाद्वारा प्रार्थना पाएको स्वतन्त्र विचार भएको मानिस होला। पौवा मालिकले त्यो मानिसको बारेमा बताउँदा जवान मानिस भन्नुभएकाले जड्सनको कल्पनाले आफूलाई त्यो ओछ्यानमा राखेर हेर्न पुऱ्यायो; त्यसलाई हटाउन जति प्रयास गर्नुभए तापनि सक्नुभएन। अन्तमा बिहान भयो, र कोठाभित्र बगी आएको ज्योतिले उहाँको सबै अन्धविश्वासको कल्पनालाई हटायो। उठ्ने बित्तिकै उहाँले पौवाको मालिकलाई खोजेर गएर त्यो रोगी मानिसको बारेमा सोधपुछ गर्नुभयो।

"उनी मरिसक्यो," भनी पौवा मालिकले जवाफ दिनुभयो।

"मऱ्यो?"

"हो; उनी गए – दयनीय मानिस! चिकित्सकले उनले रात काट्दैन होला भनी भन्नुभएको थियो।"

"ऊ को हो भनी तपाईंलाई थाहा छ?"

“ए हो; त्यो जवान मानिस रोडे आइल्यान्ड कलेजमा पढेको असल मानिस हो; उसको नाम इम्स थियो।”

जड्सन पूर्ण रूपमा स्तब्ध हुनुभयो। केही घण्टाहरू पछि उहाँले आफ्नो यात्रालाई अगाडि बढाउन प्रयास गर्नुभयो। तर यो घटनाले उहाँको दिमागलाई भरिदियो, र मऱ्यो! गुम्यो! गुम्यो! भन्ने शब्दहरू उहाँका कानहरूमा लगातार गुन्जिरह्यो। उहाँलाई बाइबल धर्मशास्त्रले बताएको धर्म सत्य हो भनी थाहा थियो; त्यसको सत्यलाई अनुभव गर्नुभयो, र आशाहीन अवस्थामा हुनुहुन्थ्यो। मनको यो अवस्थामा उहाँले यात्रा गर्ने आफ्नो योजनालाई त्यागिदिने निर्णय गर्नुभयो, र आफ्नो घोडालाई प्लाइमाउथतिर फर्काउनुभयो।



**घोडसवार गर्दै जड्सन**

सन् १८०८ को सेप्टेम्बर महिना प्लाइमाउथमा आइपुग्नुभयो, र त्यही सालको अक्टोबर महिना ईश्वरशास्त्र पढ्न एन्डोवरमा भर्ना हुनुभयो। सन् १८०८ को डिसेम्बर २ तारिख आफ्नो जीवनलाई गम्भीरता साथ परमेश्वरको हातमा अर्पण गर्नुभयो, र सन् १८०९ को मे २८ तारिख एक्काइस वर्षको उमेरमा प्लाइमाउथमा रहेको थर्ड कंग्रिगेसनल चर्चमा आबद्ध हुनुभयो। उहाँ यसरी परिवर्तन हुँदा नै त्यसको साथसाथ आफ्नो जीवनलाई सेवाको लागि पनि अर्पण गर्नुभएको थियो।

## अध्याय - २

# मिसनरी सेवाको लागि जीवन अर्पण

## (सन् १८०९ – १८१२)

सन् १८०९ सेप्टेम्बर महिनामा एक्काइस वर्षको उमेरमा जवान जड्सनले वैदेशिक मिसनसम्बन्धी गम्भीरतापूर्वक सोच्न थाल्नुभयो। उहाँले भर्खरै एन्डोवरमा एक वर्षको पढाइ पूरा गर्नुभएको थियो, र अझै एक वर्षको पढाइ बाँकी नै थियो। यतिखेरको समयमा बेलायतको बृस्टल भन्ने ठाउँमा डा. क्लाउडिएस ब्युकाननले प्रचार गरेको प्रचारको पर्चा जड्सनको हातमा परेको थियो। प्रचारको शीर्षक "पूर्वको तारा" थियो, "किनभने हामीले उहाँको तारा पूर्वमा देख्यौँ र उहाँलाई दण्डवत् गर्न आएका छौँ।" मत्ती २:२ बाट प्रचार गर्नुभएको थियो। यस पदबाट उहाँले पूर्वीय भागहरूमा इसाई धर्मको प्रभावको बारेमा बताएर जर्मनको मिसनरी श्वाट्सको परिश्रमद्वारा भारतमा सुसमाचारीय काममा भइरहेको प्रगतिको बारेमा बताउनुभएको थियो। यो प्रचार जवान जड्सनको हृदयमा आगोको भुङ्ग्रोजस्तै पर्‍यो।

सन् १८१० फेब्रुअरी महिना त्यो प्रचारलाई पढेको छ महिना पछाडि जड्सन अन्यजातिहरूको बिचमा मिसनरी हुने निर्णयमा आउनुभयो। यतिखेरको समयमा विलियम्स कलेजबाट चार जना जवान मानिसहरू, शामूएल जे. मिल्स, जेम्स रिचर्डस, लुथर राइस र गोर्डन हल एन्डोवरमा आइपुगे। कलेजमा हुँदा यी विद्यार्थीहरूले मिलेर मिसनरी सोसाइटी सुरु गरे, र उनीहरू राति नजिकमा भएको परालको कुनिउँमुनि भेला हुने गर्थे। यहाँ यी जवान मानिसहरूले आफूलाई वैदेशिक मिसनको लागि अर्पण गरे, र विश्वको उद्धारको लागि आफ्नो अन्तस्करणदेखिको प्रार्थनालाई परमेश्वरको अगाडि खन्याए। यो ठाउँलाई अमेरिकाको वैदेशिक मिसनहरूको जन्मस्थान पनि भन्न सकिन्छ।

उहाँको बाटोमा धेरै बाधाहरू पनि थिए। उहाँले एउटा रोजगार पाउन

नसकेकाले बाहिर सेवामा जान सक्नुभएको थिएन। ब्राउन विश्वविद्यालयमा एउटा शिक्षकको काम पाउनुभएको थियो, तर त्यसलाई उहाँले इन्कार गर्नुभयो। बास्टनमा नै सबैभन्दा ठुलो मण्डलीमा आफूसँग मिलेर सेवा गर्न रेभ. डा. ग्रीफ्फिनले अनुरोध गर्नुभयो। उहाँकी आमाले पनि, "तिमी घरको नजिकै हुन्छौ" भनी भन्नुभयो, तर जड्सनले, "होइन! म बास्टनमा बस्दिनँ, त्योभन्दा अझै टाढा जानुपरेको छ।" उहाँको बुवाका उद्देश्यहरू सबै नष्ट भयो र उहाँकी आमा र बहिनीले धेरै आँसु बगाए।

यतिखेरको समयमा यी जवान मानिसहरूलाई सेवामा प्रयोग गर्न सक्ने वैदेशिक मिसन संस्थाहरू अमेरिकामा खासै थिएनन्। जड्सनले लन्डन मिसनरी सोसाइटीलाई पत्र लेखेर जवाफको लागि पर्खिरहनुभएको थियो। यही समयमा यी विद्यार्थीहरू सबै मिलेर आफ्नो इच्छालाई आफ्ना शिक्षकहरू र वरिपरिका सेवकहरूलाई बताए। सन् १८१० जुन २५ तारिख शिक्षकहरू र सेवकहरू मिलेर यस कुरामा छलफलको लागि बसे। अन्तमा यस कुरालाई सबै कंग्रिगेसनल मण्डलीहरूका प्रतिनिधिहरूको सभामा छलफलमा लगियो। यसरी यी विद्यार्थीहरूको निर्णयले अमेरिकन बोर्ड अफ कमिसनरस फर फरिन मिसन्स भन्ने संस्थाको स्थापना गर्न पुऱ्यायो।

उति बेलाको समयमा वैदेशिक मिसनमा चासो कम भएकाले यो संस्थाले लन्डन मिसनरी सोसाइटीको सहायताको लागि माग राख्यो, तर त्यो सम्भव नभएपछि आफैले यी जवान मानिसहरूलाई पठाउने निर्णय गरियो; र चार जनालाई सुरुमा छानियो, अडनैरम जड्सन, शामूएल नाट, शामूएल न्युएल र गोर्डन हल। तर जड्सन एकलै जाने कुरा थिएन, किनभने उहाँ कंग्रिगेसनल प्रतिनिधिहरूको सभामा आफ्नो कुरा राख्न सभा भेला हुने ह्यासल टाइनको घरमा जाँदा ह्यासल टाइनकी कान्छी छोरी एन जड्सनका कुराहरू सुनेर उहाँप्रति खिचिनुभयो; यसैले पछि जड्सनसँग उहाँको मगनी भयो।

सुश्री एनले अन्यजातिहरूको बिचमा मिसनरी हुने निर्णय गर्नु एउटा ठुलो निर्णय थियो, किनभने त्यति बेलासम्म कुनै पनि दिदी बहिनीहरू मिसनरीको रूपमा जानुभएको थिएन। धेरै जनाले तिनको यो निर्णयलाई विरोध पनि गरे।

सन् १८१२ फेब्रुअरी ५ तारिख जड्सन र एन ह्यासल टाइनको बिचमा ब्रडफोर्डमा विवाह भयो। दुई दिन अगि मात्र उहाँले प्लाइमाउथमा आफ्ना आमा–बुवाबाट बिदा लिएर हिँड्नुभएको थियो, र उहाँको भाइ एलनेइथन बास्टनसम्म उहाँसँग आउनुभएको थियो। दुवै जना घोडामा यात्रा गर्नुभयो, यतिखेर उहाँको भाइ उद्धार पाउनुभएको थिएन। बाटोमा हुँदा दुवै जनाले एक ठाउँमा रूखहरूको बिचमा घुँडा टेके र जड्सनले आफ्नो भाइको लागि अन्तस्करणदेखि प्रार्थना गर्नुभयो। चार दिन पछि उनीहरू एक–अर्काबाट छुटे र त्यसपछि संसारमा एक–अर्कालाई कहिल्यै भेटेनन्। तर केही वर्षहरू पछि आफ्नो भाइ उद्धार पाएको कुरालाई सुन्ने मौका जड्सनले पाउनुभयो।

विवाहको भोलिपल्ट फेब्रुअरी ६ तारिख सलेम भन्ने ठाउँमा सेवाको लागि अभिषेक गरिनुभयो, र ७ तारिख आफ्नी प्रिय बहिनीबाट बिदा लिनुभयो, र १९ तारिख सलेमबाट आफ्नी श्रीमती साथै श्रीमान् न्युएल र उहाँकी श्रीमतीको साथ कोलकाता जाने जहाजमा यात्रा सुरु गर्नुभयो।



**कोलकातातिरको यात्रामा जड्सनको परिवार**

# अध्याय - ३

# बर्मातिरको यात्रा

## (सन् १८१२ – १८१३)

उहाँहरूले अमेरिकाबाट यात्रा सुरु गरेदेखि चार महिनापछि मात्र आफू पुग्नुपर्ने ठाउँको भूभागलाई देख्ने मौका पाउनुभयो।

भारततिरको यात्रामा हुँदा उहाँले आफू जोडिएको सम्प्रदायलाई पनि बदल्न पुग्नुभयो। उहाँ कंग्रिगेसनल सम्प्रदायको हुनुहुन्थ्यो, उहाँका आमा–बुवा पनि कंग्रिगेसनल सम्प्रदायको नै हुनुहुन्थ्यो, र कंग्रिगेसनल सम्प्रदायले नै उहाँहरूलाई पठाएको थियो। कंग्रिगेसनल मण्डलीमा बच्चाहरूलाई आमा–बुवाको विश्वासलाई आधार मानेर बप्तिस्मा दिने चलन थियो, जुन कुरालाई ब्याप्टिस्टहरूले इन्कार गर्थे। यो कुराको बारेमा उहाँ जहाजमा यात्रा गर्दा धेरै अध्ययन गर्नुभयो र सोच्नुभयो, अन्तमा बाइबल धर्मशास्त्र उहाँहरूको पक्षमा भएको देखेर ब्याप्टिस्टहरूले बताएको कुरा ठिक छ भन्ने ठाउँमा आउनुभयो।

धेरै लडन्त पछि मात्रै आफूले बाल्यकालदेखि नै पछ्याउँदै आएका सम्प्रदायहरूका बन्धनहरूबाट उहाँले छुटकारा पाउनुभयो। यो निर्णयले आफ्नो आमा–बुवामा ल्याउन सक्ने दुःख र आफूले जुन साथीहरूको साथ यो यात्रा सुरु गर्नुभएको थियो उहाँहरूबाट छुटिनुपर्ने सम्भावना यी कुराहरूलाई सोचेर हेर्नुभयो। आफ्नी श्रीमतीसँग छलफल गर्दा तिनी सधैँ बच्चाहरूलाई बप्तिस्मा दिनु ठिक हो भनी बताउँथिन्। उहाँलाई थाहा थियो कि आफू र आफ्नी श्रीमती अन्यजातिहरूको बिचमा भोजनको अभावमा बाँच्नुपर्ने छ, किनभने एउटा ब्याप्टिस्ट मिसनरीलाई कसरी अमेरिकन कंग्रिगेसनल संस्थाले सहायता गर्छ होला? पक्कै त्यो चार महिनाको यात्रामा उहाँ र उहाँकी श्रीमतीको छलफल लामो र चिन्ताजनक थियो होला। उहाँ आफ्नो यो परिवर्तनलाई आफ्नो मनमा लुकाइराखेर संस्थासँग मिलेर काम

गर्न सक्नुहुन्थ्यो होला, तर उहाँ त्यस्तो गर्न सक्नुहुन्न थियो, किनभने उहाँ भिडको पछि लाग्ने व्यक्ति हुनुहुन्न थियो।

जुन १७ तारिख चार जना मिसनरीहरू कोलकाता आइपुगे, र डा. विलियम केरीले उहाँहरूलाई असल तरिकाले स्वागत गर्नुभयो। यहाँ उहाँहरू चार जना मिसनरीहरूले अर्को चार जना अमेरिकन मिसनरीहरू श्रीमान् नट र उहाँकी श्रीमती र श्रीमान् हल र श्रीमान् राइसको आगमनको लागि पर्खिबसे, जसले फिलाडेल्फियाबाट यात्रा सुरु गर्नुभएको थियो। अगस्ट ८ तारिख मात्रै बाँकी चार जना आइपुगे। श्रीमान् राइस अर्को जहाजमा यात्रा गरे तापनि उहाँमा पनि जड्सनमा भएको जस्तै परिवर्तन भयो। जड्सन र उहाँकी श्रीमती दुवैले रेभ. विलियम वार्डद्वारा कोलकातामा नोभेम्बर १ तारिख बप्तिस्मा पाउनुभयो, र श्रीमान् राइसले पनि त्यही दिनमा बप्तिस्मा पाउनुभयो।

ब्याप्टिस्ट बन्नु उहाँहरूको लागि समस्याको सुरुवात मात्र थियो। त्यति बेला भारतलाई शासन गरिरहेको इस्ट इन्डिया कम्पनीले मिसनरीहरूलाई विरोध गर्थ्यो, विशेष अमेरिकी मिसनरीहरूलाई। भारतमा यसरी विदेशी धर्मलाई प्रचार गर्दा स्थानीयहरू रिसाएर सबै गोरो जातिका मानिसहरूको विरोधमा उठ्न सक्छन् भनी तिनीहरू डराउँथे। जड्सनको परिवार र श्रीमान् राइसलाई तुरुन्तै सरकारी कार्यालयमा हाजिर हुने आदेश भयो। उहाँहरू त्यहाँ हाजिर हुँदा तुरुन्तै अमेरिका फर्किने आदेश पाए। उहाँहरूले भारतको अन्य कुनै भागमा रहन अनुमति मागे, तर त्यो अस्वीकार भयो। त्यसपछि उहाँहरूले मौरिसस टापुमा जान मिल्छ कि भनी सोधे र त्यो स्विकारियो; तर त्यहाँ जाने एक मात्र जहाजमा दुई जना यात्रीहरूलाई मात्र ठाउँ थियो, र सबैको साझा सल्लाहमा श्रीमान् न्युएल र उहाँकी श्रीमती दुवै जना मौरिसस गए। जड्सनको परिवार र श्रीमान् राइस अर्को जहाजको लागि पर्खिबसे। दुई महिना पछि उहाँहरूलाई बेलायत जाने जहाजमा घर फर्की जाने आदेश भयो। त्यति नै खेर मौरिसस जाने जहाज त्यहाँबाट छुटिन लागेको थियो। त्यसमा जान अनुमति सरकारलाई माग्दा त्यो इन्कार भयो। उहाँहरूले मौरिसस जाने जहाजको कप्तानलाई अनुमतिविना आफूहरूलाई लान मिल्छ कि भनी

सोध्नुभयो, उनले भने, "यो मेरो जहाज हो, तपाईंहरू इच्छुक हुनुहुन्छ भने जान मिल्छ।" राति अँध्यारोमा उहाँहरू त्यो जहाजमा चढ्नुभयो, तर कोलकाताबाट हुग्ली नदी हुँदै समुद्रतिर जहाज जाँदै गर्दा चेकजाँच गर्ने सरकारको टोलीले उहाँहरूलाई जहाजमा भेटायो। उहाँहरू बेलायत जान आदेश पाएका यात्रीहरू भएकाले उहाँहरूलाई जहाजबाट निकालियो। उहाँहरू नदीको किनारमा उभिँदा मौरिसस जाने जहाज उहाँहरूलाई छोडेर आफ्नो यात्रामा अगाडि बढ्यो।

तर तीन चार दिन पछि उहाँले अति नै इच्छा गरेको मौरिसस जान चाहेको अनुमति-पत्र एउटा चिठीमार्फत आयो। कसले यो अनुमति पत्र उहाँहरूको लागि प्राप्त गरिदियो भन्ने कुरा कसैलाई थाहा थिएन, तर उहाँहरूलाई छोडेर हुग्ली नदीहरू हुँदै गइरहेको मौरिसस जाने जहाज समुद्र प्रवेश गरेको हुन सक्छ अथवा उहाँहरू रहेको ठाउँबाट सत्तरी माइल टाढा रहेको सागर टापुमा रोकिरहेको हुन सकिन्छ। आत्तुरीसित उनीहरू आफ्ना सामानहरूलाई तयार गरेर सागर टापुतिर हुग्ली नदी हुँदै यात्रा गरे। भोलिपल्ट बेलुका उहाँहरू त्यहाँ आइपुग्दा मौरिसस जाने जहाजलाई त्यहाँ देख्न पाउँदा अति आनन्दित हुनुभयो। श्रीमती एन जड्सनले त्यो घटनाको बारेमा यसरी भन्नुभयो: "हामीले जहाजलाई देखिरहेका छौँ भन्ने कुरा पक्का हुँदा मैले अनुभव गरेको आनन्दको स्थिति मेरो जीवनमा मैले कहिल्यै अनुभव गरेको थिइनँ।" सन् १८१३ जनवरी १३ मा छ हप्ताको यात्रा पछाडि मौरिससको पोर्ट लुईमा आइपुग्नुभयो।

उहाँहरू त्यहाँ आइपुग्ने बित्तिकै श्रीमान् न्युएलकी श्रीमती ह्यारिएटको निधनको बारेमा सुन्नुभयो। श्रीमती ह्यारिएट यात्रामा हुँदा गर्भवती हुनुहुन्थ्यो, र जहाजमै उहाँको बच्चा जन्म्यो, र जन्मेको बच्चा पाँच दिन बाँचेर बितिहाल्यो, र उहाँहरूले आफ्नो बच्चाको अन्त्येष्टि समुद्रमा नै गरे। मौरिसस आइपुगेको केही दिनभित्र नै सन् १८१२ नोभेम्बर ३० तारिख ह्यारिएटको पनि निधन भयो। यसरी ह्यारिएट मिसन सेवामा अन्य देशमा आएर आफ्नो प्राण त्यागेको पहिलो अमेरिकी मिसनरी हुनुभयो। उहाँ आफ्नो देश छोडेकोमा कहिल्यै पछुताउनुभएन। उहाँ बाँच्नुहुन्न र उहाँको मृत्यु नजिक

छ भनी उहाँलाई चिकित्सकले बताउँदा उहाँले आफ्ना हातहरू माथि उठाएर यसरी भन्नुभयो: "ओहो, स्वर्गीय बुद्धि!"

मृत्यु यति चाँडै नै उहाँहरूको समूहमा प्रवेश गर्दा त्यो सानो बगालको मन कस्तो भएको होला! फेब्रुअरी २४ तारिख न्युएल श्रीलङ्कातिर जानुभयो, र मार्च १५ तारिख श्रीमान् राइस ब्याप्टिस्टहरूको एउटा मिसनरी सभामा प्रचार गर्न अमेरिकातिर जानुभयो; र जड्सनको परिवार मात्र मौरिससमा एकलै रहन पुगे। त्यहाँ उहाँहरू चार महिना रहन बाध्य भए, र त्यहाँ रहेका बेलायती सिपाहीहरूको बिचमा परिश्रम गरे। उहाँहरू दुवै आफ्नो अन्तिम गन्तव्यमा पुग्न ठुलो इच्छुकतासहित पर्खाइमा थिए। जड्सनले लेख्नुभयो, "ओहो, कहिले मेरो घुमफिरको अन्त हुन्छ होला? मेरो आफ्नो भन्न सक्ने सानो ठाउँ मैले कहिले भेटाउँछु होला?" उहाँहरूले अमेरिकाबाट यात्रा सुरु गरेको पन्ध्र महिना भइसक्यो, यद्यपि यत्रो लामो यात्रा पछि पनि उहाँहरू परिश्रम गर्नुपर्ने ठाउँको नजिक पुगेजस्तो उहाँहरूलाई लागिरहेको थिएन। उहाँहरूको गन्तव्य अझै मृगतृष्णा नै थियो।

उहाँहरूले फेरि भारततिरको यात्रा गर्ने निर्णय गर्नुभयो। फुलो पेनाङ्ग टापुमा एउटा मिसनस्थल स्थापना गर्ने विचारमा सन् १८१३ मे ७ तारिख मदरासतिर यात्रा गर्नुभयो। जुन ४ तारिख उहाँहरू मदरास आइपुग्नुभयो, जहाँ उहाँहरूले बेलायती मिसनरी श्रीमान् लौलेसको परिवारबाट असल सत्कार पाउनुभयो। उहाँहरूलाई थाहा थियो, कि उहाँहरू धेरै लामो समय त्यहाँ रहन पाउँदैन, किनभने त्यहाँ बेलायतको शासन चलिरहेको थियो। उहाँहरू आएको कुरा तुरुन्तै त्यहाँका गभर्नरकहाँ पुग्यो, र आफूलाई तुरुन्तै बेलायत पठाउँछ कि भनी उहाँहरू डराउनुभयो। पेनाङ्गतिर जाने जहाजहरू कुनै पनि त्यहाँ थिएन। यात्रा सुरु गर्न लागेको एउटा मात्र जहाज थियो, जुन बर्माको रङ्गुन जाँदै थियो।

जुन २२ तारिख उहाँहरूले बर्मातिरको यात्रा सुरु गर्नुभयो। यात्रामा श्रीमती एन गम्भीर रूपमा अस्वस्थ हुनुभयो, र अब बाँच्दैनन् कि भनी उहाँको श्रीमान् अति दुःखित हुनुभयो। तर यात्रामा मौसमहरू परिवर्तन हुन थाल्दा

उहाँ निको हुनुभयो। तर उहाँहरूलाई अन्य परीक्षाहरूले पर्खिरहेका थिए।

रङ्गुनको नजिकै पुग्दा भविष्यको सफलता असम्भव जस्तै देखिरहेको थियो। उहाँहरू जुलाई १३ तारिख रङ्गुन पुग्नुभयो र विलियम केरीको छोरा फेलिक्स केरीले, जो त्यति बेला त्यहाँ हुनुहुन्न थियो, प्रयोग गरिरहेको ब्याप्टिस्ट मिसन घरलाई जिम्मा लिनुभयो। फेलिक्स फर्केर आउँदा मिसनलाई जड्सनको हातमा जिम्मा दिएर मिसनबाट छुटिनुभयो, र बर्माको राजदूत बन्न पुग्नुभयो।


कंग्रिगेसनल मण्डलीबाट पठाएको जड्सनको परिवार र राइस तीनै जनाले कोलकातामा बप्तिस्मा लिनुभयो भनी सुन्दा अमेरिकामा भएका ब्याप्टिस्टहरू साह्रै रमाए। केही प्रभावकारी ब्याप्टिस्ट सेवकहरू बास्टनमा जम्मा भएर 'ब्याप्टिस्ट सोसाइटी फर प्रपोगेटिङ द गास्पल इन इन्डिया अन अदर फरिन पार्ट्स' भन्ने संस्था स्थापना गरे। उहाँहरूले पनि बेलायतमा भएको ब्याप्टिस्ट मिसनरी सोसाइटीसँग मिलेर काम गर्ने इच्छा व्यक्त गरे, तर त्यो अस्वीकार भएपछि अमेरिकाकै स्रोतमा भर पर्न बाध्य भए।

अमेरिका फर्केका राइस सबै ठाउँमा यात्रा गरेर यी अग्रदूत मिसनरीहरूको अनुभव बताएर सबैको बिचमा उत्साह र चासोलाई बढाउनुभयो। सन् १८१४ मे १८ तारिख अमेरिकाभरिका ब्याप्टिस्ट मण्डलीहरू र मिसनरी संस्थाहरूको सभा भेला भयो, जसमा यी मिसनरीहरूलाई सहायता गर्न एउटा संस्था स्थापना भयो, र जसको कोषमा चार हजार डलर पैसा जम्मा गर्‍यो।

जड्सनको जीवनद्वारा अमेरिकामा रहेको ब्याप्टिस्ट सम्प्रदायमा पनि एउटा असल वृद्धि भयो, किनभने यी मिसनरीहरूलाई सहायता गर्न उहाँहरू एक ठाउँमा भेला हुँदा उहाँहरूका आँखाहरू खोलिए। सन् १८१२ सम्म अमेरिकामा भएका ब्याप्टिस्टहरू छरिएर बसेका कुनै एकता नभएका कमजोर मानिसहरू थिए, तर वैदेशिक मिसनले उहाँहरूलाई एक ठाउँमा ल्यायो। सुतिरहेका अवस्थामा रहेको अमेरिकी ब्याप्टिस्ट सम्प्रदायलाई एउटा झट्काको आवश्यकता थियो, जुनचाहिँ यो वैदेशिक मिसनले दियो।

# अध्याय - ४

# बर्मा र बुद्ध धर्म




बर्मामा तीन वटा मुख्य नदीहरू छन्, जुनचाहिँ इरावती, सिताङ्ग र सालवीन, यी तीन वटै नदीहरूचाहिँ उत्तरीय भागहरूबाट दक्षिणतिर बगेर जान्छन्। बर्मा हिम–शृङ्खलाको फेदमा भएको देश हो, जसले गर्दा देश उच्च पहाडहरू र विशाल वनहरूले भरिएको छ।

जड्सनको परिवार बर्मामा आउँदा त्यहाँको जनसङ्ख्या साठीदेखि असी लाख भित्र थियो। यसमा देशलाई शासन गरिरहेका बर्मीहरूको सङ्ख्या मात्र नभएर, जो बजारहरू र सहरहरूमा बसोबास गर्थे,  गाउँ, जङ्गल र नदीहरूको किनारमा बसोबास गर्ने सान्स, करेन्स र ककेयन्सजस्ता अन्य आधा जङ्गली जातिहरू पनि समावेश छन्, जो बर्मीहरूको शासनमुनि थिए। यी जातिहरूको स्वभाव र भाषा बर्मीहरूको भन्दा फरक छ।

बर्माको माटो आवश्यक पर्ने सबै कुरा उत्पादन गर्न सक्ने गरी अति फलाइलो थियो। केरा, अम्बा, नरिवल, रूख कटहरजस्ता फलफूलहरू पनि

प्रशस्त मात्रामा पाउँथ्यो। हरेक वर्षको बाढी पछाडि ताल, इनार र पोखरीहरू माछाले भरिन्थ्यो। बर्मीहरूले माछा खान्थे, तर अन्य जनावरहरूको मासु त्यो आफै नमरुन्जेल काटेर खाँदैन थिए, किनभने उहाँहरूको बुद्ध धर्मले त्यसलाई अनुमति दिँदैन थियो। तर पनि देशमा ठुलो खालका व्यापारहरू हुँदैन थियो, किनभने देश गरिब हुन सक्छ भन्ने डरले सुन र चाँदी जस्ता बहुमूल्य कुराहरूलाई देशबाट बाहिर लान सरकारले अनुमति दिँदैन थियो। एउटा मात्र ठुलो व्यापार भनेको चाहिँ चीनसँग हुन्थ्यो; चिनियाँहरूले प्रशस्त मात्रामा रेसम ल्याउँथे र त्यसको सट्टामा कपास साटेर लान्थे।

उति बेला बर्मामा राजतन्त्र चल्थ्यो, राजाले देशमा जसमाथि जे पनि गर्न पाउँथ्यो। देशलाई शासन गर्ने दुई जना अधिकृतहरू थिए, तिनीहरू पनि राजाद्वारा नियुक्त भएका हुन्थे।

बर्माको धर्मचाहिँ बुद्ध धर्म थियो। बुद्ध धर्ममा पुनर्जन्म माथि विश्वास गरिन्थ्यो। आत्मा सुरुमा सबैभन्दा सानो जीवनको रूपमा संसारमा प्रवेश गर्छ, र हरेक जुनीमा उसको स्थान बढ्दै माकुरा, सर्प, छेपारो हुँदै धेरै जुनीहरू पछाडि मानिसको जन्म लिन्छ। यति खेर उसको परीक्षा सुरु हुन्छ। मानव हुँदा त्यसले गर्ने व्यवहार अनुसार कि उसको स्थान माथि बढेर देवता र भगवान् हुन पुग्छ अथवा फेरि पनि स्थान घटेर झर्दै–झर्दै फेरि पनि सबैभन्दा तुच्छ जनावरको स्थानमा पुग्छ।

यो विश्वासले उहाँहरूको दैनिक जीवनलाई प्रभाव पारिरहेको हामी देख्न सक्छौँ। एउटा वृद्ध स्त्रीले आफ्नो बढेको छोरा मर्दा उसको आवाज आफ्नो छिमेकीको बाछाको आवाजमा सुनिन्, र त्यसलाई किनेर त्यो बाछा नमरुन्जेल त्यसको पालनपोषण गरिन्। तिनले त्यसलाई आफ्नै छोरा सम्झिन्।

## अध्याय - ५


# रङ्गुनमा

यो जवान मिसनरी यो देशमा आएर ओर्लिंदा आफ्नो अगाडि राख्नुभएको कामलाई हामीले केही समयको लागि विचार गरेर हेर्नु असलै हुन्छ। बर्माको तल्ला भागहरूमा आएर ओर्लेर धान खेतको बिचमा उभिरहेको मिसनरी परिवारले आफ्नो अगाडि मूर्ति पूजकहरूले भरिएको र हरेक पहाडको टुप्पोमा मन्दिर भएका पहाडहरूले भरिएको उत्तरीय भागतिर हेर्दा उहाँहरूले के गर्न सक्नुहुन्छ होला। देशमा हजारौँ वर्षदेखि स्थापित भएको धर्मलाई उखेलेर लाखौँ मानिसहरूको स्वभावलाई एकै चोटि परिवर्तन गर्ने गरी इसाइत्वलाई राष्ट्रिय धर्मको रूपमा ल्याउनु उहाँहरूको इच्छा थिएन। त्यस्तो गर्न खोज्नुभएको भए त्यो एउटा विशाल र कठोर काम हुन्थ्यो। तर उहाँहरू त्यसको सट्टामा हरेक व्यक्तिको मन र विश्वासलाई परिवर्तन गर्नेतिर लाग्नुभयो। लाखौँ बर्मीहरूलाई एक-एक गरी जितेर उहाँहरूको स्वभावमा ख्रीष्टद्वारा परिवर्तन ल्याउनुपरेको थियो। उहाँहरूले पक्का विश्वास गर्नुभयो, कि उहाँहरूको वरिपरि भएका मानिसहरूको बिचमा परमेश्वरको वास्ताद्वारा आँखा खोलिएर पवित्र आत्माद्वारा परिपक्वतामा ल्याएका मानिसहरू पनि छन्, कि क्रूसको कथालाई सुन्दा तिनीहरूले तुरुन्तै स्वीकार गरेर भन्नेछन्, "यही नै मैले खोजेको कुरा।" अन्य धर्मको बन्धनको बिचमा पनि असल मानिसहरू हुन्छन्, जो सुसमाचार सुन्दा ग्रहण गरेर पवित्र आत्माको प्रभावद्वारा ख्रीष्टका असल चेलाहरूको रूपमा तयार हुन्छन्। यही चेलाहरूलाई व्यवस्थित तरिकाले सिकाएर आफ्नो देशमा हराइरहेका अरू प्राणहरूलाई खोज्न पठाउन सकिन्छ। यसरी थोरै-थोरै गरी पूरै साम्राज्यलाई खमिर बनाउन सकिन्छ।

जड्सनले यसरी भन्नुभएन, "यस्तो विशाल सङ्ख्याका मानिसहरूलाई परिवर्तन गर्नु आशाहीन कुरा हो। म साना बच्चाहरूलाई जम्मा गर्नेछु र

विद्यालयहरू स्थापना गर्नेछु र देशको जीवनको मूललाई शुद्ध पार्नेछु।" हुन त उहाँले विद्यालयहरू स्थापना गर्नुभयो, तर वयस्कहरूलाई सुसमाचार सुनाउने कामको तुलनामा विद्यालयका कामहरूले धेरै तल्लो स्थान पाएका थिए। उहाँले बच्चाहरूलाई आमा-बुवाद्वारा ख्रीष्टमा ल्याउने प्रयास गर्नुभयो, र आमा-बुवाहरूलाई बच्चाहरूद्वारा होइन। नयाँ धर्मलाई अँगाल्नुमा आउने सतावटलाई वयस्कहरूले सामना गर्नुपर्छ, तर बच्चाहरूले होइन भनी उहाँले मान्नुहुन्थ्यो। उहाँले प्रेरित किताबमा बताएको तरिकालाई पछ्याउनुभयो। सुसमाचारको प्रचारक भन्ने स्थानबाट तल ओर्लेर एउटा विद्यालयको शिक्षक अथवा विद्यालयको किताब बनाउने व्यक्ति भन्ने ठाउँमा आफूलाई ओर्लिन दिनुभएन।

बर्मीहरूको विवेकमा सुसमाचारको सत्य पुग्ने दुइटा माध्यमहरू मात्र छन्, एउटा आँखा अर्कोचाहिँ कान। बर्मीहरू पढ्नुमा अगाडि थिए र आफ्नो बुद्ध धर्मको धर्म ग्रन्थलाई पढिरहनेहरूको बिचमा सुसमाचार पुऱ्याउन खोज्दा "तिमीहरूको धर्म ग्रन्थ खोइ?" भन्ने प्रश्न पक्कै उठ्ने छ। यसैले जड्सनलाई सुसमाचार पुऱ्याउनको लागि एउटा माध्यमचाहिँ सत्यलाई असल तरिकाले व्याख्या गर्ने पर्चा अथवा बाइबल धर्मशास्त्रका केही भागहरूलाई अनुवाद गर्नु थियो। जड्सन अनुवाद गर्नुभन्दा मौखिक रूपमा प्रचार गर्नुमा अति इच्छुक हुनुहुन्थ्यो। उहाँले लेखेको एउटा पत्रमा यसरी लेख्नुभयो, "म पूर्ण नयाँ करार तयार भएको देख्न अति इच्छुक छु, किनभने मैले मेरो सम्पूर्ण समयलाई दैनिक रूपमा प्रचार गर्न दिन पाउँछु, र यही नै मेरो महत्त्वपूर्ण कर्तव्यजस्तो पनि लाग्छ। परमप्रभुको आत्मा खन्याऊन्!"



सानो एउटा पाटी बनाएपछि जड्सनले त्यहाँ साजा रूपमा प्रचार गर्न थाल्नुभयो। सुरुमा उहाँ एक जनालाई प्रचार गर्न

थाल्नुहुन्छ, एक जनाले जड्सनसँग विवाद गर्न थालेपछि त्यसलाई हेर्न मानिसहरू वरिपरि जम्मा हुन थाल्छन्। जड्सनको प्रचार अकाट्य हुन्थ्यो, उहाँले सधैँ दृष्टान्तहरूद्वारा मानिसहरूलाई बुझाउनुहुन्थ्यो।

उहाँका शब्दहरूको पछाडि एउटा चुम्बकजस्तो तान्ने चरित्र उहाँमा थियो। उहाँमा एउटा बलियो प्रेम थियो, र कुनै खराब उद्देश्यहरू थिएनन्। उहाँ धेरै टाढाबाट आउनुभएको थियो, र धेरै कठिनाइहरू सहनुभएको थियो, किनभने उहाँले बर्मीहरूलाई प्रेम गर्नुभएको थियो, साथै सबै मानिसहरूलाई पनि; बिस्तारै तिनीहरूले यो थाहा पाए।

सुसमाचार प्रचार गर्नुमा उहाँले कठिनाइहरू पनि सामना गर्नुपरेको थियो। नयाँ कुरालाई स्वीकार गर्नुमा पूर्वीय मानिसहरूमा भएको सुस्तता सुरुमा एउटा बलियो अवरोधको रूपमा स्थापित भयो; अर्को कुराचाहिँ व्याकरण वा शब्दकोश वा अङ्ग्रेजी बोल्ने शिक्षकविना भाषा सिक्नु थियो।

तर सबैभन्दा ठुलो कठिनाइचाहिँ सतावटको खतरा थियो। जड्सनले आफूलाई एउटा राजाको अधिराज्यमा भेटाउनुभयो, जहाँ हरेक प्रजाको जीवन त्यो राजाको इच्छामा थियो। नयाँ सत्यलाई अँगाल्ने हरेकलाई थाहा थियो कि यो नयाँ बाटोलाई अँगाल्दा उसले आफ्नो सम्पत्ति जफत हुनु, कैद, यातना वा डरलाग्दो तरिकाले मारिनु भन्ने जोखिमलाई सामना गर्नुपर्ने हुन्छ।

यी सबै कठिनाइहरूको बिचमा पनि र टाढा रहेका आफ्नो देशका दाजुभाइ र दिदीबहिनीहरूले उहाँको यो प्रयासलाई आशाहीन कुराको रूपमा साथै आफूलाई हठी र कट्टरवादीको रूपमा हेर्दै छन् भनी थाहा हुँदाहुँदै पनि उहाँले क्षणिक पनि हरेस खानुभएन। उहाँलाई अरूले अन्यजातिका मानिसहरू छिटो परिवर्तन हुने सम्भावना कति उज्ज्वल छ भनी सोध्दा उहाँले भन्नुहुन्थ्यो, "परमेश्वरको प्रतिज्ञा जति उज्ज्वल छ त्यति छ।"

"कसैले स्थानीयहरूको बिचमा मैले कति सफलता पाइरहेको छु भनी सोधे भने तिनीहरूलाई ताहिती टापुलाई हेर्न भन्नुहोस्, जहाँ मिसनरीहरूले

बीस वर्षको प्रयासको पछाडि पनि अलिकति पनि सफलता हासिल गर्नुभएन। ख्रीष्टियन समुदायले त्यसलाई बेवास्ता गर्न थाल्यो, र मिसन कामहरूको लागि ताहिती भन्ने नाम नै शरमको कुरा बन्न पुग्यो, र अहिले त्यहाँ आशिष्को सुरुवात भएको छ। तिनीहरूलाई बङ्गाललाई हेर्न भन्नुहोस्, जहाँ डा. थोमसले एउटा पनि मानिसको उद्धारविना १७ वर्ष परिश्रम गर्नुभयो, र अन्तमा कृष्ण भन्ने मानिसले उद्धार पाए। थोरै मानिसहरू उद्धार पाएपछि काम अगाडि बढ्न थाल्छ, तर अन्यजाति मानिसहरूलाई प्रभाव पार्न मैले यहाँ बिताएको समयभन्दा अझ बढी समयको आवश्यकता छ। तिनीहरूले अन्तिम सफलताको सम्भावना कति छ भनी सोधे भने तिनीहरूलाई भन्नुहोस्, सर्वशक्तिमान् र विश्वसनीय परमेश्वर, जो आफ्नो प्रतिज्ञालाई पूरा गर्नुहुन्छ, हुनुहुन्छ भन्ने कुरा जतिकै सम्भावना छ। यदि तिनीहरूलाई यो कुराले सन्तुष्टि दिएन भने यहाँ रहेर प्रयास गर्न मलाई छोडिदिन साथै तपाईं आएर हाम्रो भोजनको व्यवस्थापन गर्न आफूलाई पठाउनु भनी तिनीहरूलाई बिन्ती गर्नू; अथवा यदि यस्तो परमेश्वरको वचनद्वारा मात्र थामिएको आशाहीन कुराको रूपमा देखिने कुराको लागि आफ्नो रोटीलाई बाँड्न तिनीहरू तयार भएनन् भने अरूले हामीलाई रोटी दिने कुरामा बाधा नल्याउन बिन्ती गर्नू; यदि हामी कतै अझै बीस तीस वर्ष बाँच्न पायौँ भने तिनीहरूले हामीबाट फेरि सुन्नेछन्।"

केही महिनाहरू पछाडि जड्सनको परिवार ब्याप्टिस्ट मिसन घरबाट सहरभित्र बसाइँ सर्नुभयो। रङ्गुनमा डेढ वर्ष जति बिताएपछि श्रीमती एन जड्सनको स्वास्थ्य मौसमको कारणले धेरै गम्भीर भयो। वरिपरि डाक्टरहरू नभएको हुँदा साथै श्रीमती एनको स्वास्थ्य खतरापूर्ण अवस्थामा भएको देखिसकेपछि उपचारको लागि साथै समुद्रको यात्राले दिने विश्रामको लागि पनि उहाँ मदरासतिर(चेन्नै) यात्रा गर्न बाध्य हुनुभयो। सन् १८१५ जनवरी २५ मा यात्रा सुरु गरेको उहाँ तीन महिनापछि स्वास्थ्यमा राम्रो सुधार भएको अवस्थामा फर्केर आउनुभयो।

श्रीमती एनबाट छुटेर रहन बाध्य भएको जड्सनलाई केही महिनाहरूभित्रै अर्को एउटा दुःखले पनि पछ्यायो। सन् १८१५ सेप्टेम्बर ११ तारिख

उहाँहरूको परिवारमा जन्मेको छोरा, जसलाई उहाँहरूले रोजर विलियम्स भनी नाम राख्नुभएको थियो, सन् १८१६ मे महिनामा सात महिना तेइस दिनको हुँदा बित्यो।

यस पछाडि तीन वर्षको लगातारको अध्ययनले गर्दा जड्सन आफै बिरामी हुनुभयो। यो अस्वस्थका समयहरूमा बर्मी भाषाको व्याकरणमा आफ्नो ज्ञानलाई बढाउँदै स्वस्थ हुनुभयो। आफ्नो जीवन चाँडै अन्त हुन्छ भनी डराएर बर्मी भाषाको आफ्नो अध्ययनलाई लेख्न निर्णय गर्नुभयो। उहाँहरू आएर तीन वर्ष पूरा भएको भोलिपल्ट सन् १८१६ जुलाई १३ तारिख उहाँले आफ्नो लेखलाई, "बर्मी भाषाको व्याकरणका विवरणहरू" भन्ने शीर्षक दिएर पूरा गर्नुभयो।

आफ्नो स्वास्थ्य अलिकति सुध्रिएको हुँदा जड्सनले सन् १८१६ जुलाई ३० तारिख "इतिहास, शिक्षा र सिद्धान्त भन्ने तीन भागमा ख्रीष्टिय धर्मप्रति एक दृष्टिकोण" भन्ने शीर्षकमा आफ्नो पहिलो पर्चा तयार गर्नुभयो। अब यसलाई वृद्धि गराएर बर्मीहरूको बिचमा पठाउनु नै दोस्रो काम थियो। महत्त्वपूर्ण उपहारको रूपमा श्रीरामपुरका ब्याप्टिस्ट दाजुभाइहरू (मिसनरीहरू) ले दिनुभएको छाप्ने यन्त्र र चाहेका बर्मी मुद्राक्षर अलि अघि नै जड्सनकहाँ आइसकेको थियो। छपाइ काम गर्ने मिसनरी रेभ. जियो. एच. हफ र उहाँकी श्रीमती अमेरिकाबाट बर्मातिर यात्रा सुरु गरिसक्नुभएको थियो। श्रीमान् राइस अझै पनि अमेरिकामा भएका ब्याप्टिस्टहरूलाई बर्मी सेवाको लागि चाहेका पैसा र मानिसहरू पठाउन जगाउँदै हुनुहुन्थ्यो।

अन्तमा सहयोग आयो। सन् १८१६ अक्टोबर १५ तारिख श्रीमान् हफ आफ्नो परिवारसँग रङ्गुनमा आउनुभयो, र आइपुग्ने बित्तिकै छपाइको काम तुरुन्तै सुरु गर्नुभयो। माथि बताएको पर्चाका एक हजार प्रतिहरू छापियो, साथै जड्सनले भर्खरै तयार गरेको प्रश्नोत्तर पर्चाका तीन हजार प्रतिहरू छापियो, र यी सबै बर्मीहरूको बिचमा वितरण हुन थालियो। जसरी मछुवाले थुप्रै माछाहरूमध्ये केही माछाहरू मात्र भए पनि पक्रिनुपर्छ भन्ने आशाले आफ्नो लामो तारमा थुप्रै बल्छीहरू राख्छ, त्यसरी नै हाम्रा मिसनरीहरूले

पनि पर्चाहरूलाई बर्मीहरूको बिचमा परिश्रमसहित बाँड्नुभयो, र प्रार्थनासहित परिणामको लागि पर्खिरहनुभयो।

सन् १८१७ मे २० तारिख जड्सनले मत्तीको सुसमाचारलाई अनुवाद गरी सिद्ध्याउनुभयो। पूरै बाइबल धर्मशास्त्रलाई अनुवाद गर्ने भव्य कामको यो पहिलो कदम थियो। दुई दिनपछि उहाँले बर्मी शब्दकोश बनाउने काम सुरु गर्नुभयो। तर बर्मी भाषाको चार वर्षको बोझिलो र ध्यानसितको अध्ययन, पर्चा र धर्मशास्त्रको अनुवाद र व्याकरण र शब्दकोश तयार गर्ने कामहरूले उहाँको स्वास्थ्यलाई गम्भीर रूपमा असर पारिसकेको थियो। उहाँको बल फर्किनको लागि एउटा समुद्री यात्राको आवश्यकता थियो। तर विश्रामको लागि मात्र आवश्यक भएको भए उहाँले आफ्नो परिश्रमबाट केही हप्ताहरू पनि विश्राम लिन मान्नुहुन्न थियो। उहाँ बर्मी भाषामा आराधना सेवा सञ्चालन गर्न हतारिनुभएको थियो। उहाँ बर्मी भाषामा बोल्न, पढ्न, लेख्न सके तापनि साजा सभा सञ्चालन गर्नको लागि एउटा स्थानीय इसाईको सहायताको आवश्यकता परिरहेको थियो।

बर्माको पश्चिम भागमा आरकन पर्वतहरूको शृङ्खला छ; त्यो शृङ्खला र बङ्गालको बिचमा चित्तगोङ जिल्ला थियो, जुन जिल्लालाई बेलायतीहरूको हातमा सुम्पिदिएको थियो, र त्यहाँ ब्याप्टिस्टहरूले मिसन काम सुरु गर्नुभएको थियो। मिसन बन्द हुने बेलामा केही मानिसहरू उद्धार पाएर बप्तिस्मा पनि लिइसक्नुभएको थियो। जड्सनले चित्तगोङ जिल्लामा गएर छरिएर बसेका इसाईहरूलाई जम्मा गराएर शिक्षा दिने र त्यहाँबाट आफूलाई सहायता गर्न रङ्गुनमा ल्याउने योजना गर्नुभयो। यसले उहाँलाई अति नै आवश्यक भइरहेको विश्रामका समयहरूमा केही काम गर्ने मौका पनि दिन्छ। यसको साथसाथै उहाँले एउटै जहाजमा जाने–आउने मौका पनि पाउनुभयो, जसले गर्दा उहाँ तीन महिना मात्र रङ्गुनमा अनुपस्थित हुनुपर्ने हुन्छ। उहाँको यो योजना दुःखदायी र निराशापूर्ण हुन पुग्यो, र यात्राको समय पनि लम्बियो। उहाँको यो यात्रामा उहाँले अनौठो प्रकारका त्रासहरूलाई सामना गर्नुपर्ने भयो।

चित्तगोङतिर यात्रा सुरु गर्नुभयो, जुन यात्रा बढीमा दस बाह्र दिनमा गरिन्थ्यो, यसैले उहाँले केही हप्ताहरूका लागि चाहेका कुराहरूलाई मात्र तयार गरेर यात्रा सुरु गर्नुभएको थियो। उहाँहरू यात्रा सुरु गरेको केही समयभित्र जहाज कुनै पनि किनारमा रोक्न नसक्दा खान्की सिद्धिएर अभाव हुन थाल्दा कुपोषणले सुरु भएको उहाँको आँखा र टाउकोको नसाको समस्या बढ्न थाल्यो। जहाज कोरोमण्डल किनारतिर आउँदा जहाजले विपरीत हावालाई सामना गर्नुपर्ने भयो, र उहाँहरू अति नै अभावको अवस्थामा आइपुग्नुभयो, र सामना गरेका यी कठिनाइहरूले जड्सन अति गम्भीर रूपमा अस्वस्थ हुनुभयो। स्थानीय नाउहरूबाट उहाँहरूले लिएको सुकेको खान्की र थोरै मात्र पानी नै उहाँहरूको चार हप्तासम्मको बाँच्ने आधार थियो। आफ्नो मनको कुरालाई बाँडचुँड गर्नको लागि कोही पनि साथमा नहुँदा र उहाँलाई उत्साह दिन केही नहुँदा, जहाजमा जड्सनले एक्लो अनुभव गर्दै दोहोरिइरहेको एउटै प्रकारका कठिनाइहरूलाई सामना गरिरहनुभएको थियो। दस बाह्र दिनको लागि मात्र तयार गरेको उहाँका लुगाहरू पनि फोहोर भइसकेको थियो, र भोक, फोहोर, पीडा र निराशपनले उहाँ आफ्नो ओछ्यानबाट उठ्न नसक्ने हुनुभयो। अन्तमा ज्वरोले उहाँलाई आक्रमण गर्न थाल्यो। सुकेको खान्कीलाई खान नसकेर उहाँले पानी! पानी! पानी! भनी बिन्ती गर्न थाल्नुभयो, र कहिले पनि उहाँको तिर्खा मेटाउन सक्ने पानी पाउन सक्नुभएन। अन्तमा मसुलीपटमको किनारबाट दुई तीन माइल टाढा जहाज हिलोमा लङ्गर लगाएर अडियो। कप्तानले जड्सनलाई किनारमा जान इच्छुक हुनुहुन्छ कि भनी सोध्न आउनुभयो। आफूहरू किनारको छेउमा छु भनी सुन्दा त्यो उहाँको लागि सपनामा देखिने भ्रमजस्तो लाग्यो, र त्यो कुराले उहाँलाई आशा दिन सकेन। तर कप्तानले त्यो कुरालाई पक्का रूपमा बताएपछि मसुलीपटममा रहेको एउटा अङ्ग्रेजलाई आफू मर्नको लागि किनारमा लगिदिन बिन्ती गर्दै एउटा नोट लेख्नसम्म तयार हुनुभयो। केही समयपछि एक जना मानिस  किनारबाट एउटा नाउ जहाज तर्फ आइरहेको खबर दिन आए। अहिले उहाँ घिस्रिँदै झ्यालसम्म पुगेर बाहिर हेर्नुभयो, र द्रुत गतिमा अगाडि बढिरहेको नाउलाई देख्नुभयो, जसमा रातो ज्याकेट लगाएको एउटा सेनाको मानिस र सेतो ज्याकेट लगाएको अर्को एक जना मानिसलाई

उहाँले छुटाउन सक्नुभयो। आश्चर्यसहित आनन्दको अनुभव हुँदा र अचानक आशा जागिँदा उहाँ घुँडा टेक्नुभयो र भावविभोर भएर रुनुभयो। उहाँका त्यो नयाँ साथीहरू जहाजमा आइपुग्नुभन्दा अगाडि उहाँ आफूलाई केही हदसम्म नियन्त्रण गर्न सक्नुभयो। पछिको समयमा उहाँले भन्नुहुन्थ्यो, "अङ्ग्रेजको सेतो अनुहार मलाई यति सुन्दर कहिल्यै लागेको थिएन। म स्वर्गदूतहरूको अनुहार कस्तो हुन्छ भनी सम्झन्थेँ, त्यसरी चाहिँ मेरो कोठामा ती मानिसहरू आउँदा तिनीहरूको अनुहारलाई देखेँ।"

उहाँहरू जड्सनको दयनीय अवस्थालाई देख्दा अति नै आश्चर्यचकित हुनुभयो। जड्सन अति नै दुब्लो, डारी नकाटेको फोहोरी र आफ्नो शरीरको वजनलाई आफूले थाम्न नसक्ने अवस्थामा हुनुहुन्थ्यो। उहाँहरूको साँचो मित्रतालाई देख्दा उहाँलाई अनौठो लाग्यो। एक जना अधिकृतले उहाँलाई आफ्नै घरमा लगेर आफ्नै लुगा दिनुभयो, र केही समयको लागि उहाँको सुसारको लागि एउटा परिचारिका पनि जुटाउनुभयो, र जड्सन त्यहाँ रहुन्जेल उद्धार चित्तले उहाँलाई वास्ता गर्नुभयो, जुन कुरालाई जड्सनले कहिल्यै बिर्सनुभएन।

तर जति दुःख र पीडा जड्सनले आफ्नो यात्रामा सामना गर्नुभयो, त्यसको बराबर उहाँले रङ्गुनमा छोडेर आएको उहाँकी श्रीमती एन जड्सनले पनि सामना गर्नुभयो। सन् १८१७ को ख्रीष्टमसको दिनदेखि सन् १८१८ को जुलाई १६ तारिखसम्म एनले आफ्नो श्रीमान्बाट कुनै पनि खबर पाउनुभएन, जसबाट केही हप्ताहरूको लागि मात्र छुटिनुपर्ने हुन्छ भनी उहाँले सम्झिनुभएको थियो। एनले आफ्नो दैनिक समयको केही भागहरूलाई ३० जना बर्मी स्त्रीहरूलाई सिकाउनुमा बिताउनुहुन्थ्यो। सानो मिसनलाई लगातार विपत्तिहरूले आक्रमण गरिरह्यो, तर उहाँ कमजोर हुनुभएन। मिसनलाई सरकारले सताउन थाल्यो, विदेशीहरूलाई देश निकाला गर्नुपर्छ भन्ने हल्ला फैलिन थाल्यो। स्थानीय अधिकृत, जो उहाँहरूको मित्र हुनुहुन्थ्यो, उति बेलाको राजधानी भएको आवामा सर्नुभयो, र नयाँ नियुक्त भएको अधिकृतले उहाँहरूलाई चिन्दैन थिए। श्रीमान् हफलाई यस्तो सन्देशसहित अदालतमा बोलायो, कि यदि उहाँले देशमा आफूले गरिरहेका कुराहरूको बारेमा सबै

बताउनुभएन भने उहाँको मुटुको रगतले सबै कुरा लेखिनेछ। श्रीमती एन आफै गएर भाषामा आफूले पाएको ज्ञानलाई मात्र प्रयोग गरेर अधिकृतसँग कुरा गरेर तिनको निगाहलाई जित्नुभयो। हैजा रङ्गुनमा फैलिन थाल्यो, जहाँ पनि मृत्युको घण्टी बज्न थाल्यो। बर्मा र बेलायतको बिचमा युद्ध हुने हल्ला फैलिन थाल्यो। बेलायतका जहाजहरू एक–एक गरी रङ्गुनको किनारबाट जान थाल्यो, र एउटा मात्र जान बाँकी थियो। हफको परिवारले अन्तिम मौकालाई प्रयोग गरेर देशबाट निस्कने निर्णय गर्नुभयो। एनलाई उहाँको इच्छा विपरीत आफूसँग जान आग्रह गर्नुभयो। तर उहाँ अन्तिम समयमा जहाजबाट फर्केर मिसन घरमा जानुभयो। यदि श्रीमान् जीवित फर्केर आउनुभयो भने मिसन घर खाली गरिएको र बर्मामा एकलो छोडिएको अवस्थामा आफूलाई भेटाउनुहुँदैन भन्नुचाहिँ एनको विचार थियो।

यो अँध्यारो समयपछि मिसनको भविष्य उज्यालो हुन थाल्यो। श्रीमान् हफ छपाइको सबै सामग्रीलाई पनि साथमा लिएर कोलकाता जानुभयो, यसैले मिसनको सबै छपाइसम्बन्धी कामहरू उतैबाट गर्नुपरेको थियो। तर सन् १८१८ सेप्टेम्बर १९ तारिख श्रीमान् कोलम्यान र श्रीमान् वीलक दुवै जना आ–आफ्नो श्रीमतीको साथ रङ्गुनमा आएर मिसनमा जोडिनुभयो, त्यतिखेर जड्सन पनि सुरक्षित फर्किसक्नुभएको थियो।

सानो आराधना भवन बन्यो, र अन्तमा स्थानीय भाषामा सङ्गति चलाउने उहाँको इच्छालाई पूरा गर्ने समय आयो। त्यो मण्डली भवन मात्र थिएन, तर धार्मिक विद्यालय घर बन्न पुग्यो। सानो सभाको लागि पनि त्यो सुहाउँदो थियो, जहाँ जड्सन दिनभरि बसेर त्यो बाटोमा हिँड्नेहरूको ध्यानलाई आकर्षण गर्न पाउनुहुन्थ्यो, र धेरैपल्ट धार्मिक बातचित सुरु गर्नुहुन्थ्यो।

सन् १८१९ अप्रिल ४ तारिख त्यो सानो भवन बनिसक्नुभन्दा अगाडि नै पहिलो आराधना सेवा त्यहाँ राखियो। जड्सन ३१ वर्षको हुनुहुन्थ्यो, आएको ६ वर्षपछि उहाँले पहिलोपल्ट बर्मीहरूलाई उहाँहरूको आफ्नै भाषामा आराधना सेवामा प्रचार गर्दै हुनुहुन्छ। सन् १८१९ जुन २७ तारिख जड्सनले अमेरिका छोडेको सात वर्ष चार महिनापछि र रङ्गुनमा आएको छ वर्ष



**माउङ नौलाई बप्तिस्मा दिँदै**

पछाडि पहिलो बर्मी विश्वासीलाई बप्तिस्मा दिने मौका पाउनुभयो, जसको नाम माउङ नौ थियो। यति लामो समय पर्खिरहेर एउटा दाना पनि नदेख्ने अवस्थामा धैर्यसाथ छर्दै जिएको उहाँको जीवनको विश्वासको रहस्यलाई उहाँले आफूले प्रयोग गर्ने किताबमा लेखिएको तल दिएका शब्दहरूद्वारा थाहा पाउन सकिन्छ:

*"सुख वा दुःख स्वस्थ वा पीडा,*
*हाम्रो यात्रा सधैँ अगाडितिर नै हुन्छ;*
*हामी बर्माको बाँझो जमिनमा छर्दै छौँ,*
*हामी सियोन पर्वतमा कटनी गर्नेछौँ।"*

साजा आराधना सेवा सुरु गर्नुमा र इसाई धर्म विस्तार हुनुमा हुने कठिनाइहरू र पीडाहरूलाई यी शब्दहरूले व्याख्या गर्दैछन्; जुन सेवाको सुरुवात माउङ नौ, माउङ ब्या र माउङ तलह भन्ने तीन जना पहिलो विश्वासीहरूबाट साथै एउटा नम्र माझी माउङ इङ्ग र शिक्षित शास्त्री माउङ श्वा–नोङ्ग भन्ने मानिसहरूको उद्धारबाट भयो। यसरी पहिलो तीन जनाले बप्तिस्मा पाउँदा र नयाँ अरू केही मानिसहरूले सोधपुछ गर्न थाल्दा सतावटको कालो बादलले नयाँ विश्वासीहरू र उहाँहरूका शिक्षिकाहरूलाई

ढाक्न थाल्यो। रङ्गुनको अधिकृतले यो नयाँ धर्मको कामलाई मन पराउनुभएन। बर्माको प्रख्यात एक जना शिक्षक आफ्नो देशको धर्मलाई छोड्न तयार हुनुभएको छ भन्ने खबर सुन्दा अधिकृतले कठोरतासहित सोधपुछ गर्ने आदेश दिए। यो आदेश सुन्दा जड्सनको नयाँ कुराको बारेमा सोध्न आउने मानिसहरू त्यहाँ आउन छोडे, यद्यपि नयाँ विश्वासीहरू आफ्नो सम्पत्ति र जीवनको क्षति हुन्छ भनी थाहा हुँदाहुँदै पनि स्थिर रहे, तर मिसनको काम रोक्यो। जड्सन सिधै राजधानी आवामा गएर राजालाई भेटेर सबै कुरा बताएर अनुमति माग्ने निर्णय गर्नुभयो। यो कुरामा उहाँ सफल हुनुभयो भने अधिकृतहरूको सतावट रोकिन्छ, यदि असफल हुनुभयो भने कुराहरू अझै नराम्रो हुन पुग्छन्।

जड्सन र कोलम्यान आवा जानुभन्दा अघि उहाँहरूको समूहको सङ्ख्या घट्यो। रङ्गुन आएको सात दिन मात्र भएको हुँदा वीलकको दिमागमा रक्तस्राव भएको थियो। उहाँ सन् १८१९ अगस्ट ७ तारिख बङ्गालतिर यात्रा गर्नुभयो। समुद्री यात्रामा तेह्र दिन बितेको हुँदा दिमागमा परेको असरले अचानक वीलक समुद्रमा हाम फाल्नुभयो। वीलकको श्रीमती पत्र लेख्दै हुनुहुन्थ्यो,  र वीलक कोठामा सुतिरहनुभएको थियो। अचानक वीलककी श्रीमतीले कोठाको ढोका थुनेको आवाज सुन्नुभयो। उहाँले वरिपरि हेर्दा वीलकलाई देख्नुभएन; दौडेर गएर कोठाको ढोका खोल्नुभयो, तर उहाँले वीलक सधैँको लागि उहाँबाट हराएको कुरा थाहा पाउनुभयो। जहाज धेरै छिटो गइरहेकाले उहाँलाई बचाउने कुनै प्रयास गर्न सकिएन। यो जवान मानिसको मृत्यु भर्खरै सुरु भएको यो सानो मिसनको लागि ठुलो घाटा भयो। वीलकको भक्ति, गनगन नगर्ने स्वभाव र अन्यजातिका मानिसहरूलाई बचाउनुमा उहाँमा भएको समर्पणताले उहाँ अन्य मिसनरीहरूको अति नै प्रिय मानिस बन्नुभएको थियो। वीलकले एकपल्ट पत्रमा आफ्नो र कोलम्यानको परिवारको लागि एउटा–एउटा कोठा मात्र छ भनी लेखेर त्यसपछि यी शब्दहरूलाई थप्नुभएको थियो: “बास्टनमा भएको छ वटा कोठाहरूभन्दा हामी रङ्गुनमा भएको एउटा कोठालाई नै मन पराउँछौँ। हामीले अति आशिष्को अनुभव गर्दै छौँ।”

# अध्याय - ६

# रङ्गुनमा भाग - २
## (सन् १८१९-१८२३)

सन् १८१९ डिसेम्बर २१ तारिख जड्सन र कोलम्यान दुवै जना इरावती नदी हुँदै राजधानी आवातिर यात्रा सुरु गर्नुभयो। उहाँहरूले यो यात्रा नाउमार्फत गर्नुपरेको थियो। स्थानीय राज्यपालले राजाकहाँ जान र भेट्न अनुमति दिएका थिए। उहाँहरूको समूहमा जम्मा उहाँहरूबाहेक सोह्र जना थिए, दस जना नाउ चलाउनेहरू, एक जना निर्देशक, एक जना खाना पकाउने – जसको स्थानचाहिँ उहाँहरूको विश्वासयोग्य भान्से माउङ नौले लिनुभएको थियो – एक जना हिन्दु धोबी र एउटा अङ्ग्रेज, जो बर्मा सरकारमा काम खोज्न साथमा आएका थिए। राजालाई लाने उपहारको बारेमा उहाँहरू अन्योलमा पर्नुभयो, जुनविना कोही पनि राजाको अगाडि जानुहुँदैन थियो। राजालाई बहुमूल्य हुने खालको उपहार किन्नको लागि उहाँहरूसँग पर्याप्त रकम थिएन। आफ्नो उपहार र आफ्नो जीवन मिल्नुपर्छ भनी सोच्दा बाइबल धर्मशास्त्रलाई नै उपहारको रूपमा दिने निर्णय गर्नुभयो, जुन किताबलाई राजाको अनुमतिसहित अनुवाद गर्ने इच्छा उहाँहरूले बोक्नुभएको थियो। बाइबल धर्मशास्त्र छ वटा भागको रूपमा उहाँहरूको हातमा थियो, जसलाई बर्मी तरिकाअनुसार नै सुनले मोहोरेर तयार गर्नुभयो। अन्य अधिकृतहरूका लागि कपडाहरू र अन्य चिजहरू उपहारको रूपमा बोक्नुभएको थियो।

जनवरी २५ तारिख रङ्गुनबाट यात्रा सुरु गरेको एक महिनापछि राजधानी आवामा आइपुग्नुभयो। सहरमा गएर रङ्गुनमा पहिले राज्यपालको रूपमा काम गरेको म्या–डे–मेनलाई भेट्न जानुभयो, र उहाँको परिवारलाई आफूले ल्याएका उपहारहरूबाट केही कुरा दिनुभयो, र जड्सनको टोलीलाई उहाँहरूले असल तरिकाले सत्कार गर्नुभयो। म्या–डे–मेन आफै त्यहाँ एउटा अधिकृत हुनुभएकाले राजाकहाँ उहाँहरूलाई लानको लागि उहाँले माउङ–

योलाई आदेश दिनुभयो। यसैले गर्दा जड्सनले राजालाई भेट्न विभिन्न अधिकृतहरूलाई उपहारहरू दिनुपरेन। बेलुकी माउङ-योले भोलि बिहान उहाँहरूलाई राजाकहाँ लाने कुरालाई बताउनुभयो। त्यो रात उहाँहरू सुत्न जाँदा उहाँहरूको मनमा भोलिको दिनको बारेमा धेरै कुराहरू चल्न थाल्यो। भोलिपल्टको बिहान उहाँहरूको जीवनमा एउटा महत्त्वपूर्ण बिहानको रूपमा सुरु हुन्छ र बेलुकी उहाँहरूको सम्पूर्ण आशा मौलिएको अवस्थामा अथवा नास भएको अवस्थामा अन्त हुन्छ।

भोलिपल्ट बिहान उठेर उहाँहरू नाउबाट माउङ-योको साथ राजालाई भेट्न गए। औपचारिक विधिको रूपमा उहाँहरू पहिले म्या-डे-मेनकहाँ गए, जसबाट राजाले उहाँहरू आएको कुरा थाहा पाएर आफूकहाँ उहाँहरूलाई परिचय गराउन भन्नुभएको छ भनी थाहा पाए र त्यहाँबाट दरबारतिर अगाडि बढे।

दरबारको बाहिरी ढोकामा भएका अधिकृतहरूले उहाँहरूको अनुमति पत्रहरूलाई जाँचेपछि त्यहाँदेखि दरबारभित्र रहेको राजाको निजी मन्त्री भएको माउङ-जको निवासमा पुऱ्याए। उहाँले जड्सन र कोलम्यानलाई असल तरिकाले स्वागत गर्नुभयो, र त्यहाँ पर्खिरहेका अन्य राज्यपालहरू र साना राजाहरूको बिचमा बस्न लगाउनुभयो। यहाँ उहाँहरू पहिलोपल्ट आफू यहाँ आएको कारण र उद्देश्यलाई बताएर आफूहरू धर्म प्रचारकहरू हौं र राजालाई भेटेर आफ्नो धर्मशास्त्रलाई उपहारको रूपमा दिएर एउटा निवेदन पेस गर्ने कुरालाई बताउनुभयो। निवेदनलाई मन्त्रीले हातमा लिनुभयो, त्यसको आधासम्म पढेर उहाँहरूको परमेश्वरको बारेमा केही प्रश्नहरू सोध्नुभयो र जड्सनले उत्तर पनि दिनुभयो। यो भइरहेको हुँदा राजा भित्र प्रवेश गरिरहेको कुराको सूचना भयो, मन्त्री आत्तुरीसहित उहाँहरूलाई राजाको अगाडि परिचय गराउन तयार हुनुभयो। त्यो दिन एउटा विशेष दिन थियो, र जड्सनले आफूहरू नमिल्दो दिनमा त्यहाँ आइपुगेको थाहा पाउनुभयो। कतयामाथि पाएको विजयलाई मनाउने दिन भएकाले विभिन्न उत्सवको तयारी त्यो दिनमा भएको थियो। मन्त्रीले भन्नुभयो, "तपाईंहरू कसरी यो साम्राज्यमा धर्म फैलाउनुहुन्छ? तर पनि मसँग आउनुहोस्।"

यी अशुभ शब्दहरूलाई सुन्दा उहाँहरूको हृदय व्याकुल भयो। मन्त्रीले उहाँहरूलाई विभिन्न ठाउँ हुँदै एउटा अति भव्य हलमा पुऱ्याउनुभयो। उहाँहरू बस्नको लागि एउटा ठाउँ देखाउनुभयो, र उहाँहरूले ल्याएका उपहारहरू सबै एक ठाउँमा राखियो; र माउङ–यो र म्या–डे–मेन अलि पछाडि अर्को ठाउँमा बस्नुभयो। उहाँहरूले अहिले अगाडि देखिरहेको दृश्य उहाँहरूले सोचेको भन्दा धेरै माथि थियो। विशाल हल, अनगिन्ती ठुला खम्बाहरू, गुमज छानाको उचाइ र सबै कुरा सुनले मोहोरिएको यी सबै कुराहरूले एउटा भव्य विशाल प्रभाव छाडिरहेको थियो। त्यो हलभित्र थोरै मानिसहरू मात्रै थिए, र तिनीहरूलाई हेर्दा नै थाहा भयो कि उनीहरू देशका ठुला अधिकृतहरू हुन्। यसरी उहाँहरूले हेरिरहेको हुँदा माउङ–योले राजा भित्र आउनुभयो भनी सुटुक्क भन्नुभयो।

उहाँहरूले फर्केर हेर्दा राजालाई देख्नुभयो, जसको वस्त्र, हिँडाइ सबै भव्य थियो, र राजाको हातमा एउटा सुनौलो तलवार पनि थियो। राजा हिँड्दा–हिँड्दै सबै मन्त्रीहरूले घुँडा टेकेर हात बाँधेर आफ्नो दृष्टि राजामाथि लगाए। जड्सन र कोलम्यान भएको ठाउँमा राजा आइपुग्दा उहाँहरूको उपस्थितिले राजाको ध्यानलाई खिच्यो, उहाँ रोक्नुभयो र सोध्नुभयो, “यिनीहरू को हुन्?”

जड्सनले जवाफ दिनुभयो, “महाराज, हामी शिक्षकहरू हौँ।”

“के? तपाईंहरू बर्मी भाषा बोल्न सक्नुहुन्छ – मैले हिजो राति सुनेका पूजाहारीहरू हो?” “कहिले आइपुग्नुभयो?” “तपाईंहरू नै त्यो धर्मका शिक्षकहरू हो?” “तपाईंहरू पुर्तगाली पूजाहारीहरू हो?” “तपाईंहरूको विवाह भयो?” “किन यस्तो लुगा लगाउनुभएको छ?”

यी र यस्ता केही प्रश्नहरूका उत्तरहरू उहाँहरूले दिनुभयो, राजा उहाँहरूप्रति खुसी हुनुभएको जस्तै देखिनुभयो र आफ्नो सिंहासनमा बस्नुभयो र उहाँका आँखाहरू जड्सन र कोलम्यानप्रति अडिएको थियो। मन्त्री माउङ–ज अहिले उठेर उहाँहरूको निवेदन पढेर सुनाउन थाल्नुभयो, त्यो

यस्तो प्रकारको थियो:

"जमिन र समुद्रमाथि सार्वभौम अधिकार भएको उत्कृष्ट राजाको निगाह प्राप्त गर्नको लागि अमेरिकी शिक्षकहरू यहाँ उपस्थित छन्। महाराजाको शक्तिको महानता साथै राजकीय देशको सम्पन्न अवस्थाको बारेमा सुनेर हामी राजकीय शासनमुनि रहेको सहर रङ्गुनमा आइपुग्यौँ, र यहाँसम्म आउन र सुनौलो मुहारलाई हेर्न त्यो सहरको राज्यपालको अनुमति लिएर हामी यहाँसम्म आएर सुनौलो पाउको मुनि आइपुगेका छौँ। महान् देश भएको अमेरिकामा हाम्रो धर्मको पवित्र धर्मशास्त्रलाई व्याख्या गर्ने र सिकाउनेहरूलाई हामीले सहयोग गर्छौं। यदि हामी अन्य कुनै देशमा गयौँ र प्रचार गर्‍यौँ र धर्मलाई फैलायौँ भने महान् भलाइ हुनेछ, र सिकाउने साथै धर्मलाई स्वीकार गर्ने दुवैले भविष्यको दण्डबाट छुटकारा पाएर विनाश अथवा मृत्युविना स्वर्गको अनन्तको आनन्दलाई अनुभव गर्नेछन् भनी हाम्रो धर्मशास्त्रमा बताएकाले – हामी राजकीय शासनको मुनि शरण लिएर यो भूभागमा हाम्रो धर्मलाई प्रचार गर्न र हाम्रो प्रचारलाई सुनेर त्यस मार्गमा चल्न इच्छा भएकाहरू, त्यो विदेशी अथवा बर्मी भए पनि, सरकारको दण्डबाट छुट पाउन र जमिन र समुद्रमाथि सार्वभौम अधिकार भएको उत्कृष्ट राजाको निगाह प्राप्त गर्न राजकीय अनुमति दिएको होस्।"

राजाले त्यो निवेदनलाई माग्नुभयो, मन्त्री माउङ–जले घोप्टो पर्दै अगाडि गएर दिनुभयो। राजाले माथिदेखि तलसम्म त्यसलाई ध्यानसित पढ्न थाल्नुभयो। त्यति नै खेर जड्सनले उहाँहरूको पहिलो पर्चा, जुनले विवाद ल्याएको थियो, त्यसलाई सुधारेर र सबै विवादको शब्दलाई हटाएर राम्रो तरिकाले बनाएको नयाँ पर्चा माउङ–जलाई दिनुभयो। राजाले निवेदनलाई ध्यानसित पढिसकेपछि एक शब्द पनि नबोलीकन त्यसलाई फिर्ता दिनुभयो, र पर्चा हातमा लिनुभयो। उहाँहरूले मनमनै परमेश्वरको अनुग्रहको लागि बिन्ती गर्न थाल्नुभयो। "प्रभु, बर्मामाथि दया गर्नुहोस्! त्यसको राजामाथि पनि दया गर्नुहोस्।"

तर दुःखलाग्दो कुरो परमेश्वरको समय आएको थिएन। पर्चाको सुरुका

दुई वाक्यहरूलाई मात्र पढ्ने बेलासम्म राजाले त्यसलाई हातमा राख्नुभयो, जसमा एक मात्र अनन्त परमेश्वर जो मृत्युभन्दा बाहिर हुनुहुन्छ, र उहाँ बाहेक अरू कुनै ईश्वर छैन भनी लेखिएको थियो। राजाले त्यसमा लेखिएका कुराहरूमा केही वास्ता नगरीकन तिरस्कारसहित त्यसलाई भुइँमा फाल्नुभयो। माउङ–जले त्यसलाई टिपेर मिसनरीहरूलाई दिनुभयो। माउङ–योले उहाँहरूलाई बचाउनको लागि उहाँहरूले ल्याएका उपहारलाई खोलेर त्यसको सुन्दरतालाई देखाउन कोसिस गर्नुभयो, र राजाले केही वास्ता गर्नुभएन। एक छिन पछि माउङ–जले राजाको उत्तरलाई यसरी बताउनुभयो:

"किन तपाईंहरूले यस्तो प्रकारको अनुमति माग्नुहुन्छ? पुर्तगाली, अङ्ग्रेज, मुसलमान र अन्य धर्मका मानिसहरूले स्वतन्त्रतासाथ आफ्नो धर्मका विधिहरूलाई पछ्याइरहेका छैनन् र? तपाईंहरूको निवेदनको बारेमा महाराजले कुनै आदेश दिनुहुन्न। तपाईंहरूको धर्मशास्त्रको आवश्यकता पनि महाराजलाई छैन, त्यसलाई लगेर जानुहोस्।"

एउटा अनन्त ईश्वर हुनुहुन्छ भनी पाएको पहिलो खबरलाई भुइँमा फ्याँकिराखेर राजा उठेर आफ्नो उत्सवतिर जानुभयो।

मिसनरीहरू नाउमा आइपुगे, र अझै अरू केही व्यक्तिहरूद्वारा आफ्नो कुरालाई राजाकहाँ पुऱ्याउने प्रयास गरे। यसरी सफल नभएका केही प्रयासहरूपछि उहाँहरूले फेब्रुअरी ६ तारिख आवामा आएको दुई हप्ता पछाडि आफ्नो घरतिरको यात्रा सुरु गर्नुभयो। दुःखसहित उहाँहरू इरावती हुँदै फेब्रुअरी १८ तारिख रङ्गुन आइपुग्नुभयो। अब बुद्ध धर्मलाई छोडेर इसाई भन्ने बर्मीले राजाको निगाह प्राप्त गर्दैन। जड्सनले मिसनलाई रङ्गुनबाट बेलायतको अधीनमा भएको चितगोङ जिल्लामा लाने निर्णय गर्नुभयो, जहाँ उहाँ बेलायत सरकारको सुरक्षामा बर्मी समुदायलाई प्रचार गर्न पाउनुहुन्छ। उहाँले उद्धार पाएका बर्मीहरूलाई र चासो देखाइरहेका मानिसहरूलाई जम्मा गरेर आवामा गरेको प्रयास असफल भएको कुरा बताउनुभयो, साथै इसाई धर्मलाई अँगाल्ने बर्मीले सामना गर्नुपर्ने सतावटको बारेमा पनि बताएर आफू देश छोडेर जाने कुरालाई अनिच्छुकतासहित बताउनुभयो। तर उहाँ

आश्चर्यचकित हुने गरी उद्धार पाएकाहरूले आफूले यो मार्गलाई नत्याग्ने कुरा बताए। तिनीहरूले आफूहरू ख्रीष्टलाई इन्कार गर्नुको सट्टामा सतावटलाई सामना गर्न र आवश्यक परे मृत्युमा पनि जान तयार छौं भनी बताएर उहाँलाई यसरी बिन्ती गरे, "कम-से-कम दस जनासम्मको समूह तयार भएर त्यसमाथि एक जना स्थानीय शिक्षक नियुक्त हुने बेलासम्म यहीँ रहनु र त्यसपछि तपाईं जानुपर्छ भने हामी नाइँ भन्दैनौँ। त्यति बेला हामी चिन्तित हुँदैनौँ। यो धर्म आफै फैलिन्छ। राजाले यसलाई रोक्न सक्दैन।" विश्वासीहरूको साहसले जड्सनलाई रङ्गुनमा नै रहन तुल्यायो।

यद्यपि कोलम्यान र उहाँकी श्रीमती चितगोङ गएर त्यहाँ ब्याप्टिस्ट मिसनले छोडिएका विश्वासीहरूलाई जम्मा गर्नु र आराकनीहरूलाई सुसमाचार सुनाउनु उचित हुन्छ जस्तो देखियो। यसरी बर्माबाट जड्सन र विश्वासीहरूलाई निकालियो भने चितगोङ एउटा शरणस्थान बन्न सक्छ। सन् १८२० मार्च २७ तारिख कोलम्यानको परिवारले आराकनतिर यात्रा सुरु गर्नुभयो, तर केही समयको साहसपूर्ण मिसन कामको पछाडि सन् १८२२ जुलाई ६ तारिख छ दिनको ज्वरो पछि कोलम्यान बित्नुभयो।

फेरि पनि जड्सनको परिवारले आफूहरूलाई रङ्गुनमा एकलै भेटाउनुभयो। श्रीमान् हफको परिवार, श्रीमान् वीलाकको परिवार र कोलम्यानको परिवार सबै गए, अब उहाँहरू तीन जना नयाँ उद्धार पाएका विश्वासीहरूको साथ सबै लडन्तलाई सामना गर्न एकलै छोडिएको अवस्थामा थिए। तर यो अन्धकारमय घडीमा बर्मीहरूको बिचमा पवित्र आत्माले शक्तिशाली रूपमा काम गर्नुभयो। सामना गर्नुपर्ने सबै सतावटको बिचमा पनि सात जना मानिसहरूले एक पछि अर्को गरेर उद्धार पाएर बप्तिस्मा लिए, तीमध्येमा एक जना शिक्षित व्यक्ति माउङ श्वानोङ र पहिलो महिला विश्वासी मा-मेन-ल पनि हुनुहुन्थ्यो। तीन जनाको सङ्ख्यामा भएको मण्डली छिटो बढेर दस जनामा पुग्यो। तर यतिखेर श्रीमती एन जड्सनको स्वास्थ्य पूर्ण रूपमा बिग्रियो र उहाँलाई बचाउनको लागि जड्सनले कोलकाता लानुपर्ने भयो।

सन् १८२० जुलाई २० तारिख उहाँहरूले रङ्गुनबाट यात्रा सुरु गर्नुभयो, र अगस्ट १८ तारिख कोलकाता आइपुग्नुभयो। भर्खरै बढिरहेको मिसनलाई छोडेर जानु उहाँहरूको लागि अति दुःखदायी कुरा थियो होला।

श्रीरामपुरमा बिताएका तीन महिनाले एनको स्वास्थ्यमा असल परिणाम ल्यायो। थकित भएका दुई जना मिसनरीहरूले त्यहाँ रहेका ब्याप्टिस्ट मिसनरीहरूसित र हफको परिवारसित मीठो र आरामदायी समय बिताउनुभयो। जड्सनको आनन्दलाई बिगार्नुचाहिँ बर्माको जङ्गलमा छोडेर आएका ती भेडाहरूप्रति भएको गहिरो चिन्ता मात्र थियो। जड्सनले प्रार्थना गर्नुभयो, "त्यो महान् गोठालोले त्यो सानो बगाललाई चराऊन्, र भेडाहरूलाई आफ्नो हातले तानेर काखी च्यापेर लगेर जाऊन्।"

नोभेम्बर २३ तारिख कोलकाताबाट यात्रा सुरु गरेर सन् १८२१ जनवरी ५ तारिखमा उहाँहरू रङ्गुन आइपुग्नुभयो। उहाँहरूको यो यात्रा कठिनाइपूर्ण थियो, जहाज स्थानीयहरूले भरिएको थियो, र उहाँहरू बाहिर आएर हिँडडुल गर्ने मौका पाएनन्, साथै जहाज जताततै बिच्छीहरू र खजुरोहरूले भरिएको थियो। यसैले उहाँहरूलाई राति सुत्न पनि गाह्रो हुन्थ्यो। यी सबैको साथ उहाँहरू यात्रा गर्ने दिशाको विपरीत चलेको हावाले र त्यो साथ आएको बिजुली र चट्याङले उहाँहरूको यात्रालाई झन् गाह्रो बनायो। रङ्गुनमा आउने बित्तिकै उहाँहरू आफ्नो मिसन काममा डुब्नुभयो।

श्रीमती एनको स्वास्थ्यको लागि उहाँलाई अमेरिका पठाउनु आवश्यक देखियो, त्यसो नगरेमा उहाँको जीवन नै अन्त हुनेजस्तो देखियो। यसैले श्रीमती एन अमेरिका जानको लागि सन् १८२१ अगस्ट २१ तारिख जहाजमा चढ्नुभयो। उहाँ बेलायतमा आइपुग्दा बेलायतका इसाईहरूले उहाँलाई असल तरिकाले स्वागत गरे, र त्यहाँ उहाँ श्रीमान् बट्टर वर्तको घरमा रहनुभयो, जो संसद् सभाको सदस्य हुनुहुन्थ्यो। पछिको समयमा श्रीमान् बट्टर वर्तले श्रीमती एन आफ्नो घरमा पाहुनाको रूपमा बसेर गएको कुराको बारेमा बोल्दा उहाँले भन्नुभयो, कि त्यसले उहाँलाई धर्मशास्त्रमा भएको "परदेशीहरूको अतिथि–सत्कार गर्न नबिर्स, किनकि यसरी नै कसै–कसैले थाहै नपाई स्वर्गदूतहरूको

सत्कार गरेका छन्।" भन्ने वचनलाई सम्झिन लगायो। श्रीमती एन सन् १८२२ सेप्टेम्बर २५ तारिखमा अमेरिका आइपुग्नुभयो, र सन् १८२३ जुन २२ तारिखसम्म त्यहाँ रहनुभयो। उहाँको आगमनले अमेरिकामा मिसन सेवाप्रतिको चासोलाई जगायो, र उहाँ फर्किंदा नयाँ नियुक्त श्रीमान् जोनाथन वेड र उहाँकी श्रीमती डेबोरा वेड मिसनरीहरू दुई जना उहाँको साथमा गए। उहाँहरू सन् १८२३ को डिसेम्बर ५ तारिखमा रङ्गुन पुग्नुभयो।

श्रीमती एनले जड्सनलाई छोडेर गइसकेपछि जड्सनले एकलै कामलाई अगाडि बढाउनुभयो। सन् १८२१ डिसेम्बर ३१ तारिख चिकित्सक जोनाथन प्राइस परिवारसहित रङ्गुनमा आई मिसनमा जोड्नुभयो। त्यसको एक महिना पछाडि श्रीमान् हफको परिवार पनि कोलकाताबाट रङ्गुनमा फर्किनुभयो। सन् १८२२ को मे २ तारिख चिकित्सक प्राइसकी श्रीमती रङ्गुनमा पाँच महिना मात्र बिताउनुभएको अवस्थामा बित्नुभयो, र जड्सनको छोरा रोजरको चिहानको छेउमा गाडिनुभयो। चिकित्सक प्राइसको आँखाको शल्यक्रिया गर्ने दक्षताको बारेमा बर्माको राजाले सुनेर दरबारमा आउन निम्त्याउनुभयो। जड्सनले प्राइसको साथ गएर राजाको निगाहलाई प्राप्त गर्न प्रयास गर्नु उचित हुन्छ भनी सोच्नुभयो, यसैले सन् १८२२ अगस्ट १८ तारिख जड्सन र चिकित्सक प्राइसले आवातिर यात्रा सुरु गर्नुभयो, र यसपालीको यात्राको खर्च सरकार आफैले बेहोर्‍यो। यतिखेर विश्वासीको सङ्ख्या रङ्गुनमा अठार जना पुगिसकेको थियो।

जड्सन र प्राइस दुवैले आवामा पाँच महिना बिताउनुभयो। राजाले उहाँहरूलाई असल तरिकाले स्वागत गरे, र चिकित्सक प्राइसको दक्षतालाई देखेर चकित भए। यसैले उहाँहरूलाई राजधानीमा नै बसोबास गर्न निम्तो दिए। आवामा मिसन केन्द्र स्थापित गर्न अहिले बाटो खोलिएको जस्तै देखियो। जड्सनले सधैँ नै भित्रीय भागहरूतिर जान चाहना बोकिरहनुभएको थियो। अहिले हफ र वेडको परिवारले रङ्गुनको मण्डलीलाई हेरचाह गर्न सक्नुहुन्छ। अब साम्राज्यको मुटुमा सिंहासनको शरणमा एउटा मण्डली किन स्थापित नगर्ने?

आवामा जानुभन्दा अगाडि जड्सनले श्रीमती एनको लागि पर्खिनुपरेको थियो। उहाँ आवा गएर आएको दश महिनापछि श्रीमती एन आइपुग्नुभयो। यो समयको बिचमा जड्सनले नयाँ करारलाई बर्मी भाषामा अनुवाद गर्ने कामलाई सिद्ध्याउनुभयो, र पुरानो करारको एउटा संक्षिप्त व्याख्या तयार गर्नुभयो। सन् १८२३ डिसेम्बर १३ तारिख श्रीमती एन आएको आठ दिन पछाडि उहाँहरूले आवातिरको यात्रा सुरु गर्नुभयो र सन् १८२४ जनवरी २३ तारिख आवामा आइपुग्नुभयो। यसले जड्सनको जीवनमा एउटा महत्त्वपूर्ण भागलाई अन्त गरेर नयाँ आयामलाई सुरु गऱ्यो।

## अध्याय - ७

# आवा र अउङ-पेन-लमा बिताएका समयहरू

## (सन् १८२३-१८२६)

जड्सनको परिवार रङ्गुन छोडेर आवातिर बसोबास गर्न जाँदा उहाँहरूको विचारमा सबै राम्रो देखिरहेको थियो। उहाँहरूले सानो अठार जना भएको मण्डलीलाई हफ र वेडको परिवारको जिम्मामा छोड्नुभएको थियो। उहाँहरूलाई राजाले आवामा बोलाउनुभएको थियो, र मिसन घरको लागि जमिन पनि दिनुभयो। उहाँहरू राजकीय निगाह र सुरक्षा पाउनुमा पक्का हुनुहुन्थ्यो। धेरै उच्च ओहोदामा भएका मानिसहरू नयाँ धर्मप्रति राम्रो धारणा बोकेको जस्तै देखियो, साथै चिकित्सक प्राइसले आँखाको शल्यक्रिया गर्नुमा भएको दक्षताद्वारा राजाको मन जित्नुभएको थियो। उहाँहरूले तुरुन्तै सानो एउटा घर बनाउनुभयो र श्रीमती एनले तीन जना स्थानीय केटीहरूलाई पढाउन सुरु गर्नुभयो। हरेक आइतबार जड्सनले चिकित्सक प्राइसको घरमा प्रचार गर्नुभयो, र बेलुकी आराधना सेवा सञ्चालन गर्नुभयो।

यद्यपि कालो बादल क्षितिजतिर देख्न थाल्यो। भारतमा भएको बेलायत सरकार र बर्माको बिचमा युद्ध हुने सम्भावना भयो। अमेरिकामा भएका इसाईहरूले केही खबर पाउनुभएको थिएन, र प्रार्थनामा लागिरहनुभएको थियो।

युद्धको कारण चितगोङ थियो, जहाँ राजाको क्रूरताबाट भागेकाहरू बेलायत सरकारको शासनमुनि शरण लिन्थे। राजाले तिनीहरूलाई कैद गरेर आफूकहाँ दिनुपर्छ भनी बेलायती अधिकारीहरूलाई माग्नुभयो। त्यति मात्र नभएर चितगोङ प्राकृतिक रूपमा बर्माको भनी सोच्नुभयो, र बेलायतीहरूको विरोधमा राजाको घमन्ड र अपहेलन यतिसम्म थियो कि  चितगोङलाई फिर्ता लिनु मात्र नभएर पूरै बङ्गाललाई जित्न सक्छ भनी राजाले सोच्नुभयो।



**कारागारमा जड्सन र चिकित्सक प्राइस**

युद्ध सुरु हुँदा आवामा बसोबास गर्ने सबै गोरा मानिसहरूलाई शङ्का गर्न थालियो, र उहाँहरू बेलायती सरकारको जासुसहरू भनी मान्न पुग्यो। सबै गोरा मानिसहरूलाई कैद गरियो र प्राणघातक कारागारमा हालियो।

जड्सनले यसरी लेख्नुभयो, "सन् १८२४ जुन ८ तारिख बङ्गालसँगको युद्धको कारण म कैदमा परेँ, र चिकित्सक प्राइस, तीन जना बेलायतीहरू, एक जना अमेरिकी र एक जना ग्रीकको साथमा आवामा भएको प्राणघातक कारागारमा मलाई हाल्यो। जहाँ हामीले एघार महिना बिताइसक्यौँ – नौ महिना तीन जोडी साङ्लाले बाँधिएको अवस्थामा र दुई महिना पाँच जोडी साङ्लाले बाँधिएको अवस्थामा। त्यहाँ हामीले देखेका दृश्यहरू र भोगेका दुःखहरूलाई म पूर्ण रूपमा बिर्सिन चाहन्छु। आवामा भएको प्राणघातक कारागारबाट दस माइल टाढा रहेको अउङ–पेन–लमा भएको सहर बाहिरको कारागारमा हामीलाई लगियो। हामीमाथि गरेको कठोर व्यवहारले गर्दा हामीमध्ये एक जना भएको ग्रीक सडकमा नै मरे, र हामीमध्ये कति जना केही दिनसम्म हल्लिन पनि सकेन, त्यसमध्येमा म पनि परेँ। हामीलाई आवाबाट अर्को ठाउँमा ल्याउनु पछाडिको सरकारको उद्देश्य नै त्यही थियो, हामीलाई मर्न दिएर विदेशीहरूमाथि विजय पाउनु; तर यो योजना बनाएको

सल्लाहकार अचानक राजाको निगाह गुमाएर मर्दा योजना पूरा हुन पाएन। अउङ-पेन-ल कारागारमा म एक जोडी साङ्लाले बाँधिएको अवस्थामा छ महिना बिताएँ; त्यसपछि त्यहाँबाट कडा सुरक्षासहित मलाई बर्माको मुख्यालयमा अनुवादकको रूपमा काम गर्न ल्यायो। त्यहाँ मैले दुई महिना बिताएँ। म आवामा फर्किंदा राज्यपाल माउङ श्वालोले गर्दा मलाई बन्धनबाट छुटायो, र उहाँको निगरानीमा राखियो। उहाँसँग छ हप्ता बिताउँदाखेरि सरकारको दयनीय अवस्थाको बारेमा थाहा पाउन आएँ, बेलायतको सेना बलियो रूपमा राजधानीतिर अगाडि बढिरहेको थियो; र शान्ति सम्झौताको लागि चिकित्सक प्राइसलाई दुईपल्ट पठाइसकेको थियो (मैले सकभर गर्न नचाहेको काम यो थियो), तर मलाई पनि जबरजस्तीले उहाँसँग पठायो। हामीले बेलायतको सेनालाई पागनमा भेटायौँ, र तिनीहरूको अन्तिम सर्तसँग आवा फर्किंदा मसँग कारागारमा परेका मानिसहरूमध्ये अन्तिम कैदीलाई पनि स्वतन्त्र गराउन अनुमति लिने आनन्दलाई अनुभव गर्ने मौका पाएँ। यसको साथ म र श्रीमती एन जड्सनले आवाबाट जानको लागि सरकारबाट तिनीहरू अनिच्छुक हुँदाहुँदै अनुमति पनि पायौँ।"

यसरी थोरै शब्दहरूले आफूले कारागारमा भोगेको पीडालाई जड्सनले लेखेर अन्त गर्नुहुन्छ। जड्सनले यसरी थोरै शब्दहरूले व्यक्त गरे तापनि कारागारको सतावट भयानक र कठोर थियो। चिकित्सक प्राइसले आफू कारागारमा हालिँदाको अनुभवलाई यसरी लेख्नुभएको छ:

"एउटा सानो बाँसले बनाएको ढोका खोल्यो, र त्यतातिर जान म उठेँ, तर हाय! मेरो मनको अवस्थालाई कसले व्याख्या गर्न सक्छ। मेरी श्रीमती र मेरो प्रिय परिवार एकलै यिनीहरूले गर्न सक्ने सबै कठोरतालाई सामना गर्न छोडिएको अवस्थामा म फाँसी दिने मानिसको हातमा साङ्लामा बाँधेर अपराधीलाई जिम्मा दिएको जसरी, कुकुरलाई खोरभित्र हालेजस्तो कारागारमा गएँ। तर अझै कठोर कुरा आउन बाँकी नै थियो। सिँढीहरू हुँदै मलाई एउटा ठुलो हलमा लगियो। सबै त्रासभन्दा ठुलो त्रास, कस्तो प्रकारको दृश्य! म मर्ने दिनसम्म त्यो दृश्यलाई बिर्सन सक्दिनँ: घोर अन्धकारलाई देख्ने गरी हलको बिचमा एउटा सानो बत्ती थियो, र त्रसित भएको मेरा

आँखाहरूले त्यहाँ साठी सत्तरी जना दयनीय मानिसहरूलाई देख्यो। केही मानिसहरू हल्लिन नसक्ने गरी ठिँगुरोमा बाँधिएको अवस्थामा, केही मानिसहरू खाँबामा तारले बाँधिएको अवस्थामा र अरू केही मानिसहरू साङ्ला मात्रै लगाएको अवस्थामा थिए; तर नयाँ एउटा कैदीलाई ल्याइँदा अब हुन गइरहेको पीडाको बारेमा थाहा पाउँथे। स्तब्ध भएर म हेर्नको लागि त्यही ठाउँमा अडिएँ, पछाडिबाट मलाई घोचिसकेपछि हलको उतापट्टि भागमा पुगेर फेरि उभिएँ। एउटा नयाँ र नसोचेको दृश्य मेरा आँखा अगाडि पऱ्यो। यतिखेरसम्म मलाई मेरा साथीहरूको बारेमा केही कुरा बताएको थिएन। लस्करै भएको सेता मानिसहरूलाई देखेँ, उहाँहरू सबैलाई भुइँमा अति नै भिड भएको ठाउँमा राखिएको थियो। मलाई अझै अगाडि बढ भनी भने, अन्तमा जड्सनको छेउमा मलाई पनि लगेर राखियो।"

जड्सनलाई यस्तो प्रकारको प्रचण्ड गर्मी हुने ठाउँमा राख्दा नै पुग्थ्यो, तर त्यसको साथ उहाँलाई पाँच जोडी साङ्लाले बाँधेको पनि थियो, जसबाट आएका दागहरूलाई उहाँको मृत्यु हुन्जेल शरीरमा बोक्नुभयो। उहाँले पनि प्रेरित पावलले जसरी यसरी भन्न सक्नुहुन्छ, "म आफ्नो शरीरमा येशूका दागहरू लिएर हिँड्छु।" कारागारको पीडा अति नै असहनीय नै थियो। दिन रात बाँधिएको अवस्थामा राति अझै कठोर तरिकाले बाँधिएको अवस्थामा कैदीहरूले समय बिताउनु परेको थियो।

जड्सन यी सबै अपमान र सतावटलाई भोग्दा ३६ वर्षको हुनुहुन्थ्यो। उहाँको यो उमेर सतावटहरूलाई सामना गर्न ठिक उमेर थियो। उहाँ आफै पनि अमेरिका हुँदादेखि नै आफ्नो स्वास्थ्यमा धेरै ध्यान दिनुहुन्थ्यो। उहाँको शरीर यस्तो प्रकारको अचानक आउने परिस्थितिहरूलाई सहन सक्ने खालको थियो। यी सबै कुरा उहाँको पक्षमा भए तापनि यस्तो प्रकारको कठोर सतावटहरूलाई उहाँले पहिले कहिल्यै सामना गर्नुभएको थिएन, र उहाँ यसमा विद्यार्थी नै हुनुहुन्थ्यो। प्राकृतिक रूपमा उहाँमा भएको बलियो मनुष्यत्व दस वर्ष गर्मी मौसममा ध्यानसित गरेको अध्ययनले र त्यसपछिका वर्षहरूमा दोहोऱ्याएर आएको काम ज्वरोले कमजोर भएको थियो। उहाँ अमेरिकामा चिसो ठाउँमा हुर्किनुभएको थियो, र यो प्रचण्ड गर्मी भएको

कारागारमा समय बिताउँदा कतिपल्ट आफूले बाल्यकालमा डुलिहिँडेका चिसो पहाडहरूलाई सम्झिनुभयो होला।

सधैँ सक्रिय भएर क्रमसाथ काम गर्ने बानी भएको उहाँको लागि एक्काइस महिनाहरूलाई निष्क्रिय अवस्थामा बिताउन पर्दा त्यही नै ठुलो पीडा थियो। बर्मी भाषाको बाइबल अधुरो थियो, र रङ्गुनमा दस वर्ष समय लगानी गरेर गरेको काम उहाँको अनुपस्थितिमा बिग्रिरहेको थियो। उहाँ सुसमाचार प्रचार गर्न अति इच्छुक हुनुहुन्थ्यो।

साथै परिवारप्रतिको उहाँको प्रेम पनि बलियो थियो। उहाँकी श्रीमती एकलै बर्माको त्यो भिडले भरिएको बाटोहरू हुँदै बर्मी अधिकृतहरूको अनादरलाई सामना गर्दै दिनानुदिन कारागारमा भोजन ल्याउने लाने गरेको देख्दा जड्सनको मन कति दुःखित भयो होला। धेरैपल्ट श्रीमती एनले आफ्नो श्रीमान्‌को छुटकाराको लागि अधिकृतहरूलाई भेटी बिन्ती गरिराखिन्, जसले गर्दा बिफर रोग फैलिरहेको हुँदा उहाँले आफ्नो सानो बच्चालाई र आफ्नो साथमा भएको अन्य स्थानीय नानीहरूलाई राम्रोसँग वास्ता गर्न सक्नुभएन; अन्तमा उहाँ आफै पनि त्यही रोगले मृत्युको मुखमै पुग्नुभयो।

यी सबैको साथ जड्सनले दैनिक मृत्युको लागि पर्खिरहनु परेको थियो। उहाँहरूलाई थाहा थियो कि आफूहरूलाई जासुसको आरोपमा कैद गरेको हो, र बर्माको राजा र अधिकृतहरू बेलायतको सेनाले पाइरहेको सफलतालाई देखेर हताश भएका थिए, जसको रिस आफूहरूमाथि खन्याइन्छ भनी पनि उहाँहरूलाई थाहा थियो। जड्सन र उहाँका साथीहरूलाई मारिन्छ भनी हल्ला फैलिरहेको थियो। कतिपल्ट सिंहको गुफामा हालिन्छ भनी, कुनै बेला जिउँदै गाडिन्छ भनी र कतिपल्ट टाउको काटिन्छ भनी उहाँहरूले सुन्न आउँथे। शारीरिक पीडासहित असहनीय मानसिक पीडाले पनि उहाँहरूलाई सताइरहेको थियो।

# अध्याय - ८

# एमहर्स्टमा बिताएका समयहरू

## (सन् १८२६- सन् १८२७)

बर्मा र बेलायतको बिचमा सन् १८२६ फेब्रुअरी २४ तारिख शान्ति सन्धि भयो। मार्च महिना ६ तारिख जड्सनको परिवार सानी छोरी मरियाको साथ बेलायत आर्मीको सुरक्षासहित यात्रा सुरु गरेर रङ्गुनमा मार्च २१ मा आइपुग्नुभयो। अन्तमा कारागारबाट छुटकारा पाएको जड्सन नघटेको जोससहित आफ्नो कामतिर फर्किनुभयो। अङ्ग्रेजहरूले अनुवादकको रूपमा उहाँको कामलाई महत्त्वपूर्ण ठानी उहाँलाई आफूसित रहेर काम गर्न तीन हजार डलर बराबरको तलब दिन तयार भए, तर त्यो कुरालाई जड्सनले इन्कार गर्नुभयो।

जड्सन आफ्नो सबै अस्वस्थपनबाट चाँडै निको हुनुभयो, र अहिले पूर्ण रूपमा स्वस्थ हुनुहुन्थ्यो। उहाँ कारागारमा परेको केही महिनाहरूपछि जन्मेकी सानी नानी मरिया पनि स्वस्थ देखिन थालिन्।

थप सहयोग अमेरिकाबाट आइसकेको थियो। वेड युद्ध अन्त हुनको लागि कोलकातामा पर्खिरहेको हुँदा बर्मा जानको लागि जर्ज डाना बोर्डम्यान पनि आइपुग्नुभयो, जसको थोरै समयको समर्पणतासहितको सेवाले अमेरिकी इसाईहरूको बिचमा उहाँको नामलाई सुगन्धित नाम तुल्यायो। उहाँ एउटा असल मिसनरीको रूपमा देखिनुभयो, त्यो कामको लागि पूर्ण रूपमा योग्य, प्रेमिलो स्वभाव भएको र भक्तिमा जोसिलो हुनुहुन्थ्यो। केही दिनहरू अगाडि मात्रै उहाँले एउटा पत्रिकामा आरकनमा कोलम्यानको मृत्युको बारेमा पढ्नुभयो। आँखाको एक झिमिकमा उहाँमा एउटा प्रश्न आयो र उत्तर पनि आयो: “त्यो ठाउँलाई लिन को जाने?” “म जानेछु।”

बोर्डम्यानले सारा हलसँग विवाह गर्नुभएको थियो। सानो उमेरदेखि नै

सारामा मिसन सेवाहरूप्रति एउटा चासो थियो। सारा दस वर्षकी हुँदा रङ्गुनमा श्रीमती एन जड्सनको जेठो छोरा रोजरको मृत्यु भयो, त्यो थाहा पाएर तिनले एउटा कविता लेखिन्। तर आवा र अउङ-पेन-लमा लगातार भोगेको त्रासको कारण पूर्ण रूपमा बल सिद्धिएर प्रभुको उपस्थितिमा जानुभएको आफ्नो बाल्यकालको आदर्श नायिका श्रीमती एनको स्थानलाई आफूले लिन गइरहेको छु भनी तिनलाई थाहा थिएन।

वेड र बोर्डम्यान जड्सनबाट खबर आउने बेलासम्म कोलकातामा चिन्तित भएर पर्खिरहेका थिए। यद्यपि उहाँहरूले समयलाई खेर फाल्नुभएन। जति सक्छ त्यति बर्मी भाषा सिक्दै हुनुहुन्थ्यो, र ब्याप्टिस्ट मण्डलीमा अङ्ग्रेजीमा प्रचार गर्दै हुनुहुन्थ्यो; आफ्नो परिश्रमद्वारा मानिसहरू उद्धार पाएको र बप्तिस्मा लिएको कुरालाई हेर्ने मौका पनि पाउनुभयो। जड्सनबाट खबर आइसकेपछि उहाँहरू उता गएर जड्सनलाई उत्तम लाग्ने ठाउँमा सेवा गर्न तयार भए।

रङ्गुनमा जड्सन कारागारबाट फर्केर आउँदा युद्धले गर्दा आफ्ना साथीहरूले त्यो ठाउँ छोडेको देख्नुभयो, साथै अठार जना भएको स्थानीय मण्डलीको सङ्ख्या अहिले घटेर चार जनामा पुगेको देख्नुभयो। शिक्षित विश्वासी माउङ-श्वा-नौ युद्धको बेलामा गाउँतिर जानुभएको थियो र हैजाले त्यहाँ नै मर्नुभयो। बाँकी भएका चार जना चेलाहरूमध्ये दुई जनाचाहिँ मिसन घरमा नै रहेको माउङ श्वाह र आवामा श्रीमती एनले सामना गरेका कठोर परिस्थितिहरूको बिचमा इमानदारितासाथ उहाँलाई साथ दिएको माउङ इङ्ग हुनुहुन्थ्यो, र बाँकी दुई जनाचाहिँ विश्वसनीय स्त्रीहरू मब-मेन-ल र मा-डोके। यी चार जना चेलाहरूचाहिँ जड्सनलाई जहाँ असल लाग्छ त्यो ठाउँमा मिसन स्थापना गर्न साथमा जान तयार भए।

रङ्गुनमा रहनु अब सोच्न नसक्ने कुरा थियो। युद्ध पछाडिको भोकमरी, कानुनहीनता र बेलायती सेनाको सहारा लिएको कारण राजाले रङ्गुनका प्रजाहरूको बिचमा गर्न गइरहेको नरसंहार यी कुराहरूले मिसनरीहरूलाई रङ्गुन छोड्न बाध्य बनायो।

अब बर्मीहरूलाई सुसमाचार सुनाउन रङ्गुनमा नै रहनुपर्ने आवश्यकता पनि भएन। बेलायतसँगको युद्धले गर्दा बर्माको लामो समुद्रसँग जोडिएको एक भूभागलाई बर्माले बेलायतलाई दिन बाध्य भयो। यो भूभाग झन्डै पाँच सय माइल लामो र असी माइल चौडाइको थियो। बर्मीहरूले भरिएको यो भूभागमा आवाबाट भागेर आउने बर्मीहरू पनि शरण लिन आउँथे। यो भूभागलाई टेनासेरिम भनिन्थ्यो। यहाँ जड्सन बेलायतको शासनमुनि रहेर कुनै सतावटविना सुसमाचार प्रचार गर्ने मौका पाउनुहुन्छ।

बेलायतको कमिस्नर श्रीमान् क्रफोर्डले जड्सनलाई त्यो प्रान्तमा राजधानी स्थापना गर्न उचित ठाउँ खोज्नको लागि आफूसित जान बोलाउनुभयो। जड्सनको भाषाको ज्ञानले उहाँलाई यो मौका दियो। अन्तमा उहाँहरूले सालवीन नदी समुद्रमा जोडिने ठाउँलाई राजधानीको रूपमा छाने, र भारतको गभर्नर एमहर्स्टलाई सम्मान गर्ने उद्देश्यसहित त्यो नयाँ छानिएको ठाउँको नाम एमहर्स्ट राखियो।

सन् १८२६ जुलाई २ तारिख जड्सनले एमहर्स्टमा मिसनरी सेवा सुरु गर्नुभयो। विश्वासयोग्य चार जना विश्वासीहरू स्थानीय मण्डलीको मुटुको रूपमा थिए, र चाँडै नै वेड र बोर्डम्यानको परिवार त्यहाँ आउन लागेका थिए। त्यो जङ्गलको बिचमा पहिले आएर बसोबास गर्ने उहाँहरू नै थिए। नयाँ सहर चाँडै नै वृद्धि हुने सम्भावना थियो। भर्खरै तीन सय जना बर्मीहरू त्यहाँ आएका थिए, र अझै तीन हजार जना आइरहेका कुराहरू पनि बताए।

तर जड्सनले मिसनरी सेवालाई सुरु गर्नुभन्दा अगाडि उहाँ फेरि एकपल्ट आवा जान बाध्य हुनुभयो। बेलायत सरकारको पक्षमा बर्माको राजासँग एउटा व्यापारिक सन्धिको बारेमा वार्ता गर्नको लागि क्रफोर्डले जड्सनलाई आफूसित जान निम्तो दिनुभयो। जड्सनले तुरुन्तै इन्कार गर्नुभयो, तर यदि उहाँ जानुभयो भने सन्धिमा बर्मीहरूलाई धार्मिक स्वतन्त्रता दिने कुरा पनि एउटा बुँदाको रूपमा राखिन्छ भनी उहाँलाई बताइयो; यसैले उहाँ जान तयार हुनुभयो।

सन् १८२६ सेप्टेम्बर ३० तारिख उहाँ आवा आइपुग्नुभयो, र त्यहाँ साढे दुई महिना बिताउनुभयो। यो समय उहाँको जीवनको दुःखदायी समय बन्न पुग्यो। उहाँ जेलमा आफूले भोगेको डरलाग्दा कुराहरूलाई स्मरण गर्न बाध्य हुनुभयो। मूर्खता र कठोरताले भरिएको बर्मी दरबारमा उहाँ सन्धिको लागि लडिरहनुभयो। उहाँले चाँडै थाहा पाउनुभयो कि राजाले कुनै पनि हालतमा आफ्ना प्रजाहरूलाई धार्मिक स्वतन्त्र दिनुहुन्न। यी सबै दुःखहरूलाई मुकुट पहिराइदिएको जस्तै नोभेम्बर ४ तारिख उहाँको हातमा एउटा चिठी आइपुग्यो, जसमा श्रीमती एनको निधन भएको खबर थियो।

श्रीमान् एमहर्स्टबाट आवातिर गइसकेपछि उहाँले असल निर्णयको साथ काम सुरु गर्नुभयो। एमहर्स्टमा एउटा बाँसको घर र दुई वटा स्कुलको कोठाहरू बनाउनुभयो। त्यसमध्येमा एउटामा दस जना बर्मी बच्चाहरूलाई शिक्षा दिने जिम्मेवारी माउङ इङ्गलाई दिइयो, र एन आफैले आइतबारको सङ्गति चलाउनुभयो।

तर यी सबै परिश्रमको बिचमा उहाँ ज्वरोले थला पर्नुभयो, र पहिले भोगेका दुःख र समस्याहरूले गर्दा उहाँले अहिले यो कुरालाई सामना गर्न सक्नुभएन, र सन् १८२६ अक्टोबर २४ तारिख आफ्नो सैँतिस वर्षको उमेरमा श्रीमती एन परमप्रभुकहाँ जानुभयो। यस्तो ज्वरोलाई पहिले नै सामना गर्नुभएको उहाँको श्रीमान् साथमा हुनुभएको भए यो परिस्थितिबाट उम्किनुहुन्थ्यो होला, तर जड्सन टाढा आवामा हुनुहुन्थ्यो। उहाँ मृत्युको ओछ्यानमा हुँदा सान्त्वना दिन कुनै पनि मिसनरीहरू साथमा थिएनन्। बर्मी विश्वासीहरू बच्चाहरूजस्तो सहायता गर्न नसक्ने अवस्थामा उहाँको वरिपरि जम्मा भएका थिए, र उहाँका अन्तिम शब्दहरू तिनीहरूले नै सुने।

सन् १८२७ जनवरी २४ तारिख जड्सन एमहर्स्टमा फर्किनुभयो। उहाँको हृदय विचलित भएको थियो। आमालाई गुमाएको सानी नानी मरियालाई दुई महिना अगाडि त्यहाँ आइसक्नुभएको श्रीमान् वेडकी श्रीमतीले हेरचाह गरिरहनुभएको थियो। दुई महिना पछाडि श्रीमान् बोर्डम्यानको परिवार पनि त्यहाँ आइपुग्नुभयो। अब मिसनरीहरूको सङ्ख्या पाँच पुग्यो, तर स्थानीय

मण्डलीको सङ्ख्या माउङ इङ्ग त्यहाँबाट गएकाले घट्यो। श्रीमती एनको सबै दुःखको बिचमा विश्वासयोग्य सहयोगीको रूपमा रहनुभएको माझी माउङ इङ्ग आफूले पहिले काम गरेका भूभागहरूमा सुसमाचार सुनाउन मिसनरी भएर गए।

बोर्डम्यानले जड्सनलाई पहिलोपल्ट भेटेको कुराको बारेमा यसरी बताउनुभयो, "उहाँ दुःख र कष्टले गर्दा अति दुर्बल भएको देखिनुभयो।" यद्यपि जड्सनले आफ्नो मिसन सेवालाई बेवास्ता गर्नुभएन। उहाँले हरेक आइतबार बर्मीहरूलाई आराधनामा डोऱ्याउनुभयो, र हरेक दिन हुने पारिवारिक सङ्गतिमा लुकेर आउने बर्मीहरूलाई ख्रीष्टको बारेमा बताउनुभयो। यसको साथ नयाँ करारको अनुवादमा आफूलाई सन्तुष्टि नभएका कुराहरूलाई सुधार्ने कुरामा पनि व्यस्त हुनुहुन्थ्यो। विद्यालयलाई चाहेको दुइटा प्रश्नोत्तर पुस्तिकाहरू पनि तयार पार्नुभयो, र उहाँको दुःखित हृदयले भजनसंग्रह अनुवाद गर्ने कामलाई सुरु गर्नुमा सान्त्वना खोजिरहेको थियो।

सानी छोरी मरिया जड्सनको सबै परिश्रम र दुःखको बिचमा एउटा सान्त्वना थिइन्, तर चाँडै तिनीबाट पनि उहाँ छुटिनुपर्ने भयो। उहाँ लेख्नुहुन्छ: "सन् १८२७ अप्रिल २४ तारिख मेरी सानी छोरी मरियाले दुई वर्ष तीन महिना पूरा भएकी हुँदा आफ्नो अन्तिम सास फेरिन्, र तिनको स्वतन्त्र भएको आत्मा, म विश्वास गर्छु, आफ्नी प्रिय आमाको काखमा पुग्यो।"

कोलकाताबाट भर्खरै आएको बोर्डम्यानले दफनको लागि सबै तयारी गर्नुभयो, र बक्सा पनि बनाउनुभयो। भोलिपल्ट बिहान नौ बजे आफ्नी आमालाई गाडेको त्यहीँ नै रूखमुनि मरियालाई राखियो। बोर्डम्यान लेख्नुहुन्छ: "चिहानबाट फर्किसकेपछि मेरो र जड्सनको बिचमा परमेश्वरको दया र अनुग्रहको बारेमा आनन्दको बातचित भयो। जड्सन आफ्नो दुःखबाट माथि उठ्नुभएको जस्तो देखिनुभयो।"

उनन्चालिस वर्षको उमेरमा आफ्नी श्रीमती र दुइटा बच्चा गुमाएको अवस्थामा जड्सनले संसारमा आफूलाई एकलो भेटाउनुभयो।

एमहर्स्टदेखि पच्चीस किलोमिटर टाढा स्थापित भएको मौलमेन सहर एमहर्स्टभन्दा छिटो वृद्धि हुन थाल्यो, त्यो पनि नयाँ सहर नै थियो। एमहर्स्टमा जनसङ्‌ख्या एक हजार दुई सय हुँदा मौलमेनको जनसङ्‌ख्या तीव्र गतिमा बढेर बीस हजार पुग्यो। यी सबैको कारण बेलायती अधिकारीहरूको बिचमा भएको बेमेल थियो।

श्रीमान् आर्चिबल्ड क्याम्बेलले मौलमेनलाई पछिको समयमा राजधानीको रूपमा घोषणा गर्नुभयो। एमहर्स्टभन्दा मौलमेनको बन्दरगाह पनि ठुलो थियो। यसैले त्यो सहर तीव्र गतिमा वृद्धि हुँदै गयो; यसैले मिसनलाई मौलमेनमा सार्नु उत्तम देखियो। सन् १८२७ मे १८ तारिख बोर्डम्यानको परिवार मौलमेनमा गएर बाँसले बनाएको एउटा घरलाई मिसन घरको रूपमा लिए। मिसन घरको ठाउँ श्रीमान् क्याम्बेल आफैले तोकिदिए, यो ब्यारेकदेखि एक माइल दुरीमा थियो, र घनघोर जङ्गलको छेउमा एकान्त ठाउँ थियो।

अगस्ट १० तारिख जड्सन एमहर्स्टमा भएको सानो घर र संसारमा उहाँको अति प्रिय व्यक्तिहरूको रूपमा रहेको आफ्नी श्रीमती र छोरीको चिहानलाई छोडेर एमहर्स्टबाट मौलमेनमा बसाइँ सर्नुभयो। नोभेम्बर १४ तारिख श्रीमान् वेडको परिवार र स्थानीय इसाईहरू साथै तेह्र जना स्थानीय विद्यार्थीहरू पनि मौलमेनमा आइपुगे। यद्यपि स्त्रीहरूमध्ये पहिलो बर्मी विश्वासी एमहर्स्टमा हुँदा नै बितिन्, र तिनलाई पनि श्रीमती एनकै छेउमा राखियो। दुःख आउँदा एकलो जासुसको रूपमा आउँदैन, तर फौजको रूपमा आउँछ। उहाँकी श्रीमती बितेको छ महिनाभित्र सानी छोरी मरिया बितिन्, र तीन महिनाभित्र उहाँले आफ्नो बुवाले संसार छोडेको खबर पनि सुन्न बाध्य हुनुभयो।

# अध्याय - ९

# मौलमेनमा बिताएका समयहरू

अब जड्सन चालिस वर्ष पुगिसक्नुभयो। जीवनको मध्य भागमा आई पुगिसक्नुभएको थियो। अहिले उहाँ जवान पनि हुनुहुन्न, न त वृद्ध – यो समयमा नै हो, मानिसले आफ्नो बितेको र अगाडिको कुरालाई सोच्न थाल्छ। उहाँ उन्नाइस वर्षको हुँदा उच्च विद्यालयबाट स्नातक हुनुभयो; एक्काइस वर्षमा उद्धार पाउनुभयो; बाइस वर्षमा मिसनरी बन्ने निर्णय गर्नुभयो; चौबीस वर्षमा श्रीमती एन ह्यासलटाइनलाई विवाह गर्नुभयो र भारततिर यात्रा सुरु गर्नुभयो; पच्चीस वर्षको हुँदा रङ्गुनमा आइपुग्नुभयो; एकतीस वर्षको उमेरमा पहिलो बर्मीलाई बप्तिस्मा दिनुभयो; चौतीस वर्षको उमेरमा नयाँ करारलाई बर्मी भाषामा अनुवाद गर्नुभयो; छत्तीस वर्षको उमेरमा आवामा कैदमा पर्नुभयो; अठतीस वर्षको उमेरमा श्रीमती एनको मृत्युको खबर सुन्नुभयो; र उनन्चालिस वर्षको उमेरमा आफ्नी सानी छोरी मरियालाई आमाको छेउमा गाड्नुभयो। अहिले उहाँले आफूलाई एकलो भेटाउनुभयो, र यथार्थमा उहाँमा एउटा प्रश्न पक्कै उठ्यो होला, "मैले गरेको काम र भोगेको दुःखको परिणामको रूपमा मसँग देखाउन के छ?" उहाँले अति नै प्रिय ठानेका कयौँ लक्ष्यहरूचाहिँ चकनाचुर भए। उहाँको परिवार अहिले छैन। रङ्गुनमा सुरु भएको सानो मण्डलीले अहिले आफ्नो अस्तित्वलाई नै गुमाएको छ भन्दा पनि हुन्छ। अति थोरै बर्मीहरू मात्रै परमेश्वरलाई चिनेर विश्वास गर्न आएका छन्। यतिखेरका समयहरूमा उहाँले लेखेका पत्रहरूमा एउटा गहिरो एक्लोपन देखिन्थ्यो।

अमेरिकी इसाईहरूले सहायता पठाउनुमा गरेको ढिलोपनाले उहाँको दुःखलाई झन् तीव्र बनायो। युद्ध गर्न आफूलाई एकलो छोडिएको जस्तो अनुभव उहाँले गर्नुभयो।

एमहर्स्टबाट मौलमेनमा ठाउँ सर्ने समयमा पनि उहाँहरूको सङ्कटको समय थियो। अहिले उहाँ जवानीपनको जोसले जगाइनुहुन्न। आवा र अउङ-पेन-लमा भोगेको सतावटले उहाँको शरीर पनि कमजोर भइसकेको थियो। उहाँ एकलो हुनुहुन्थ्यो। तर कठोर परिस्थितिहरूलाई सामना गर्ने उहाँको स्वभाव निराशामा बिलेर गएन। यी समयहरूमा उहाँ आवश्यकता भन्दा बढी खतरापूर्ण आत्मत्यागतिर गएको जस्तै देखिन्थ्यो, तर उहाँको स्वस्थ आत्मा चाँडै नै सन्तुलनमा आयो। उहाँले नयाँ कामहरूमा र आत्मत्यागमा सान्त्वना पाउनुभयो।

उहाँ प्रार्थना गर्ने मानिस हुनुहुन्थ्यो। व्यक्तिगत प्रार्थना हिँडेर गर्ने बानी उहाँमा थियो। कोठाभित्र उहाँ हिँडेको आवाजलाई सुन्दा बच्चाहरूले "पापा प्रार्थना गर्दै हुनुहुन्छ" भन्थे।

यो रोग, दुःख र एकान्तका समयहरूमा उहाँ अति आत्मत्यागतिर खिचिनुभयो। बेलायत सरकारलाई बर्मासँग सन्धि गर्न गरेको सहायताको लागि दुई हजार छ सय डलर जड्सनलाई दिइयो, साथै उहाँ आवामा हुँदा पाएका इनामहरू सबै मिलेर एक हजार डलर बराबर भयो, यी सबै रकमलाई उहाँले मिसन सेवाको लागि भनी दिनुभयो। यी सबै कुरालाई उहाँले आफ्नो उपहार सम्झिनुभएन। एउटा मिसनरीले सेवामा हुँदा गर्न पाएको अन्य कामहरूद्वारा जति कमाउँछ त्यो सबै उसलाई काममा लगाएको समितिलाई जानुपर्छ भन्नु नै उहाँको धारणा थियो। यसरी कमाएको सबै पैसालाई मिसनलाई दिनु मात्र नभएर बिस्तारै जम्मा गरेर ल्याएको आफ्नो सारा सम्पत्तिलाई एकै पल्टमा मिसनलाई दिनुभयो।

यसरी उहाँले क्रूसमा किला लगाएर टाँगिएको सांसारिक अभिलाषाहरूमा पैसाको लोभ मात्र थिएन। ख्याति प्राप्त गर्नु भन्ने उहाँको जन्म-स्वभाव, जुन उहाँको आमा बुवाद्वारा बाल्यकालमा अझै बढेको थियो, त्यसलाई पनि क्रूसमा टाँग्नुभयो। सन् १८२३ मा ब्राउन युनिभर्सिटीले उहाँलाई 'डाक्टर अफ डिभिनिटी' भन्ने मानार्थ उपाधि दिन खोज्दा उहाँले त्यसलाई इन्कार गर्नुभयो। उहाँलाई सम्मान स्वरूप भारतको गभर्नरले पठाएको धन्यवादको पत्रलाई पनि

र अन्य त्यस्ता पत्रहरूलाई पनि उहाँले नष्ट गर्नुभयो।

तर सबैभन्दा कठोर आत्मत्यागचाहिँ समाजबाट अलग रहनु थियो। बेलायतीहरूको भोजबाट साथै आर्चिबल्डजस्ता उच्च ओहोदामा भएका मानिसहरूसँग लामो बातचित गर्नुबाट अलग रहनुको कारण समाजसँग कसरी सम्पर्क राख्नुपर्छ भनी उहाँले नजानेकाले होइन। यथार्थमा उहाँ सबैसँग मिल्ने मिलनसार स्वभाव भएको व्यक्ति हुनुहुन्थ्यो, र उहाँ हँसाउने स्वभावको र आफूसँग बातचित गर्नेहरूलाई गहिरो रूपमा प्रभाव पार्ने खालको पनि हुनुहुन्थ्यो। तर उहाँ समाजबाट अलग रहनुचाहिँ एउटा आत्मत्याग मात्र थियो ।

उहाँले आफ्नो वरिपरि भएका मानिसहरूको जीवनमा ध्यानसित नियालेर सघाउने र उत्साह दिने काम गर्नुहुन्थ्यो। अरूलाई सान्त्वना दिने उल्लेखनीय वरदान पनि उहाँमा थियो; उहाँ साँच्ची नै सान्त्वनाको पुत्र हुनुहुन्थ्यो। एउटी आमालाई गुमाएकी स्त्रीलाई सान्त्वना दिन उहाँ पुगेर फर्किसकेपछि त्यो स्त्रीले आफ्नी साथीलाई लेखेको चिठीमा यसरी लेखिन्: "उहाँ छुट्टै प्रकारको सहानुभूतिपूर्ण व्यक्ति हुनुपर्ने, त्यस्तो होइन भने यसरी उहाँ हरेकको दुःखमा प्रवेश गर्न सक्नुहुन्न थियो।" कोही पीडामा छ भने निश्चय नै उहाँ त्यहाँ भइहाल्नुहुन्थ्यो। व्याकुल भएको हृदयको भित्रीय भागलाई छुने गरी उहाँको हरेक शब्द ध्यानसित बोलिएको देखिन्थ्यो।

एमहर्स्ट र मौलमेन एक-अर्काबाट पच्चीस माइल दुरीमा थिए। दुवै जङ्गलको बिचमा स्थापित भएर विस्तार हुँदै गइरहेको थियो, तर आर्चिबल्ड क्याम्बेलले आफ्नो सेनाको मुख्यालयको रूपमा मौलमेनलाई छानिसकेपछि त्यो ठुलो सहरको रूपमा विस्तार भयो, र एमहर्स्ट अगणनीय हुन पुग्यो।

मिसनरीहरूले सुरुमा दुवै ठाउँमा मिसन स्थल स्थापित गर्ने इच्छा बोके तापनि पछिको समयमा आफ्नो सम्पूर्ण ध्यानलाई मौलमेनमा नै दिने निर्णय गर्नुभयो। सुरुमा बोर्डम्यान आएर आर्चिबल्डले दिएको जमिनमा मिसन घर स्थापना गर्नुभयो। त्यसपछि वेडको परिवार त्यहाँ आउनुभयो, अन्तमा जड्सन

पनि आएर त्यहाँ उहाँहरूसँग मिलेर काम सुरु गर्नुभयो।

उहाँ त्यहाँ आउँदा स्थानीय विश्वासीहरू साथै स्थानीय बच्चाहरूलाई पनि साथमा ल्याउनुभएको थियो। मिसनरीहरू त्यहाँ आइसकेपछि पौवाहरू स्थापना गरेर सुसमाचारीय कामलाई अगाडि बढाउन थाले। मिसन घरमा बोर्डम्यानले परिश्रम गर्नुभयो, र मिसन घरदेखि साढे दुई माइल उत्तर दिशामा सहरको माझमा जड्सनले परिश्रम गर्ने पौवा थियो; श्रीमान् वेडले मिसन घरदेखि आधा माइल दक्षिणतिर गाउँहरूको बिचमा पौवामा परिश्रम गर्नुभयो। यी सबैको साथ माउङ श्वाबा र माउङ इङ्ग दुवैले अर्को पौवामा आउने जाने यात्रीहरूलाई पालैपिच्छे धर्मशास्त्रबाट पढेर सुनाए। यसरी गरेको सेवाद्वारा उद्धार पाएको माउङ द्वाले बप्तिस्मा पाएर एमहर्स्टमा गएर त्यस्तै प्रकारको सेवा सुरु गर्नुभयो।

पौवाद्वारा गरिएको सेवा मात्र सफलताको मुकुट पहिरेको नभएर विद्यालयको काम पनि सफल हुँदै गयो। वेडकी श्रीमती र बोर्डम्यानकी श्रीमतीको नेतृत्वमा केटीहरूको लागि सञ्चालित विद्यालय पनि बढ्दै गयो, जसमा शिक्षाको साथ धार्मिक कुराहरू पनि सिकाइन्थ्यो। अथक बोर्डम्यानले केटाहरूको लागि पनि छुट्टै विद्यालय खोल्नुभयो। जड्सनले एकपल्ट छात्राहरूको विद्यालयमा सुरु भइरहेको जागृतिको बारेमा आनन्दसहित कुरा गर्नुभयो।

यसरी मिसन सेवालाई मौलमेनमा विस्तार गर्न गरिरहेको परिश्रमको बिचमा पनि जड्सनले आफ्नो अनुवादको कामलाई रोक्नुभएन। पौवाको काम र विद्यालयको काम सिद्धिएर आए पछिका समयहरू अनुवादको कामले भरिन्थ्यो। उहाँले एमहर्स्टलाई छोड्नुभन्दा अगिदेखि नै पुरानो करारलाई बर्मी भाषामा अनुवाद गर्ने विशाल कामलाई सुरु गर्नुभएको थियो।

यसरी मौलमेनमा प्रचार, शिक्षा र अनुवादको काममा व्यस्त भइरहेको हुँदा पनि रङ्गुन र एमहर्स्टमा उहाँले छोडेर आएको धिपधिपाउने आगोलाई उहाँले बिर्सनुभएन। विशेष रङ्गुनमा जहाँ उहाँले पहिलोपल्ट ख्रीष्टको

झन्डालाई गाड्नुभएको थियो, जुन ठाउँलाई राजाको असहनीयताले उहाँ छोड्न बाध्य हुनुभयो। त्यहाँको मण्डली स्थानीय पास्टर को–तहको नेतृत्वमा पुनर्गठित भयो, जो आफै पनि रङ्गुनको सुरुको मण्डलीको विश्वासी हुनुहुन्थ्यो।

को–तह आफ्नो प्रचारबाट ख्रीष्टलाई ग्रहण गरेर बप्तिस्मा लिन चाहनेहरूको बारेमा के गर्ने भन्ने सल्लाह लिन जड्सनलाई भेट्नको लागि मौलमेनमा आउनुभयो। उहाँलाई नै रङ्गुन मण्डलीको पास्टरको रूपमा अभिषेक गर्नु मिसनरीहरूलाई उचित देखियो।

स्थानीय मण्डली भन्ने त्यो मौलिक ईश्वरीय विचारमा कति ठुलो जीवनको शक्ति हुँदो रहेछ। सन् १८१३ मा जड्सन र एनले रङ्गुनमा इरावती नदीको मुखमा आफ्नो घरमा दुई जना मात्र बसेर ख्रीष्टको मृत्युलाई सम्झेर प्रभु–भोज लिँदा यो मण्डली सुरु भएको थियो। दुई जनाबाट सुरु भएको मण्डली बिस्तारै बढेर बीस जना पुग्यो। त्यसपछि युद्ध आयो। मण्डलीको पास्टर जड्सन आवामा कैदमा पर्नुभयो। मण्डली फेदमै काटियो। चार जना मात्रै बाँकी रहे र तिनीहरूलाई पनि एमहर्स्टमा सारियो। दुई वर्ष पछाडि देशको भित्रीय भागमा हराएको को–तह मौलमेनमा पहिलोपल्ट देखा पर्नुभयो। यी समयहरूमा उहाँ रहस्य रूपमा सुसमाचार प्रचार गर्दै रहनुभएको थियो, र अहिले आफूले प्रभुमा डोऱ्याएका मानिसहरूलाई बप्तिस्मा दिन चाहनुभएको छ। काटिएको रूखको ठुटोबाट पालुवा निस्केर आजसम्म पनि फूल फुलेर फल फलाएको छ। जड्सनले काम गरेको धेरै वर्ष पछाडि सन् १८९२ मा रङ्गुन मिसनमा छयासी वटा मण्डलीहरू र चार हजार पाँच सय उनहत्तर जना सदस्यहरू थिए।

बर्माको पहिलो स्थानीय पास्टर को–तह एउटा असल सेवक बन्न पुगे। बारम्बार नयाँ मानिसहरूको उद्धारको खबरलाई मौलमेनमा पठाएर मिसनरीहरूलाई खुसी तुल्याए। जड्सनले एमहर्स्टलाई पनि बिर्सनुभएन, जहाँ उहाँकी प्रिय पत्नी र छोरीको चिहान पनि थियो; ती भागहरूमा छोडिएका विश्वासीहरूको वास्ताको लागि माउङ इङ्गलाई पास्टरको रूपमा अभिषेक

गरेर एमहर्स्टमा पठाइयो। माउङ इङ्ग विश्वासयोग्य र असल काम गर्नुमा अति उत्सुक व्यक्ति भए तापनि सेवकको रूपमा उहाँको काम सफल नभएको देखियो।

तर अहिले यो थोरै सङ्ख्यामा भएको मिसनरीहरूको समूह छुटेर छरेर बस्नुपर्ने देखियो। सुसमाचारको ज्योति अन्धकारले भरिएको देशको विभिन्न भागहरूमा चम्किनुपरेको थियो। बोर्डम्यानको परिवारले नै मौलमेनमा सेवालाई सुरु गरे तापनि उहाँहरूले बलिदान स्वरूप त्यो ठाउँलाई छोडेर टावइतिर जाने निर्णय गर्नुभयो। मौलमेनदेखि एक सय पचास माइल टाढा रहेको यो ठाउँ नै मौलमेन पछिको मुख्य ठाउँ थियो। सन् १८२८ मार्च २९ तारिख मिसनरीहरू एक साथ बसेर सात महिना मात्र बितेको हुँदा बोर्डम्यानको परिवार टावइतिर यात्रा गर्नुभयो। साथमा केही स्थानीय करेन जातिका विश्वासीहरू र विद्यालयका चार जना छात्रहरू पनि गए। उहाँहरूले करेन जातिको बिचमा आफ्नो सेवा सुरु गर्नुभयो।

सन् १८२९ डिसेम्बर १५ तारिख जड्सनले आफ्नो भाइ एल नेइथनको मृत्युको खबर सुन्नुभयो, जसको उद्धारको लागि प्लाइमाउथदेखि बास्टन आउने बाटोमा सडकको छेउमा बसेर दुई जना मिलेर प्रार्थना गरेका थिए। खबर ल्याएको चिठीमा जड्सनको प्रार्थनाको उत्तर आएको पनि बताएको थियो, उहाँको भाइको मृत्यु ख्रीष्टलाई पाएपछि नै भएको थियो।

मौलमेनमा नयाँ दुई जना मिसनरीहरू श्रीमान् केपास बेन्नेट र उहाँकी श्रीमती आइपुग्दा छरिएर बस्नु भन्ने कुरालाई अझै बलियो रूपमा पछ्याउनुपर्छ भनी जड्सनलाई लाग्यो।

उहाँले मिसन स्थलहरूलाई वृद्धि गर्दै लाने कुरामा चासो देखाउनुहुन्थ्यो। यसैले नयाँ आउने एउटा मिसनरी सुरुको केही समयको लागि अनुभवी सेवकहरूसित रहे तापनि उसको अन्तिम लक्ष्यचाहिँ एकलै अझै टाढा ठाउँहरूमा जानु हुनुपर्ने थियो।

सन् १८३० फेब्रुअरी २१ तारिख फेरि राजाको शासनमुनि रहेको बर्माको भागमा परिश्रम गर्ने विचारसहित श्रीमान् वेडको परिवार जानुभयो। उहाँहरूबाट छुटिने कुरामा जड्सनलाई हुने दुःख केही समय पछाडि फेरि आफूलाई पनि त्यहाँ गएर भित्रीय भागहरूमा सेवा गर्ने मौका हुन्छ भन्ने आशाद्वारा कम भयो।

सन् १८३० अप्रिल २६ तारिख नयाँ आएको केपासको परिवारलाई साथमा लिएर जड्सन रङ्गुनतिर जानुभयो। थोरै दिन रङ्गुनमा वेडको परिवारसँग बिताएर पाँच जना स्थानीय विश्वासीहरूलाई साथमा लिएर उहाँ इरावती नदी हुँदै नाउँमार्फत एक सय सत्तरी माइल दुरीमा रहेको प्रोम भन्ने पुरानो सहरमा आइपुग्नुभयो। त्यहाँको एउटा पौवामा रहेर जड्सन र साथमा रहेका पाँच जना स्थानीय विश्वासीहरूले तीन महिनासम्म इमानदारसाथ त्यहाँ परिश्रम गर्नुभयो, तर अचानक त्यहाँका स्थानीयहरूले कठोरतासाथ व्यवहार गरे, र राजाको आदेशअनुसार जड्सन देश छोड्न बाध्य हुनुभयो।

जड्सनले दुःख र अनिच्छुकतासहित बर्माको मध्य भागहरूमा सुसमाचार लाने आफ्नो योजनालाई त्याग्न बाध्य हुनुभयो, तर उहाँ तुरुन्तै मौलमेनमा जानुभएन, रङ्गुनमा रहेर एक वर्षसम्म परिश्रम गरिसकेपछि बिस्तारै–बिस्तारै मात्र त्यो ठाउँ छोड्नुभयो।

यतिखेरको समयमा देशभरि एउटा अनौठो खालको धार्मिक तृष्णा फैलिन थाल्यो। हरेकले यो नयाँ धर्मको बारेमा जान्ने चासो देखाउन थाले। इसाइत्वको बारेमा पाउने सानो जानकारीलाई पनि मानिसहरूले पक्रिन थाले। जड्सनको घर सोधपुछ गर्ने भिडले भरियो। देशको भित्रीय भागमा प्रचार गर्ने मौका उहाँले नपाए तापनि रङ्गुनमा उहाँले स्वतन्त्रता साथ पर्चाहरू बाँड्नुभयो, र धर्मशास्त्र अनुवादको कामलाई अगाडि बढाउनुभयो, जुन कुराहरूचाहिँ इरावती नदीहरू हुँदै आवासम्म पुग्न थाल्यो। देशभरि फैलिरहेको यो धर्मप्रतिको चासोलाई सदुपयोग गर्ने निर्णयमा उहाँ आउनुभयो। यसैले यतिखेर छपाइको कामलाई वृद्धि गराउने निर्णयमा श्रीमान् केपासलाई र आफ्नो देशसम्म पनि उहाँले अनुरोध पठाउनुभयो।



**जड्सन अनुवाद गर्दै**

यसरी बर्मीहरूको तृष्णालाई पूरा गर्ने प्रयासको बिचमा पनि उहाँले धर्मशास्त्र अनुवादको कामलाई रोक्नुभएन। आफ्नो बर्मी सहकर्मीहरूलाई सोधपुछ गर्न आउनेहरूसँग बातचित गर्न दिएर उहाँ बुइगलमा अनुवादको काममा लागिरहनुभयो। उहाँले यो अनुवादको काममा यति लामो समय बिताउनुभएको थियो, कि रङ्गुन छोड्नुभन्दा केही समय अगाडि उहाँले आफ्नो दैनिकीमा यसरी लेखिराख्नुभयो: "सन् १८३१ जुलाई १९ तारिख। उत्पत्तिको किताब, प्रस्थानको बीस अध्यायहरू, भजनसंग्रह, श्रेष्ठगीत, यशैया र दानियलको किताबहरू अनुवाद गरी सिद्धियो।"

यति नै खेर मिसन बोर्डले आफ्नो देशमा एकपल्ट आउनको लागि अति प्रेम साथको अनुरोध पठाएको थियो। उहाँ यतिखेर बयालिस वर्षको हुनुहुन्थ्यो र अमेरिकाबाट आएर अठार वर्ष बितिसकेको थियो। उहाँको स्वास्थ्य पूरै बिग्रिसकेको थियो। आफ्नो परिवारलाई चिहानमा राखिसक्नुभएको थियो। मौलमेनको बन्दरगाहबाट बेलायत अथवा अमेरिकातिर जाने कुनै पनि जहाजले आफ्नो स्वदेशमा जाने नियन्त्रण गर्न नसकिने इच्छालाई आफूमा नजगाईकन गएको आफूले कहिल्यै देखेको छैन भनी धेरै वर्ष पछाडि उहाँले भन्नुभएको थियो। यद्यपि मिसन बोर्डले पठाएको

www.tcmission.com

निमन्त्रणाको जवाफ स्वरूप उहाँले लेखेर भन्नुभयो, कि आफू घरतिर फर्किने निमन्त्रणालाई स्वीकार गर्नु उचित लागेन।

उहाँ रङ्गुनमा रहँदा टावइको जङ्गलमा बोर्डम्यान बितेको दुःखदायी खबर सुन्नुभयो। बोर्डम्यानको परिवारमा दुःख एक पछि अर्को गर्दै आयो। उहाँहरूको सानी छोरी सारा बितिन्। त्यसपछि टावइमा भएका स्थानीयहरू केही समयको लागि आफ्ना मालिकहरूको विरोधमा उठेको कारण त्यहाँ विद्रोह भयो। करेन जातिको लागि नयाँ नियुक्त मिसनरी श्रीमान् मेसन टावइमा सन् १८३१ जनवरी ३ तारिख आउनुभयो। यतिखेर बोर्डम्यान अति नै दुर्बल हुनुहुन्थ्यो। पूर्ण रूपमा थकित सबै बल सिद्धिएको अवस्थामा हुनुहुन्थ्यो। आफ्नो नयाँ सहकर्मी त्यो ठाउँमा आउँदा भर्खरै उद्धार पाएको केही करेन जातिका मानिसहरूलाई बप्तिस्मा दिन जङ्गलभित्र जाने तयारीमा हुनुहुन्थ्यो। हड्डी र छाला मात्र भएको उहाँको शरीरलाई केही दिन लाग्ने जङ्गलको यात्रामा बोकेर जानुपरेको थियो। सबैले हुँदैन भने तापनि बोर्डम्यान आफ्नो उद्देश्यलाई पूरा गर्ने निर्णयमा हुनुहुन्थ्यो। यात्रा सुरु गरिसकेपछि पनि फर्केर जाने सल्लाह दिँदा उहाँले यसरी जवाफ दिनुभयो, "परमेश्वरको काम मेरो स्वास्थ्य भन्दा महत्त्वपूर्ण छ, र यदि अहिले म फर्केर गएँ भने हाम्रा सबै उद्देश्यहरू पराजित हुन्छन्। परमेश्वरको काम अगाडि बढेको म देख्न चाहन्छु।"

केही दिनहरूको जङ्गलभित्रको लामो यात्रा पछाडि उहाँले चौतीस जना करेनहरू बप्तिस्मा पाएको देख्नुभयो, र त्यसपछि जङ्गलको मुटुमा नै सन् १८३१ फेब्रुअरी ११ तारिख तीस वर्षको उमेरमा आफ्नो अन्तिम सास फेर्नुभयो। यसैले श्रीमती सारा हल र साढे दुई वर्षको छोरा जर्जलाई अन्योल र एकलोपनमा छोडेर बोर्डम्यान जानुभयो। यतिखेर जड्सनले सारालाई पत्रमार्फत यसरी सान्त्वना दिनुभयो:

"सन् १८३१ मार्च ४ तारिख, रङ्गुन।

मेरी प्रिय बहिनी: – तपाईंले अहिले तितो कचौराबाट पिउँदै हुनुहुन्छ,

जसको थिग्रासँग म केही मात्रामा परिचित छु। र केही समय अगाडिदेखि नै यो आउनेछ भनी तपाईंले थाहा भए तापनि म भन्छु, कि तपाईंले सोचेको भन्दा यो धेरै तितो हुन्छ। तपाईंजस्तो यो अवस्थामा भएका व्यक्तिहरूले सबै सान्त्वनालाई अस्वीकार गर्नु, मृतकलाई नै बढी सम्झिनु र आफ्नो प्रिय मानिसलाई चाँडै नै बिर्सन्छौं कि भनी डराउनु सामान्य हो। तर चिन्ता नगर्नुहोस्। तपाईंलाई म पक्का भन्न सक्छु कि तपाईंले चाहे तापनि नचाहे तापनि महिनौंसम्मको हृदयस्पर्शी पीडा तपाईंको अगाडि छ। म तपाईंलाई यही नै सल्लाह दिन सक्छु कि दुवै हातले कचौरा लिनुहोस्, र परमेश्वरले तपाईंको पवित्रताको निम्ति नियुक्त गर्नुभएको भोजनलाई चुपचाप स्वीकार गर्नुहोस्। तपाईंको प्रियको बारेमा कुरा गर्नुपर्दा तपाईंलाई थाहा छ, कि उहाँको सबै आँसु पुछिएको छ, र उहाँको निधारलाई छोपेको मुकुट सूर्यको प्रकाश भन्दा चम्किलो छ। तपाईंकी सानी छोरी सारा र अरूहरूले फेरि आफ्नो बुवालाई भेटाएका छन्; कमजोर, पापी क्षणभङ्गुर होइन, जसलाई तिनीहरूले संसारमा छोडेका थिए, तर एक अविनाशी सन्त, एक भव्य राजा। तपाईं तिनीहरूको लागि थप के चाहनुहुन्छ? यस कारण तपाईंको आँसु बगिरहँदा त्यसमा उचित अनुपातमा आनन्दको आँसु पनि बनोस्। यद्यपि आफ्नो दुई हातले तितो कचौरालाई लिएर आफ्नो भोजनको लागि बस्नुहोस्। तपाईंले चाँडै एउटा रहस्य थाहा पाउनुहुन्छ कि कचौराको तल्लो भागमा मिठास छ। तपाईंले आफ्नो जीवनमा कहिल्यै नचाख्नुभएको सबैभन्दा मिठो कचौराको रूपमा त्यसलाई भेटाउनुहुनेछ। तपाईंले स्वर्ग तपाईंको नजिक आउँदै गरेको भेटाउनुहुन्छ, र तपाईंको श्रीमान्को आवाजसँग तपाईंलाई भएको परिचय नै तपाईंलाई त्यहाँ जोड्ने माध्यम हुनेछ, र झन्डै आकाशीय सङ्गीतको क्षेत्रभित्र तपाईंलाई तान्ने छ।”

# अध्याय - १०

# मौलमेनमा बिताएका थप समयहरू

अब जड्सन मौलमेन फर्किने समय आयो। अहिले उहाँ मौलमेनबाट यता आएको तेह्र महिना बितिसकेको थियो, र जड्सन रङ्‌गुनमा रहँदा श्रीमान् वेडकी श्रीमतीको स्वास्थ्य गम्भीर भएकाले अमेरिका लानुपर्ने अवस्था देखियो। तर उहाँहरू अमेरिकातिरको यात्रा सुरु गर्दा बलियो हावाले उहाँहरूको जहाजलाई जानुपर्ने मार्गबाट फर्कायो, यसैले अन्तमा उपाय नभएर जहाज आरकन बन्दरगाहमा केही समय रहनुपर्ने भयो। यहाँ हुँदा वेडकी श्रीमतीको स्वास्थ्य सुध्रियो, यसैले उहाँहरू अमेरिकातिर जाने योजनालाई छोडेर मौलमेनमा आएर बसे। तर एउटा नयाँ मिसनरीहरूको समूह त्यहाँ आएकाले जड्सन त्यहाँ आउनु जरुरी भयो। श्रीमान् मेसनको परिवार, श्रीमान् किन्क्याइडको परिवार र श्रीमान् जोन्सको परिवार अमेरिकाबाट मिसनरीको रूपमा मौलमेनमा आएका थिए। मेसनको परिवार टावइ गइसकेको थियो, र जोन्सको परिवार जड्सन मौलमेन फर्किन सजिलो हुने गरी रङ्‌गुनमा गए, र किन्क्याइडको परिवार मौलमेनमा नै थिए।

उहाँ मौलमेनमा फर्किंदा सानो मण्डली बर्मीहरू, करेनहरू र तलिङहरूको बप्तिस्माले गर्दा सङ्ख्यामा वृद्धि भएको देखेर आनन्दित हुनुभयो। बीस लाख प्रति पर्चाहरू र अनुवाद भएको धर्मशास्त्रका भागहरू छापिएका थिए। दुई जना मिसनरीहरू जङ्गलभित्र रहेको चौध जना सदस्य भएको मण्डलीको वास्ताको लागि लगातार जङ्गलभित्र जाने–आउने गरिरहेका थिए; त्यो ठाउँमा पहिलोपल्ट सुसमाचार सुनाएको मिसनरीलाई सम्मान गर्ने रूपमा त्यो ठाउँको नाउँ वेडस्वइल भनी राखिएको थियो। सन् १८३१ मा जड्सनले बर्मा मिसनको प्रतिवेदन पठाउँदा त्यो वर्षमा दुई सय सत्र जनालाई बप्तिस्मा दिएको जानकारी दिनुभयो: मौलमेनमा एक सय छत्तीस जना, टावइमा छयहत्तर जना र रङ्‌गुनमा पाँच जना।

उहाँ मौलमेनबाट रङ्गुनमा फर्किसकेपछि नयाँ ठाउँहरूमा काम गर्न सुरु गर्नुभयो। उहाँको अनुवादको काममा उहाँलाई जहिले–जहिले वातावरणको बदलाइको आवश्यकता हुन्छ त्यति बेला उहाँ जङ्गलमा बस्ने करेन जातिहरूको बिचमा यात्रा गर्नुहुन्थ्यो। उहाँको चुप रहन नसक्ने आत्मामा देशको भित्रीय भागहरूमा जाने चाहना सधैँ हुन्थ्यो, र इरावती उपत्यका उहाँको अगाडि बन्द भएकोले सालवीन नदी र त्यसका उप–नदीहरू हुँदै देशको भित्रीय भागहरूमा जानु नै उपाय थियो।

करेन भन्ने नामले अर्थ दिए जसरी नै तिनीहरू जङ्गली मानिसहरू थिए। तिनीहरू बर्मा, थाइल्यान्ड र चीनको केही भागहरूमा छरिएर बसेका थिए। तिनीहरू नै त्यो भूमिका आदिवासीहरू र अधीनमा पारिएको जाति हुन्, र बर्मीहरूले यिनीहरूलाई तल्लो नजरले हेर्छन्।

करेनहरूको बिचमा मण्डली स्थापना गर्नको लागि मिसनरीहरूको पहिलो कदमचाहिँ उनीहरूलाई एकै ठाउँमा एउटा बस्ती बनाएर बसाल्ने कुरामा मन जित्नु थियो। यो तरिकाले नै वेडस्वइल गाउँको अस्तित्व आयो। यसरी इसाइत्व करेनहरूलाई सभ्य बनाउनलाई एउटा शक्तिशाली माध्यमको रूपमा प्रमाणित भयो, र अन्यजातिहरूको बस्तीभन्दा इसाई बस्तीहरू सङ्ख्यामा मात्र नभएर सरसफाइ र गल्लीहरूको व्यवस्थाले छुट्टै देखिन्थ्यो।

जड्सन करेनहरूको जङ्गलमा जाँदा हरेकपल्ट थकाइ र खतरालाई सामना गर्नुपरेको हुन्थ्यो। उहाँको साथमा सधैँ एउटा समूह जान्थ्यो। हरेकपल्ट उहाँले आठ अथवा दस जना चेलाहरूलाई साथमा लानुहुन्थ्यो, र उहाँहरूलाई सालवीन नदीको उप–नदीहरू हुँदै दायाँ र बायाँ पठाउनुहुन्थ्यो। तिनीहरू केही दिन पछि आएर आफ्नो परिश्रमको परिणामलाई आफ्नो शिक्षकलाई बताउँथे। जड्सन एउटा असल अगुवा भएर काम गर्नुमा सिपालु हुनुहुन्थ्यो। भर पर्न सक्ने खालका केटाहरू र जवान मानिसहरूलाई साथमा लिएर उहाँले शिक्षा दिएर असल शिक्षक र सेवकको रूपमा तयार गर्नुहुन्थ्यो।

सन् १८३२ को प्रतिवेदनमा उहाँले एक सय त्रिचालिस वटा बप्तिस्मा

दिएको विवरण दिनुभएको छ: रङ्गुनमा तीन जना, मौलमेनमा सत्तरी जना, टावइमा सतसट्ठी जना र मेरगुइमा तीन जना। अहिले उहाँ आएदेखि बप्तिस्मा पाएकाहरूको सङ्ख्या जम्मा पाँच सय सोह्र भयो।

तर अहिले जड्सनको लामो समयको एकलोपनाको अन्त हुने समय आयो। सन् १८३४ अप्रिल १० तारिख उहाँको दैनिकीमा हामीले यो विवरण पाउँदछौँ:

"सन् १८०३ नोभेम्बर ४ तारिख श्रीमान् रल्फ र अबिया ओ. हलकी जेठी छोरीको रूपमा अल्स्टेड न्यु ह्याम्सयरमा जन्मेकी श्रीमती सारा ह्याचको बोर्डम्यानसँग विवाह भयो – जो सन् १८२५ जुलाई ४ तारिख जर्ज डाना बोर्डम्यानसँग विवाह गर्नुभएको थियो, – सन् १८२८ अगस्ट १८ तारिख जर्ज डि बोर्डम्यान भन्ने छोरो जन्मेका थिए, र सन् १८३१ फेब्रुअरी ११ तारिख विधवा बन्नुभयो।"

आठ वर्षको एकलोपन पछाडि छयालीस वर्षको उमेरमा उहाँले श्रीमती सारालाई विवाह गर्नुभयो। उहाँले तीन वर्ष करेनहरूको बिचमा विधवा भएपछि पनि साहससहित काम गर्नुभएको थियो, र उहाँको आफ्नो भलाइ र छोरोको भलाइको लागि घर फर्किनू भनी साथीहरूले गर्दै आएको अनुरोधलाई सधैँ इन्कार गर्दै आउनुभयो। तीन वर्षसम्म यो सुन्दर निडर स्त्रीले आफ्नो श्रीमान्‌को कामलाई निरन्तरता दिँदै आउनुभयो। उहाँ टावइ मिसनको एउटा मुख्य मार्ग-निर्देशकको रूपमा रहँदै आउनुभएको थियो। आफूकहाँ आउने करेन जातिका मानिसहरूलाई सभ्यता र जीवनको बाटो सिकाउनुहुन्थ्यो। उहाँले करेनहरूको बिचमा सञ्चालन गरेका विद्यालयहरूलाई यति कुशलता र सक्षमतासहित चलाउनुभयो, कि पछिको समयमा त्यो प्रान्तभरि विद्यालयहरू सञ्चालन गर्नको लागि बेलायत सरकारबाट रकम प्राप्त हुँदा त्यसमा खुला रूपमा तोकेर आयो, कि "श्रीमती सारा बोर्डम्यानले टावइमा विद्यालय सञ्चालन गरेको त्यही तरिकाले विद्यालयहरू सञ्चालन हुनुपर्छ।" उहाँले करेनहरूको बस्ती भएको जङ्गलहरूमा लामो मिसनरी यात्राहरू पनि गर्नुभयो। आफूसित आउने समूहले

आफ्नो छोरालाई बोकेर ल्याइरहेको हुँदा उहाँ पहाडहरूमा चढ्नुभयो, सिमसार र नदीहरूलाई तर्नुभयो, र जङ्गलहरूलाई पार गर्नुभयो। यसरी साहसको साथ आफू आफ्नो श्रीमान्‌लाई गुमाएको अवस्थामा हुँदा पनि कठिनाइपूर्ण सेवामा लागि रहनुभयो।

जड्सन र साराको बिचमा विवाह भएको केही समयभित्र नै उहाँहरू छ वर्षको छोरा जर्जबाट छुटिन बाध्य हुनुभयो। एसियाको मौसममा हुर्किनु गोरो बच्चाहरूलाई अति गम्भीर कुरा थियो। यदि कतै त्यसरी हुर्के तापनि तिनीहरूको मन र शरीर कमजोर हुन्थ्यो। यसैले उनीहरूलाई स्वदेश पठाउनु मिसनरीहरूको लागि बाध्यता नै थियो। हरेक मिसनरीको लागि यो एउटा गहिरो पीडाको रूपमा हुन्थ्यो। छोरोबाट छुटिने दिन श्रीमती सारालाई अति नै दुःखको दिन थियो, जो टावइमा उहाँको सबै दुःखमा साथमा थिए।

मौलमेनमा हुँदा जड्सनले बर्मी भाषामा बाइबल अनुवाद गरी सिद्ध्याउनुभयो। यतिखेर उहाँको विवाहको समय थियो, र बर्मी बाइबलको पहिलो खेस्रा तयार भएको थियो।

उहाँ व्यक्तिगत रूपमा सुसमाचार सुनाउन अति इच्छुक हुनु भए तापनि बर्मामा इसाइत्वको स्थायी स्थापनाको लागि धर्मशास्त्र अनुवाद गर्नु अत्यावश्यक थियो, र त्यसले गर्ने कामलाई अरू कुनै मानिसले गर्न सकिँदैन। यसैले आफ्नो प्रचार, शिक्षा, कैद र जङ्गलका यात्राहरूको बिचमा रङ्‌गुनमा बुङ्गलमा बसेर र मौलमेनमा मिसन घरसँग जोडिएको सानो कोठामा लामो समय बिताएर आफ्नो यो अनुवादको विशाल कामलाई गर्दै आएको उहाँले अन्तमा सन् १८३४ जनवरी ३१ तारिख यसरी लेख्नुभयो:

"परमेश्वरलाई धन्यवाद होस्, अब मैले भन्न सक्छु कि काम सिद्ध्याएँ। अन्तिम पानालाई हातमा बोकेर उहाँको अगाडि घुँडा टेकेँ र यो भागको सेवामा गरिएको मेरो परिश्रमलाई अशुद्ध पारेको सबै पापको क्षमाको लागि बिन्ती गरेँ, र यो काममा रहेका भूलहरू र त्रुटिहरूलाई हटाउनको लागि गरिने भविष्यका प्रयासहरूमा उहाँको सहायता मागेँ, मैले यसलाई उहाँको

करुणा र दयामा समर्पण गरेँ; उहाँको महिमाको लागि मैले यसलाई अर्पण गरेँ। सिङ्गो बर्मालाई महान् परमेश्वर र उद्धारकर्ता येशू ख्रीष्टलाई प्रशंसा गर्ने भजनले भर्न प्रयोग हुने उहाँको आफ्नै प्रेरणाबाट भएको वचनलाई, जुन अहिले बर्मी भाषामा सिद्ध भएको छ, महान् हतियारको रूपमा उहाँ आफैले बनाऊन्। आमेन।"

ध्यानसित बाइबललाई अनुवाद गर्ने काम एउटा महान् काम थियो, र त्यसलाई संशोधन गर्नु अझ बोझिलो काम थियो। संशोधन गर्नको लागि सात वर्ष लाग्यो। एउटा कुरालाई सुधार्न मिल्ने सम्भावना देखेसम्म त्यसलाई नसुधारीकन नछोड्ने एउटा अनौठो स्वभाव जड्सनमा थियो। उहाँले आफ्नै शब्दहरूले बताएको उहाँलाई सताउने पापचाहिँ 'कामलाई सिद्ध्याउने अभिलाषा', र सन् १८४० अक्टोबर महिनासम्म उहाँले तल दिएका शब्दहरूलाई भन्न सक्नुभएको थिएन:

"अक्टोबर २४ तारिख, संशोधित बर्मी बाइबलको अन्तिम पानालाई छपाइको लागि दिने ठुलो आनन्दलाई अनुभव गर्ने मौका मैले पाएँ।"

जड्सनले आफ्नो कामको स्तरको बारेमा कुरा गर्दा कामलाई गुणस्तरीय बनाउनु नै आफ्नो चाहना थियो भनी विनम्रतासहित व्यक्त गर्नुहुन्छ, तर त्यसको बारेमा अध्यक्ष फ्रान्सिस वेल्याण्डले बताउँदा यसरी भन्नुभयो, "निपुण परीक्षकहरूले भन्नुहुन्छ, कि डा. जड्सनको धर्मशास्त्र अनुवाद एउटा अति निपुण काम थियो, जुन अहिलेसम्म भारतमा पनि देखा परेको छैन..."

जड्सनको पारिवारिक जीवनलाई हामी ध्यान दिन गइरहेका छौँ। उहाँ एउटा नरम स्वभावको श्रीमान् र बुवा हुनुहुन्थ्यो। उहाँको जीवनको केही महत्त्वपूर्ण लक्ष्यहरू पूरा भएको हुँदा र उहाँको स्वास्थ्य पनि कमजोर हुँदै गएको हुँदा विश्राम नपाएको उहाँको आत्मा विश्रामको लागि पारिवारिक जीवनतिर फर्क्यो। सन् १८३५ अक्टोबर ३१ तारिख उहाँको हृदय एउटी छोरी जन्मेकोले आनन्दित भयो, जसको नाम उहाँले एब्बी एन भनी राख्नुभयो। आफ्नी प्रिय बहिनी, जसबाट उहाँ धेरै वर्ष अगाडि छुटिनुभयो,

र उहाँकी पहिलो श्रीमती, जसलाई उहाँले एमहर्स्टमा विश्राम लिन छोड्नुभयो, उहाँहरूको नामलाई जोडेर राख्नुभयो।

सन् १८३७ अप्रिल ७ तारिख एउटा छोरा पनि जन्मियो, जसको नाम अडनैरम ब्राउन जड्सन भनी राख्नुभयो, र त्यसपछि चाँडै नै उनको भाइ एलनेइथन पनि जन्मिए। जड्सनको यो पारिवारिक जीवनको विश्राममा उहाँले आफ्नो जीवनको महत्त्वपूर्ण उद्देश्यलाई बिर्सनुभएन। छोरा जन्मेको केही हप्ताहरूपछि उहाँले यसरी लेख्नुभयो:

"मेरा दिनहरू प्रायः यस प्रकारले बित्छन्: बिहान बर्मी बाइबल पढ्नुमा; मध्याह्नका समयहरू पौवामा सहायकहरूसँग सोधपुछ गर्न आउनेहरूलाई प्रचार गर्नुमा; अपराह्नको समय छपाइको लागि केही कुराहरूलाई तयार गर्नु, संशोधन गर्नु र सुधार्नुमा; बेलुकीको समय स्थानीय सङ्गति घरमा सेवा सञ्चालन गर्दै र सहायकहरू अथवा स्थानीय इसाईहरू अथवा बुझ्न आउनेहरूसँग बातचित गर्नुमा बित्छ।"

उहाँ बर्मामा पच्चीस वर्ष बिताइसक्दा उहाँको उमेर पचास हुँदा उहाँको शरीर कमजोर हुन थाल्यो। उहाँको फोक्सो रोगले ग्रस्त भएकोले उहाँले आफ्नो स्वरलाई गुमाउनुभयो, र अति ठुलो पीडा पनि सहनुपर्ने भयो। कोलकातासम्मको एउटा छोटो यात्राले उहाँको स्वास्थ्यमा सुधार ल्याउन सक्छ भन्ने विचारले सन् १८३९ फेब्रुअरी १९ तारिख उहाँ कोलकाता जानुभयो, र त्यहाँ श्रीरामपुरमा पनि केही समय बिताएर बेलायतका ब्याप्टिस्ट मिसनरीहरूसँग एउटा आशिष्मय समय बिताएपछि मौलमेन फर्किनुभयो, र उहाँको स्वास्थ्यमा अलिकति सुधार भएको थियो।

त्यही साल अर्को एउटा छोरो पनि उहाँहरूको परिवारमा जन्मियो, जसको नाम हेन्री राखे। त्यत्ति नै खेर श्रीमती साराको स्वास्थ्य बिग्रियो, र बच्चाहरू सबै पनि बिरामी थिए। यसैले परिवारलाई बचाउनको लागि फेरि एक चोटि समुद्री यात्रामा जानुपर्ने आवश्यकता देखियो। जड्सन इच्छा नहुँदा पनि आफ्नी श्रीमती र चार जना बच्चाहरू लिएर यात्रामा जान बाध्य हुनुभयो।

यात्रा एक ठाउँमा अति नै जोखिम भएर जहाज फुटेर नष्ट हुने सम्भावना देखिएको थियो, तर श्रीमती साराले भनेअनुसार समयमा परमेश्वरले नाश हुनुबाट बचाउनुभयो।

उहाँहरू श्रीरामपुरमा आएर एउटा घरलाई भाडामा लिएर बस्नुभयो, तर बङ्गालको गर्मी मौसममा आउने बित्तिकै उहाँहरू सबै फेरि बिरामी हुनुभयो। अब के गर्ने? उहाँहरूले एउटा भक्ति गर्ने स्कटल्यान्डको कप्तानलाई कोलकातामा भेट्नुभयो, जसको जहाज मौरिसस गएर त्यहाँबाट मौलमेन जाने यात्रामा थियो। उहाँले जड्सनको परिवारलाई आफूसँग जाने अनुरोध गर्नुभयो र सिधै मौलमेन जान लाग्ने भाडा तिर्दा हुन्छ भन्नुभयो। जड्सनले कप्तानको निमन्त्रणालाई स्विकार्नुभयो र तीस वर्षभन्दा अगाडि आफूले छोडेको टापुतिर जाने निर्णय गर्नुभयो, तर उहाँहरू श्रीरामपुरबाट यात्रा सुरु गर्नुभन्दा अगि उहाँहरूको कान्छो छोरा हेन्रीलाई एक वर्ष सात महिनाको उमेरमा त्यहीँ नै गाड्न बाध्य हुनुभयो।

हेन्रीको नयाँ बनाएको चिहानबाट बिदा लिएर जड्सन र उहाँकी श्रीमती रोगी बच्चाहरूसहित रेम्से भन्ने जहाजमा यात्रा सुरु गर्नुभयो।

यात्रा कठिनाइपूर्ण भए तापनि उहाँहरूको लागि त्यो फाइदापूर्वक भयो। मौरिससमा रहेको पोर्ट लुइसमा एक महिना बिताएपछि उहाँहरू मौलमेन फर्किनुभयो र डिसेम्बर १० तारिख मौलमेनमा आइपुग्नुभयो, र उहाँहरू सबैको स्वास्थ्य असल तरिकाले सुध्रिएको थियो। साथै कप्तानले ख्रीष्टको सेवक भएको जड्सनलाई केही सहयोग गर्न पाउनु एउटा आशिष्को कुरा हो भनी बताएर जहाजको भाडा लिन मान्नुभएन।

मौलमेनमा आइसकेपछि उहाँहरूको परिवारमा अर्को एउटा छोरा पनि जन्मियो, जसको नाम पनि हेन्री नै राखे। यत्ति नै खेर जड्सनले त्रियासी वर्षकी आमा बितेको खबर पनि सुन्नुभयो। अहिले उहाँकी बहिनी मात्र जीवित हुनुहुन्छ।

## अध्याय - ११

# अमेरिकाको भ्रमण

## (सन् १८४५ – १८४६)

जड्सनले आफ्नो स्वदेश छोडेको तेत्तीस वर्ष भइसकेको थियो। धेरै दुःख, कष्ट र पीडालाई उहाँले सामना गर्दै आउनुभयो, यी सबैको बिचमा पनि आफ्नो स्वदेश फर्कन बारम्बार अनुरोध भए तापनि उहाँले इन्कार गर्दै आउनुभएको थियो। तर  अन्तमा दुई जना बच्चाहरूको जन्म पछि श्रीमती साराको स्वास्थ्य बिग्रँदै गयो, यसैले स्वदेश जानु अनिवार्य देखियो।

सन् १८४५ अप्रिल २६ तारिख जड्सन र साराले उहाँहरूकी छोरी एब्बी र दुई जना छोराहरू अडनैरम र एल नेइथनको साथ बेलायततिर जाने जहाजमा यात्रा सुरु गरे। उहाँहरूको तीन जना सानो उमेरका बच्चाहरू हेन्री, चार्ल्स र एड्वर्डलाई, जसको उमेर चार वर्ष, डेढ वर्ष र छ महिना थियो, त्यहाँका मिसनरीहरूको वास्तामा मौलमेनमै छोडेका थिए। मौरिससको पोर्ट लुइसमा आइपुग्दा श्रीमती साराको स्वास्थ्यमा सुधार देखियो, यसैले श्रीमती र बच्चाहरूलाई अमेरिकातिर पठाएर आफू मौलमेनतिर फर्किने निर्णय जड्सनले गर्नुभयो। तेत्तीस वर्षपछि स्वदेश फर्किने मौकालाई पनि उहाँले गुमाउन तयार हुनुभएको थियो। सुध्रिएको जस्तै देखिएको श्रीमती साराको स्वास्थ्य फेरि अचानक बिग्रिन थाल्यो, यसैले जड्सन साथमा जान बाध्य हुनुभयो। उहाँहरू सेइन्ट हेलेना टापुमा आइपुग्दा अगस्ट १ तारिख बिहान तीन बजे श्रीमती साराले आफ्नो अन्तिम सास फेर्नुभयो, र परमप्रभुको आनन्दमा प्रवेश गर्नुभयो। त्यही दिन दिउँसो  उहाँलाई आफ्नो स्वदेशबाट टाढा र भक्तिसाथ जुन देशको लागि जीवन अर्पण गर्नुभएको थियो त्यो देशबाट पनि धेरै टाढा त्यही टापुमा गाडे, र अब जड्सनले आफ्ना तीन जना बच्चाहरूसहित समुद्री यात्रालाई अगाडि बढाउनुभयो।

सन् १८४५ अक्टोबर १५ तारिख जड्सन आफ्ना तीन जना

बच्चाहरूसहित बास्टनमा आइपुग्नुभयो। जहाज बास्टनमा आइपुग्नुभन्दा अगि आफ्नो ठाउँबाट धेरै वर्षहरू परदेशमा रहेको जड्सनको लागि ओर्लेपछि सहरमा कहाँ बस्नु भन्ने कुरा एउटा ठुलो चिन्ताको कुरा थियो। सहरको हरेक घरको ढोका उहाँको लागि खुला हुनेछ, र उहाँ एक सहरदेखि अर्को सहर जानु एउटा विजयीजुलूस बराबर हुनेछ भनी उहाँले कल्पना पनि गर्नुभएको थिएन। त्यस्तो प्रकारको एउटा आनन्दको स्वागतको लागि उहाँ तयार हुनुभएको थिएन। उहाँको स्वास्थ्य अति नाजुक अवस्थामा थियो, र उहाँको फोक्सोको समस्याले उहाँ ठुलो स्वरले बोल्न सक्नुहुन्न थियो, र खासखुस गरेजस्तै मात्र कुरा गर्न सक्नुहुन्थ्यो। धेरै वर्षहरू अन्य भाषामा बोलेकाले अङ्ग्रेजी भाषामा वाक्य बनाउनु उहाँको लागि अति नै कठिनाइपूर्ण काम थियो। उहाँले सभाहरूमा बोल्दा अरूको सहायताविना बोल्न सक्नुहुन्न थियो। एउटा सभामा उहाँलाई कुशलतासित प्रशंसा गर्दा त्यहाँ उपस्थित भएको एक जनाले त्यहाँ बसिरहेका जड्सनको अवस्थाको बारेमा पछि यसो भन्नुभएको थियो, “उहाँको शिर झुक्दै झुक्दै गएर अन्तमा उहाँको छातीलाई छोएको जस्तै देखिन्थ्यो।” जड्सनले मिसन बोर्डको सचिवलाई यसरी लेख्नुभयो: “यो पत्र लेख्नुको मेरो मुख्य उद्देश्यचाहिँ यस्ता प्रकारका सभाहरूबाट म अलि स्वस्थ हुने बेलासम्म छुट्टी पाउन सकियोस् भनी अनुरोध गर्नको लागि नै हो। म बास्टनमा भोलि पनि बस्छु, र मेरा व्यक्तिगत कामहरूको लागि मलाई दुई तीन दिन समय चाहिन्छ। आउने शुक्रवार अथवा शनिवार वोर्सेस्टर जाने विचार गर्दै छु, र मेरो आत्माको ताजापनको लागि र शरीरको विश्रामको लागि पनि आउने विश्राम दिनलाई एकान्तमा कुनै कोठामा बिताउन पाउँछु भने त्यसलाई म ठुलो आशिष् ठान्नेछु।”

उहाँ आफ्नो देशमा हुँदा त्योचाहिँ एउटा अनौठो ठाउँजस्तै उहाँलाई लाग्न पुग्यो। उहाँ बर्मामा बसेको बेलामा अमेरिकामा रेल–गाडीहरू गुड्न थालिसकेका थिए। देशको सबै क्षेत्रमा उहाँले भिन्नता देख्नुभयो।

उहाँ धेरैपल्ट साजा सभाहरूमा आफ्नो जीवनको साहसपूर्ण घटनाहरूको बारेमा सुन्न आएकाहरूलाई त्यसको बारेमा सुनाउन इन्कार गरेर पुरानो क्रूसको घटनाहरू सुनाउनुभयो।

उहाँ आएको दोस्रो दिनमा बास्टनमा एउटा सभाको आयोजना भएको थियो। सभामा उहाँलाई स्वागत गरेर उहाँको कामलाई अति नै प्रशंसा गरेर आदर र सम्मान व्यक्त गरेर डा. हेगले बोल्नुभयो। त्यसपछि उठेको जड्सनले आफ्नो सानो स्वरमा डा. हेगको अनुवादको सहायताले यसरी उत्तर दिनुभयो:

"तपाईंहरूको उदार चित्तको भेटीको पेन्सनवाल म आज यो बेलुकी परमप्रभुको करुणाद्वारा तपाईंहरूको बिचमा उभिन पाएको छु। म तपाईंहरूको सहानुभूति र सहायताको लागि धन्यवाद दिन चाहन्छु, र परमेश्वरको आशिष् तपाईंहरूमाथि रहन प्रार्थना गर्छु। जे जति बर्मामा गरिएको छ ती सबै मण्डलीहरूद्वारा गरिएको हो, र जसको माध्यम अयोग्य पात्रहरू भएको म र मेरा सहकर्मीहरू भएका छौँ। यो सभाको बिचमा मेरो स्वरलाई उचालेर मेरा भावनाहरूलाई स्वतन्त्र रूपमा व्यक्त गर्न नपाउनु मेरो जीवनको एउटा कठोर परीक्षा हो, तर बारम्बार मेरो जीवनमा आएका परीक्षाहरूले त्यो म सही तरिकाले गर्न सक्दिनँ भन्ने कुरालाई पक्का गरे। र मेरा परिस्थितिहरूद्वारा पनि म बाँधिएको छु, कि अमेरिकामा पुग्ने बित्तिकै साजा सभाहरूमा बोल्नुहुँदैन भन्नुचाहिँ मृत्युको घडीमा मेरी श्रीमतीले मलाई गरेको अन्तिम बिन्ती थियो। एउटा कुरालाई मात्र थप्न चाहन्छु कि बर्मामा भएको मेरा भाइहरूको लागि, त्यहाँ हामीले स्थापना गरेको कमजोर मण्डलीको लागि र परमप्रभुको अनुग्रहको असल कामले पृथ्वीलाई उहाँको महिमाले ढाकुन्जेल निरन्तरता पाएको होस् भनी तपाईंहरूले प्रार्थना गरिदिनुहुन म आग्रह गर्न चाहन्छु।"

जड्सन बोलिसकेपछि डा. हेग फेरि पनि सभामा बोलिरहनुभएको थियो। अचानक एक जना मानिस भिडबाट अगाडि आएर सिधै पुलपिटमा गएर जड्सनलाई अङ्गालो मार्‍यो र दुई जनाले नै आनन्दको आँसु बगाउन थाले। अमेरिकन फरिन मिसन्स भन्ने विशाल योजनालाई ल्याएको बाइबल कलेजका विद्यार्थीहरूमध्येमा जड्सन बाहेक जीवित रहेको एक जना विद्यार्थी नै त्यो व्यक्ति हुनुहुन्थ्यो, जो शामुएल नट हुनुहुन्थ्यो। भारततिर पहिले यात्रा गरेका पाँच जनामध्ये उहाँ एक जना हुनुहुन्थ्यो, तर

अस्वस्थपनाले गर्दा उहाँ अमेरिका फर्किन बाध्य हुनुभयो, र अहिले तेत्तीस वर्षको बिछोड पछि आफ्नो साथीलाई भेट्ने मौका पाउनुभयो।

सन् १८४५ नोभेम्बर १९ तारिख जड्सनलाई सहयोग गर्दै आएको मिसनरी संस्थाले तीन वर्षमा एकपल्ट गरिने साजा सभाको आयोजना न्यु योर्क सहरमा गरियो। जड्सन त्यो ठाउँमा हुनुहुन्थ्यो, र जड्सनको बारेमा परिचय दिँदा अध्यक्ष डा. वेल्याण्डले येशू ख्रीष्टको मानिस भनी उहाँलाई सम्बोधन गर्नुभयो।

चिकित्सकले जड्सनलाई साजा सभाहरूमा बोल्नुहुँदैन भनी कडा रूपमा भन्नुभएको थियो, यसैले उहाँले धन्यवादका केही शब्दहरू मात्रै बोल्नुभयो। सभाहरू अगाडि बढ्दै जाने क्रममा आरकनमा भइरहेको मिसन सेवालाई बन्द गर्ने प्रस्ताव आयो। यो कुरालाई जड्सनको अगाडि ल्याउँदा उहाँले यसरी जवाफ दिनुभयो: "मेरो चिकित्सकले साजा सभामा मलाई बोल्नुहुँदैन भनी सल्लाह दिनुभएको हुँदा पनि मैले केही शब्दहरू भन्नु नै पर्छ। आरकन मिसनलाई त्याग्ने कुरालाई मैले विरोध गर्नै पर्छ।" यति बोलिसक्दा उहाँको आवाज नसुन्ने भयो। त्यसपछि डा. कोनेको सहायताले जड्सन अगाडि बढ्नुभयो: "यदि यो सभाले बर्मी भाषाको शब्दकोशको काम सिद्ध्याएपछि मेरो सेवाको आवश्यकता देख्दैन भने म तुरुन्तै आरकन जान्छु; अथवा यदि शब्दकोशलाई सिद्ध्याउन मलाई परमेश्वरले आयु दिनुभयो भने त्यसपछि म त्यहाँ जानेछु र परिश्रम गर्नेछु, र त्यहीँ मरेर त्यहीँ गाडिनेछु।" सानो स्वरले डा. कोनेको सहायताद्वारा बताएको यो टुटेका शब्दहरूले सभामा सहभागी भएकाहरूमा पारेको प्रभावलाई व्यक्त गर्नु असम्भव छ। आरकन मिसनले जीवन पायो।

जड्सन आफ्नी प्रिय श्रीमती एन जन्मेको सहरमा पुगेको हुँदा उहाँले बर्मामा छोडेर आएको कान्छो छोरा चार्लिको मृत्युको खबर सुन्नुभयो। सन् १८४६ जनवरीमा जड्सन डा. जिल्लेटको निमन्त्रणामा फिलाडेल्फिया जानुभयो। डा. जिल्लेटको घरमा जड्सन आउँदा त्यहाँ पाहुनाको रूपमा आउनुभएकी सुश्री एमिली चुब्बकलाई भेट्नुभयो।

सुश्री एमिली चुब्बक एउटा गरिब परिवारमा सन् १८१७ अगस्ट २३ तारिख जन्मेर हुर्किनुभएको थियो, र बाल्यकालको दुःखले कमजोर पनि हुनुहुन्थ्यो, तापनि पछिको समयमा अमेरिकामा एउटा प्रख्यात साहित्यकार बन्न पुग्नुभयो। साहित्यकलामा भएको कुशलताको साथसाथै भक्तिको जीवनप्रतिको उहाँको चासो पनि बढी नै थियो। उहाँको आमाबुवा भक्ति गर्ने व्यक्तिहरू थिए, र सानो उमेरदेखि नै धार्मिक प्रभाव उहाँमाथि पर्दै आएको थियो। उहाँ आठ वर्षकी हुँदा नै उद्धार पाउनुभएको थियो।

सानो उमेरदेखि नै श्रीमती एन ह्यासलटाइनको जीवनद्वारा गहिरो रूपमा प्रभावित भएकी सुश्री एमिली चुब्बकले जड्सनलाई डा. जिल्लेटको घरमा भेट्नु एउटा अनौठो संयोगवश भएको घटना हो। यो भेटघाटद्वारा उहाँहरूको बिचमा भएको परिचय त्यही सालको जुन २ तारिख उहाँहरूको विवाहको रूपमा परिणत भयो। यो विवाह न साहित्य समूहको अगाडि सुहाउँदो देखियो, न त धार्मिक समूहको अगाडि। साहित्य समूहले कुशल सुश्री एमिलीले वृद्ध मिसनरीसँग विवाह गरेर आफ्नो जीवनलाई खेर फाल्दै छिन् भनी ठाने; मिसन काममा रहेको महान् नैतिकता त्यो मिसनको स्थापक र काल्पनिक रचना लेख्ने साहित्यकारबिचको विवाहद्वारा जोखिममा पारियो भनी धार्मिक समूहले ठान्यो। यी विवादास्पद विचारहरूले जड्सनको मनमा खासै असर ल्याएन। उहाँले धेरै अगिदेखि नै स्वतन्त्र रूपमा सोच्न र काम गर्न सिकिसक्नुभएको थियो, त्यसो नभएको भए उहाँ एउटा मिसनरी बन्नुहुने थिएन होला।

उहाँहरूको विवाह भएर छ हप्तापछि सन् १८४६ जुलाई ११ तारिख उहाँहरूले बास्टनबाट बर्मातिर यात्रा सुरु गर्नुभयो। उहाँका दुई जना छोराहरूलाई उहाँले डा. न्युटनको परिवारको जिम्मामा छोड्नुभयो, र छोरी एब्बीलाई उहाँकी बहिनीको जिम्मामा छोड्नुभयो। उहाँका छोराछोरी र अन्य प्रिय मानिसहरूलाई जसबाट उहाँ छुट्दै हुनुहुन्छ, सायद फेरि संसारमा भेट्न पाउँदैन होला भनी उहाँलाई थाहा थियो। उहाँलाई बिदा दिनको लागि धेरै जना आएका थिए, त्यसमध्ये श्रीमती साराको छोरा अठार वर्षको जर्ज बोर्डम्यान पनि थिए।

## अध्याय - १२

# अन्तिम समयहरू

## (सन् १८४६ – १८५०)

चार महिनाको यात्रापछि नोभेम्बर ३० तारिख उहाँहरू मौलमेनमा आइपुग्नुभयो, र फेरि पनि अठार महिनाको बिछोडपछि आफ्नो साना छोराहरू हेन्री र एड्वर्डलाई अङ्गालो मार्न पाउनुभयो, यद्यपि चार्लिको सानो मुहार देखिएन।

उहाँ अमेरिकातिरको यात्रामा हुँदा मौलमेनको मिसन फस्टाएको भेटाउनुभयो। तर उहाँको उद्देश्य अझै पनि बर्माको भित्रीय भागहरूमा जानु नै थियो। रङ्गुनलाई उहाँले बिर्सनुभएको थिएन। बर्माको नयाँ राजा कठोर बुद्धिस्ट भएकाले ख्रीष्टिय धर्म प्रचारलाई कडा रूपमा विरोध गर्नुभयो। तर मौलमेनमा चाहिँदो सेवकहरू थिए, साथै शब्दकोशको कामलाई सिद्ध्याउन रङ्गुनमा रहनु असल हुन्छ, किनभने त्यहाँ उहाँले शिक्षित मानिसहरूलाई भेट्न पाउनुहुन्छ, र यहाँ नपाउने किताबहरू त्यहाँ पाइन्छ। यी सबैको साथ आवामा फेरि मिसन स्थल स्थापना गर्नु उहाँको तीव्र इच्छा थियो।

यी सबै कुराले गर्दा सन् १८४७ फेब्रुअरी १५ तारिख आफ्ना दुई छोराहरूलाई साथमा लिएर जड्सन र उहाँकी श्रीमती एमिली रङ्गुनतिर यात्रा सुरु गरे। रङ्गुनको घोर अन्धकारभित्र पस्नको लागि मौलमेनमा भएको झिसमिसे उज्यालोलाई त्याग्न उहाँहरूले स्वेच्छाले निर्णय गर्नुभयो, यद्यपि जड्सनले यसरी लेख्नुभयो, “बास्टन छोडेर मौलमेन जानुभन्दा मौलमेन छोडेर रङ्गुन जानु गाह्रो कुराजस्तो देखियो।”

रङ्गुनमा आएर उहाँहरूले एउटा घरलाई भाडामा लिनुभयो, जसको नाम श्रीमती एमिलीले चमेरो घर भनी राख्नुभयो, किनभने त्यो पूरै चमेरोले भरिएको थियो, साथै जेलखानाजस्तै देखियो भनी श्रीमती एमिलीले

भन्नुहुन्थ्यो। जड्सन लेख्नुहुन्छ: "हाम्रो आजको चमेरोको सिकार गजबको थियो – दुई सय पचास वटालाई सिद्ध्यायौँ, काम सिद्धिँदा एक हजारसम्म हुन पुग्छ होला।"

उहाँहरू भर्खरै आएर यहाँ बस्नुभएको थियो, र थोरै सामानहरूलाई मात्र यता ल्याउनुभएको थियो, बाँकी सबैलाई उहाँहरूले मौलमेनमै घरमा राख्नुभएको थियो। तर अहिले उहाँहरूले खबर सुन्नुभयो, कि उहाँहरूको सम्पूर्ण बहुमूल्य चिजहरू र भर्खरै अमेरिकाबाट फर्किंदा ल्याएको साथी–भाइहरूले दिएका सामग्रीहरू त्यो घरमा लागेको आगोले पूर्ण रूपमा नष्ट भयो। तर जड्सनले सन्तुष्ट रहनु भन्ने कुरालाई सिकिसक्नुभएको थियो।

रङ्गुनमा मिसन काम बर्मी सरकारद्वारा सुरुदेखि नै बाधा सहँदै आएको थियो। मौलमेनमा जसरी यहाँ मिसनरीहरू बेलायत सरकारको सुरक्षामा थिएनन्। उहाँहरू अहिले कठोर तानासाही शासनको जोखिममा हुनुहुन्थ्यो। नयाँ राजा विदेशीहरूप्रति मित्रताको स्वभाव भएको व्यक्ति भए तापनि कठोर बुद्धिस्ट भएकाले इसाइत्वलाई पूर्ण रूपमा विरोध गर्थे। रङ्गुनको उप–राज्यपाल पनि निर्दयी मानिस थिए, जसको घरको आँगनबाट दिनरात सताइएका मानिसहरूको चिच्याई सुनिन्थ्यो। सरकारले जड्सनलाई मिसनरीको रूपमा होइन तर त्यहाँ रहेका विदेशीहरूको लागि विदेशी धर्मको पुजारीको रूपमा मात्रै स्वीकार गरेको थियो।

मिसन कामहरूलाई अति रहस्यमय तरिकाले गर्नुपरेको थियो। ख्रीष्टलाई स्वीकार गर्नुले जेलखाना अथवा मृत्युलाई निम्त्याउँथ्यो। बेलायती सरकारप्रतिको डरले मात्रै यी निर्दयी मानिसहरूलाई मिसनरीबाट टाढा राखेको थियो। श्रीमती एमिली बिस्तारै भाषा सिक्दै हुनुहुन्थ्यो, त्यसको साथ श्रीमती साराको जीवनीलाई यहाँ रहने समयमा लेखिसिद्ध्याउनुभयो। जड्सनले आफ्नो शब्दकोशको कामलाई अगाडि बढाउनुभयो, साथै रहस्यमय रूपमा आराधना सेवा सञ्चालन गर्नुभयो, र सोधपुछ गर्न आउनेहरू रातको समयमा आउँथे।

रङ्गुनमा उहाँहरूको दुःखलाई रोगले झन् बढायो। परिवारका सदस्यहरू एक पछि अर्को गरेर अस्वस्थ हुनुभयो। पोसिलो खान्कीको अभावले उहाँहरूको परिस्थिति अझै कठिनाइपूर्ण भयो।

तर यी सबै प्रकारको निराश ल्याउने परिस्थितिहरू र दुःखको बिचमा पनि जड्सन निराश हुनुभएन। सरकारको असहनशीलता यति भीषण भयो, कि रङ्गुनमा रहनु आवा गएर राजाको निगाह प्राप्त नगरीकन सम्भव छैन भनी देख्न पुग्यो।

जड्सनको हृदय यो कुरामा अडिरह्यो। यो तरिकाले मात्र बर्मामा सुसमाचारको काम स्थापित हुन सक्छ भनी विश्वास गर्नुभयो, साथै बर्मी शब्दकोशको कामलाई सिद्ध्याउन राजधानीमा मात्र पाउने किताबहरू र शिक्षित मानिसहरूको सहायतालाई प्राप्त गर्न पनि उहाँले इच्छा गर्नुभयो। तर आर्थिक समस्याले गर्दा कामलाई विस्तार गर्ने योजनालाई संस्थाले रद्द गर्न पुग्दा आवा जानु मात्र होइन तर रङ्गुनबाटै फर्किन बाध्य हुनुभयो, जुनचाहिँ उहाँको लागि एउटा ठुलो निराशको कुरा थियो। झन्डै हृदय फुटेको अवस्थामा यो निडर अगुवा आफ्नो अन्तिम प्रयास पनि असफल हुँदा अमेरिकामा भएका आफ्ना दाजुभाइहरूको निर्णयलाई स्वीकार गरेर मौलमेन फर्किनुभयो।

दुई वर्षपछि मात्रै फेरि आवासम्म जाने अनुमति उहाँले संस्थाबाट पाउनुभयो, तर यो अनुमति धेरै ढिलो आयो। बर्माको भित्रीय भागहरूमा प्रवेश गर्ने अवसर गुमिसकेको थियो, र एक उत्कृष्ट बर्मी विद्वानको सहायता, जो एक समय आवामा पुजारी थिए, मौलमेनमै पाइसकेको थियो। यसरी रङ्गुनमा आधा वर्षको परिश्रम र पीडापछि जड्सनको परिवार सन् १८४७ सेप्टेम्बर ५ तारिख मौलमेनमा फर्कियो।

त्यही समय उहाँले मौलमेनको मिसन कामको निरीक्षण गर्ने जिम्मा लिनुभयो, र मिसन कामको लागि एउटा मार्गदर्शक र प्रेरणादायक बल बन्नुभयो। उहाँले हरेक हप्ता स्थानीय मण्डलीमा प्रचार गर्नुभयो। उहाँको

सहकर्मी श्रीमान् ह्यासवेल अस्वस्थपनाले घर फर्किनु पर्दा स्थानीय मण्डलीको जिम्मा पूरै उहाँमाथि पऱ्यो।

साहित्य र पास्टरीय सेवकाइको बिचमा सामाजिक र पारिवारिक कुराहरूको आनन्दले उहाँको बोझलाई हलुका तुल्यायो। अहिले उहाँ साठी वर्ष पुगिसकेको हुँदा पनि उहाँको हृदय जवान नै थियो। आफ्ना प्रिय बच्चाहरूसँग खेल्नुमा रमाउनुहुन्थ्यो। आत्मत्यागको जीवनमा उहाँले बाह्रमासे आनन्दको मूल भेटाउनुभएको थियो।

डा. वेल्याण्डले जड्सनको बारेमा यसरी विवरण दिनुभएको छ: "रूपको कुरा गर्नुपर्दा डा. जड्सन मध्यम उचाइको र दुब्लो हुनुहुन्थ्यो, तर असल बनावट भएको व्यक्ति हुनुहुन्थ्यो। उहाँको हिँडाइले उहाँलाई तीस वर्ष उमेर भएको व्यक्तिजस्तो देखाउँथ्यो, साठी वर्षको जस्तो होइन। अरूप्रतिको उहाँको व्यवहार उल्लेखनीय थियो, शान्त र नियन्त्रित; र उहाँको आचरण असल तरिकाले बनिएको थियो।"

उहाँको विशाल अनुभव र प्रेमिलो स्वभावले सहकर्मीहरूको लागि उहाँलाई बहुमूल्य सल्लाहकार र साथी बनाएको थियो। उहाँहरू समस्या र दुःखमा पर्दा उहाँका ओठहरूबाट सान्त्वना र सल्लाह अवश्य पाउँथे। उहाँको परिश्रम र अन्य कामहरूको ठुलो बोझले उहाँलाई अस्थिर स्वभावको र बिर्सिने बनाएन। आफ्नो छोराछोरीप्रतिको उहाँको प्रेम गहिरो र नरम थियो, र अमेरिकामा भएको आफ्ना तीन जना छोराछोरीलाई उहाँले लेखेका पत्रहरूमा र साथमा रहेका दुई जना छोराहरूप्रतिको उहाँको व्यवहारमा यो देखिन्छ।

सन् १८४७ डिसेम्बर २४ तारिख मौलमेनमा हुँदा उहाँहरूको परिवारमा छोरी जन्म्यो, जसको नाम उहाँहरूले एमिली फ्रान्सेस जड्सन राखे।

छोरी जन्मेको केही समयभित्र नै मिसनरीको बाटोमा काला बादलहरू देखा पर्न थाले। श्रीमती एमिलीको स्वास्थ्य कमजोर हुन थाल्यो, जुन कुराले

उहाँलाई दुःखित तुल्याउन थाल्यो, तर आफ्नी श्रीमती भन्दा पनि धेरै वर्ष अगि नै आफूले संसार छोड्नुपर्छ भन्ने कुरालाई कल्पना पनि गर्नुभएको थिएन। सन् १८४९ नोभेम्बर महिना उहाँलाई रोगले समात्यो। एक रात अस्वस्थ भएका बच्चाहरूको बारेमा आफ्नी श्रीमतीसँग कुरा गरिरहेको हुँदा उहाँलाई गम्भीर रूपमा रुघा लाग्यो, र धेरै खोक्न थाल्नुभयो, साथै ज्वरो पनि आयो। तीन चार दिनपछि उहाँलाई आउँ पऱ्यो, र यी सबैबाट निको हुनुभन्दा अगि उहाँलाई फेरि पनि गम्भीर रूपमा ज्वरो आयो, जसबाट उहाँ कहिल्यै निको हुनुभएन। समुद्री यात्राबाट विश्राम पाउँछ कि भनी एमहर्स्टतिर यात्रा गर्नुभयो, तर अझै उहाँको स्वास्थ्य नाजुक भयो, र आत्तुरीसित मौलमेनमा फर्किनुभयो। उहाँले संस्थालाई लेखेको अन्तिम पत्र यही नै थियो:

"मौलमेन, फेब्रुअरी २१, १८५०

"श्रीमान् सचिव ज्यू,

"मेरो प्रिय भाइ: कलम चलाउन नसक्ने अवस्थामा म छु, यसैले सिसा कलमले लेखेको छु; माफ गर्नुहोला। गएको नोभेम्बर महिनाको पछिल्ला समयहरूदेखि म ज्वरोले थला परेको छु, र यति धेरै पीडा बोकेँ कि भारतमा म कहिल्यै बिरामी थिइनँ भनी बारम्बार भनिरहेको थिएँ। परमेश्वरको अनुग्रहद्वारा मलाई लाग्छ, कि गएको दस दिनदेखि मेरो स्वास्थ्यमा सुधार हुँदै आइरहेको छ; तर चिकित्सक र मेरा सबै साथीहरूले यहाँबाट लामो समयको लागि अनुपस्थित हुने गरी म छिटो एउटा समुद्री यात्रा गर्नुपर्छ भनी भनिरहनुभएको छ। परमेश्वरले नै परिश्रमको बाटोमा डोऱ्याऊन्। मेरा हातहरू गलिसकेका छन्, यतिमै राख्न मलाई अनुमति दिनुहोला।

"तपाईंको प्रिय,

"ए. जड्सन"

अहिले उहाँको लागि अन्तिम आशा लामो समुद्री यात्रा नै थियो। समुद्री यात्रामा हुँदा उहाँले महसुस गर्ने आनन्दजस्तो आनन्दको महसुस अरू

कहिल्यै गर्नुहुन्न थियो। समुद्रको ताजा हावाले उहाँलाई बलियो बनाउन कहिल्यै असफल भएको थिएन। तर उहाँकी श्रीमती र बच्चाहरूलाई फेरि देख्ने सम्भावना थोरै मात्र छ भन्ने कुरा थाहा हुँदा उहाँहरूबाट छुटिनु उहाँको लागि अति कठोर परीक्षा थियो।

तर अरू कुनै उपाय पनि थिएन। मौलमेनबाट अप्रिल ३ तारिख छुटिन लागेको एउटा फ्रान्सेली जहाजमा मर्न लागेको मिसनरीलाई रोइरहेका उहाँका चेलाहरूले लगेर गए। मौलमेन मिसनबाट श्रीमान् रेनी मात्र साथमा हुनुहुन्थ्यो। नदी हुँदै समुद्रमा जाने यात्रामा धेरै ढिलाइहरू भयो, यसैले केही दिनहरू खेर गए। त्यही बेला बहुमूल्य जीवन तीव्र गतिमा झन् कमजोर हुँदै गयो। उहाँहरू ८ तारिख समुद्रमा पुग्नुभयो, तर चार दिनसम्म मौसम एकदमै विपरीत भयो। सन् १८५० अप्रिल १२ तारिख जड्सन परमप्रभुको उपस्थितिमा प्रवेश गर्नुभयो। उहाँको मृतक शरीरलाई त्यही दिन प्रार्थनाविना नै समुद्रमा अन्तिम संस्कार गरियो। उहाँकी श्रीमतीबाट छुटेको एक हप्ताभित्र नै उहाँले प्राण त्याग्नुभयो, तर चार महिनापछि मात्रै उहाँकी श्रीमतीले खबर पाउनुभयो। श्रीमान्बाट छुटेको तीन हप्तापछि अप्रिल २२ तारिख उहाँले एउटा छोरा जन्माउनुभएको थियो, जसको नाम चार्लस राख्नुभएको थियो। तर त्यही दिन त्यो सानो आत्मा संसारबाट बिदा लिएर स्वर्गलोकमा आफ्नो बुवाकहाँ पुग्यो।

## अध्याय १३

# मृत्युपछिको प्रभाव

जड्सनले बर्मेली भाषाको शब्दकोशलाई सिद्ध्याउन पाउनुभएन। उहाँले अङ्ग्रेजीदेखि बर्मेली भागलाई पूरा गर्नुभयो र बर्मेलीदेखि अङ्ग्रेजीको भागलाई पूर्ण रूपमा सिद्ध्याउनुभएको थिएन। मर्नुभन्दा केही दिनहरू अगि उहाँले व्यक्त गरेको इच्छाअनुसार नै श्रीमती एमिलीले उहाँले तयार गरेका कागजहरूलाई मिसनरी परिश्रममा उहाँको सहकर्मी भएको श्रीमान् स्टिवेन्सलाई पठाउनुभयो, जसले यो कामलाई सिद्ध्याउनुभयो।

जड्सनका सफलताहरू उहाँ जवान हुँदा गर्न चाहना गरेका कामहरूभन्दा धेरै माथि थिए। सुरुको समयमा उहाँ रङ्गुनमा हुँदा एउटा मानिस पनि उद्धार नपाएको अवस्थामा सिङ्गो बर्मामा सुसमाचार सुनाउने इच्छा उहाँमा जागिँदा उहाँको लक्ष्यचाहिँ आफ्नो मृत्युभन्दा अगाडि सय जना स्थानीय विश्वासीहरू भएको मण्डली स्थापना गर्नु, र पूर्ण बाइबल धर्मशास्त्रलाई उहाँहरूको भाषामा अनुवाद गर्नु मात्र थियो। यतिखेर यो जवान मिसनरीलाई उहाँको घरतिरको इसाईहरूले बिर्सेका थिए, अथवा उहाँप्रति दया मात्र व्यक्त गर्थे भन्दा हुन्छ। तर रङ्गुनमा बिताएका दस वर्ष, आवामा दुई वर्ष र मौलमेनमा बिताएका तेइस वर्षहरूमा त्योभन्दा धेरै कामहरू भयो। उहाँको मृत्यु हुँदा स्थानीय विश्वासीहरूको सङ्ख्या सात हजार पुगिसकेको थियो, त्यसको साथ सयौँ बर्मीहरूले आफ्नो विश्वासको खातिर आनन्दसाथ मृत्युलाई अङ्गालिसकेका थिए। उहाँले बाइबलको अनुवाद मात्र पूरा गर्नुभएन, तर बर्मी शब्दकोशको सङ्कलनको ठुलो र कठिन भाग भएको शब्द सङ्कलनको कामलाई पनि पूरा गर्नुभएको थियो। उहाँको मृत्यु हुँदा त्रिसठ्ठी वटा स्थानीय मण्डलीहरू बर्मीहरू र करेनहरूको बिचमा स्थापना भइसकेको थियो। यी मण्डलीहरू एक सय त्रिसठ्ठी जना मिसनरीहरू, स्थानीय पास्टरहरू र सहयोगीहरूको हेरचाहमा थिए। उहाँले बर्माको मुटुको गहिरो भागमा कुनै

पनि कुराले बगाउन नसक्ने गरी इसाइत्वको जग बसाल्नुभयो।

सबै ईश्वरीय कार्यहरू सुरुमा ढिलो हुन्छन्, तर बिजुलीको गतिमा सिद्ध हुन हतारिन्छन् भन्ने कुरालाई विचार गर्दै हेर्दा यी सफलताहरूले झन् हामीलाई चकित पार्छन्। वसन्त ऋतुको सासद्वारा जमिएको बरफ खुकुलो भएर फुट्नुभन्दा अगि धेरै लामो दिनहरू बितेर जान्छन्। तर अन्तमा पानी बग्न सुरु हुन्छ, र विशाल जमेको बरफका थुप्रोहरू फुटाइन्छ र तीव्र गतिमा समुद्रमा पुऱ्याइन्छ। स्याउ आफ्नो रूपमा आई पुग्नको लागि धेरै समय लाग्छ, तर पाक्नको लागि थोरै समय भए पुग्छ।

तर आरम्भको कठिन र अस्पष्ट समयहरूमा परिश्रम गर्ने जड्सन नै हुनुहुन्थ्यो, साथै किताबहरू नभएको र स्पष्ट विधिहरू नभएको धर्म मान्नेहरूको बिचमा होइन, तर अति बलियो तरिकाले स्थापित भएको विधिहरू र लेखहरू भएको धर्म मान्नेहरूको बिचमा मण्डली स्थापना गर्ने कामलाई जड्सनले लिनुभएको थियो।

यी सबै कुराहरूलाई ध्यानमा राखेर हेर्दा देखिने गरी जड्सनले छोडेर गएका परिणामहरू साँच्ची नै आश्चर्यपूर्ण छन्। तर यी सबै कुराहरू वास्तवमा उहाँले हासिल गरेका सफलताहरूको सानो अंश मात्र हो। तर उहाँ मरे तापनि अझै बोल्दै हुनुहुन्छ।

जड्सन र उहाँका सह–विद्यार्थी साथीहरूको सुरुको कार्यले अमेरिकन बोर्ड अफ कमिस्नरस फर फरिन मिसन्स भन्ने संस्था स्थापना हुन पुऱ्यायो। कंग्रिगेसनल सदस्यहरूबाट स्थापित भएको यो नै अमेरिकाको पहिलो वैदेशिक मिसन संस्था पनि भन्न सकिन्छ। सन् १८९२ मा यो मिसनले अफ्रिका, टर्की, भारत, चीन, जापान, माइक्रोनेसिया, हवाई टापुहरू, मेक्सिको, स्पेन र अस्ट्रेलियामा आफ्नो मिसन सेवा गरिरहेको थियो। यी देशहरूमा यो संस्थाको चार सय चवालिस वटा मण्डलीहरू, एकचालिस हजार पाँच सय बाइस जना विश्वासीहरू र तीन हजार दुई सय अन्ठान्नब्बे मिसनरी, स्थानीय पास्टर, शिक्षक र सहयोगीहरू थिए।

बप्तिस्मासम्बन्धी जड्सनको विचार परिवर्तनले ब्याप्टिस्ट मिसनरी सोसाइटी स्थापना गर्न पुऱ्यायो। सन् १८९३ मे १ तारिखको हिसाबअनुसार ७,६६,७८२ डलर भेटी अमेरिकामा भएका ब्याप्टिस्टहरूले त्योभन्दा अगिको एक वर्षभित्र मात्र सुसमाचारीय कामको लागि दिएका थिए। यो संस्थाले बर्मा, थाइल्यान्ड, भारत, चीन, जापान, अफ्रिका र युरोपीय देशहरूमा काम गरिरहेको छ। सन् १८९३ मा यी देशहरूमा यो संस्थामा पाँच सय एकतीस वटा मण्डलीहरू, एक लाख उनासी हजार मण्डलीका विश्वासीहरू, पचासी हजार छ सय चौरासी सन्डे स्कुलमा अध्ययन गरिसकेका बच्चाहरू र दुई हजार सत्तरी जना प्रचारकहरू थिए।

जड्सन आफ्नो देश छोडेर निस्केका केही वर्षहरूभित्र नै र यी दुई वटा संस्थाहरू स्थापना भइसकेपछि एपिस्कोपल मण्डलीहरू र मेथोडिस्ट मण्डलीहरू पनि वैदेशिक मिसनको लागि जुटे। लामो समयसम्म प्रेस्बिटेरियनहरू पनि कंग्रिगेसनल मण्डलीहरूको मिसन काममा मिलेर आफ्नो भेटी दिएर अगाडि बढिरहेका थिए, तर सन् १८३६ मा बोर्ड अफ फरिन मिसन्स अफ द प्रेस्बिटेरियन चर्च भन्ने छुट्टै संस्था स्थापना गरे, र सिरिया, इरान, जापान, चीन, थाइल्यान्ड, भारत, अफ्रिका, दक्षिण अमेरिका, मध्य अमेरिका र मेक्सिकोमा मिसन सेवा सञ्चालन गरे। यो संस्थाले दुई हजार दुई सय सत्तरी जना मिसनरीहरूलाई सहायता गरिरहेको थियो। सन् १८९३ मा एकतीस हजार तीन सय चौबिस जना विश्वासीहरू भएको तीन सय अन्ठान्नब्बे वटा मण्डलीहरू यो संस्थामार्फत स्थापित भएका थिए।

यी सबै जोसिला इसाई समाजहरू, जसलाई अमेरिकाको मिसन सेवाको दायित्वलाई बुझेका मण्डलीहरूले थामिरहेका थिए, आफ्नो विशाल मिसनरी सेना र स्थानीय उद्धार पाएका मानिसहरूद्वारा हजारौँ स्थानहरूमा ईश्वरहीनताको विरोधमा लडिरहेका छन्, र यिनीहरूले आफ्नो आरम्भको बारेमा बताउन आउँदा श्रीमान् अडनैरम जड्सन भन्ने नामलाई उल्लेख गर्न कहिल्यै पनि छोड्दैनन्। उद्धार नपाएका मानिसहरूको मरुभूमिलाई हरियो तुल्याउने नदीहरूका मूलहरू फुट्ने कारणहरूमध्ये जड्सनको जीवन एउटा कारण बन्न पुग्यो।

अमेरिका भन्दा बाहिरका देशहरूमा जड्सनका साहसपूर्ण कामहरू र सतावटहरू सबै सम्प्रदायका मण्डलीहरूको लागि प्रेरणाको स्रोत बन्न पुग्यो।

तर वैदेशिक मिसन प्रयासहरूमा मात्र उहाँको प्रभावको महसुस भएन। अन्यजातिका मानिसहरूको बिचमा गरिने कामले आफ्नो देशमा रहेका इसाईहरूको बिचमा प्रभाव पार्छ, र त्यहाँ नजिक रहेको उद्धार नपाएका मानिसहरूको बिचमा उहाँहरूलाई काम गर्न लगाउँछ। मिसनको आत्मा एउटै हो, त्यो विदेशको भागहरूमा भए तापनि अथवा पश्चिमेली मरुभूमि भए तापनि, सहर भए तापनि अथवा गाउँ भए तापनि। अमेरिकाबाट मिसनरीको रूपमा गएकाहरूमध्ये जड्सनको प्रेरणा र तरिकाहरूप्रति ऋणी नभएकाहरू अति थोरै छन्। सन् १८८० मा सिरियामा सेवा गर्ने एउटा प्रख्यात मिसनरी डा. जेसफले, जो आफ्नो देशमा आएको बेलामा प्रेस्बिटेरियन मण्डलीहरूको साजा सभालाई सम्बोधन गरेर प्रेरणादायक प्रचार गरिसकेपछि यसो भनेर आफ्नो प्रचारलाई अन्त गर्नुभयो, कि आफू स्वर्गमा आइपुग्दा प्रेरित पावलपछि आफूले हात समात्न चाहेको पहिलो व्यक्ति श्रीमान् अडनैरम जड्सन भनी भन्नुभयो।

ख्रीष्टको सिद्धान्त भएको आत्मत्यागले पूर्ण भएको जीवन एउटा महान् शिक्षाको जीवन बन्छ नै। त्यस्तो प्रकारको जीवनलाई हेर्ने मानिस आफ्नो जीवनको स्वार्थीपना र आफूले पछ्याइरहेका तुच्छ कुराहरूलाई देख्ने गरी ऊ पक्कै बिउँझिन्छ। न्यु योर्क सहरको एउटा जवान मानिसले डा. वेल्याण्डले लेखेको "जड्सनको जीवनी" भन्ने किताबलाई पढिसक्दा त्यो किताबलाई कोठामा छोडेर आफ्नो घर पछाडिको हरियो चउरमा गएर आफ्नो जवान जीवनलाई प्रभुको सेवाको निम्ति अर्पण गरे।

अझै कति आत्माहरू यो जीवनद्वारा ख्रीष्टप्रति खिचिए होला! अझै कति जना आफ्नो स्वार्थीपनबाट निस्के होला। यस किताबलाई पढिरहेको कुनै जवान मानिसले उठेर गएर सम्पूर्ण ताजापन र बलसहित आफ्नो जीवनलाई परमेश्वरको वेदीमा अर्पण गरेको होस्, ताकि तिनी अन्यजातिहरू, राजाहरू र इस्राएलीहरूको बिचमा ख्रीष्टको नामको साक्षी दिने छानिएको पात्र


बनोस्।


आवामा जड्सनले भोगेका पीडाहरूले आजको दिनसम्म मिसन परिश्रमहरूलाई सतावट सामना गर्न तयार गर्न छोडेको छैन। त्यति बेलाका समयहरूमा ती सबै अनावश्यक र निष्फलको देखिए। उहाँ आफैले पनि ती सबैलाई पार गरेर आउँदा “हाम्रो आत्मिक सुधार र भविष्यको उपयोगिताको लागि आजको दिनसम्म त्यसलाई परमेश्वरले आशिष् दिनुभएको थिएन भने त्यसले मिसन काममा केही मूल्यवान् परिणाम ल्याउने खालको हुँदैन थियो भनी भन्नुपर्थ्यो” भनी बताउनुभयो। उन्नति दुःखको साथसाथ मात्रै हुनुपर्छ भन्नुचाहिँ परमेश्वरको नियम हो। विश्वमा आशिष् ल्याएका मानिसहरू त्यसबाट सताइएकाहरू नै हुन्। तिनीहरू अनादिदेखि नै क्रूसमा टाँगिए र आगोमा जलाइए। जड्सनका दुःखहरू उहाँको परिश्रम जतिकै नै आशिष्मय र फलदायी छन्। इसाइत्व आफ्नो मारिएका नायकहरूको चिहानबाट कहिल्यै पछि हट्दैन। हरेक घुँडाहरू टेकेर र हरेक जिब्रोले ख्रीष्टको नामलाई घोषणा नगरुन्जेल इसाईहरूको हृदयले यसरी परदेशमा, जङ्गलमा, मरुभूमिमा र समुद्रमा ख्रीष्टको लागि प्राण त्यागिएकाहरूको सम्झनाबाट प्रेरणा पाउन छोड्दैन।


अब तपाईं र मेरो कर्तव्य के होला? धेरैले हाम्रो लागि आफ्नो देश र परिवारलाई त्यागेर आए, र प्रभुको निम्ति साहसपूर्ण जीवन जिएर साक्षी भएर गए। अब हाम्रो पालो हो। ख्रीष्टको नाम प्रचार नगरिएका मरुभूमिहरूमा जीवनको नदीलाई फर्काउन परमेश्वरले तपाईं र मलाई बोलाउँदै हुनुहुन्छ। घुँडा टेकेर आफ्नो जीवनलाई वेदीमा अर्पण गर्नुहोला, त्यसलाई अझै महिमित रूपमा एक दिन पाउनुहुनेछ।


परमप्रभुले तपाईंलाई आशिष् दिनुभएको होस्।


# हाम्रा अन्य प्रकाशनहरू






























**किताबहरू चाहिएमा सम्पर्क गर्नुहोस् : तारा तामाङ्ग , फोन : 9841576587**

**Tabernacle of God Ministries**
Bahrabise, Sindhupalchok, Nepal
Website : www.togmission.com